
# विद्यालय शिक्षा क्षेत्रको योजना (२०८१/०८२-२०८५/०८६)

## बृन्दावन नगरपालिका, विश्रामपुर, रौतहट




**प्रकाशक**

**वृन्दावन नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**शिक्षा, यूवा तथा खेलकुद शखा**

**मधेश प्रदेश, नेपाल**

| | |
|---|---|
| प्रकाशक | बृन्दावन नगरपालिका, रौतहट |
| प्रकाशन प्रति | |
| सर्वाधिकार | प्रकाशकमा |
| मुद्रण | |
| प्रमाणित मिति | २०८२।०१।१७ गते |
| प्रकाशन मिति | २०८२।०२।२५ गते |

प्राविधिक सहयोगः ( युनिसेफ, सामि फिन्डल्याणड, युरोपिएन युनियन, पिपल प्रमोट सेन्टर, जनकपुर धाम, धनुषा )

# भूमिका

वि.स.२०७२ मा जारी नेपालको संविधान अनुसार संघीय गणतन्त्रात्मक राज्य व्यवस्था प्रारम्भ भई सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील छन् ।संविधानको मूल मर्मलाई सफलीभूत पार्न शिक्षा सम्बन्धी हकलाई निःशुल्क तथा अनिवार्य शिक्षा ऐन,२०७५ तथा यस सम्बन्धी नियमावली,२०७७ कार्यान्वयनमा छन् । अन्तर्राष्ट्रियस्तरमा गरेका राष्ट्रिय प्रतिबद्धता, सन्धि-सम्झौताले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गरेकोछ । बालबालिका सम्बन्धी ऐन,२०७५ ले बालबालिकाको शिक्षाको हकलाई थप सुनिश्चित गरेको छ । राष्ट्रिय शिक्षा नीति, दिगो विकास लक्ष्य, इन्चोन सम्मेलन,२०१५ ले जारी गरेका घोषणापत्र, नेपाल सरकारको दीर्घकालीन सोच सहितको सोह्रौं योजनामा समेत शिक्षालाई महत्वपूर्ण स्थान दिनु सकरात्मक पक्ष हो । नगरको सामाजिक-सांस्कृतिक सन्दर्भ, आर्थिक सन्दर्भ, जनसांख्यिकीय स्वरूप, शासकीय स्वरुप लगायत शिक्षाको समग्र अवस्थाका आधारमा योजना निर्माण गरी व्यवस्थित र योजनावद्ध ढंगले कार्य गरेमा मात्र शैक्षिक सुधारमा ठोस योगदान पुग्न सक्छ ।विद्यालयमा विद्यार्थी भर्ना भएर मात्रै गुणस्तरीय सिकाइ हुन सक्दैन यसलाई शिक्षकको क्षमता तथा उत्प्रेरणामा निरन्तर पेशागत सहयोग पद्धति विकास गर्न अहिलेको टड्कारो आवश्यकता हो । तीनै तहका सरकारहरूको समन्वय, अस्तित्व र सहकार्यबाट मात्र शिक्षा प्रणालीमा आमूल परिवर्तन गरी पहुँच, गुणस्तर र सहभागिता सुनिश्चित गर्न सकिन्छ ।

नगरमा सञ्चालन भएका सामुदायिक तथा संस्थागत विद्यालयहरु व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गरे मात्रै नगरको अपेक्षित उपलब्धि प्राप्त हुन्छ त्यसका लागि सही दिशाबोध गर्ने कार्य योजनाले गर्छ । योजनाले शैक्षिक क्षेत्रमा के के गर्ने ? कसरी गर्ने ? कहिले गर्ने ? क-कसले गर्ने ? जस्ता कार्यक्रम नगरको लक्ष्य, उद्देश्य,रणनीति, साधनस्रोत र नीति निर्धारण बजेट व्यवस्थापन जस्ता कार्यमा महत्वपूर्ण भूमिका खेल्न सक्तछ ।

गुणस्तरीय शिक्षाबाट देशका लागि आवश्यक पर्ने सक्षम, प्रतिस्पर्धी, समाज तथा मुलुक प्रत्युत्तरदायी जनशक्ति तयार गर्नुको साथै व्यक्तिको सर्वाङ्गीण विकासमा टेवा पुर्याउन र मुलुकको सर्वाङ्गीण विकासका लागि आवश्यक ज्ञान,सीप र अभिवृद्धि भएका जनशक्ति उत्पादन गर्नु आजको आवश्यकता हो । साथै शिक्षालाई उत्पादनमूलक बनाई शिक्षामा सबैको पहुँच स्थापित गर्नु राज्यको प्रमुख दायित्व हो । नेपालको संविधानले सबै नागरिकले शिक्षाको समान अवसर प्रदान गर्नु राज्यको दायित्व हुने व्यवस्था गरेको छ । यो दायित्व पुरा गर्नु तीनै तहका सरकारहरूको उत्तिकै महत्वपूर्ण भूमिका हुन्छ । नगरपालिकाको विशिष्ट परिवेश, आवश्यकतालाई सम्बोधन हुनेगरी विभिन्न नीति कार्यक्रम बन्ने गरेका छन् । नगरपालिकाको शिक्षाको कार्यदिशा तथा यस नगरपालिकाले प्राथमिकता निर्धारण गरी सोच, लक्ष्य, उद्देश्य कार्यनीति र उपलब्धि समेत समावेश गरी यो योजना निर्माण गरिएको छ । शिक्षाक्षेत्रमा देखिएका समस्या चुनौती र अवसरलाई सही ढंगले सम्बोधन गर्न यस योजनाले महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । यसमा सरोकारवालाको साथ, सहयोग र सकारात्मक सुझावको समेत अपेक्षा गर्दछु ।

बिनोद प्रसाद कुर्मी
नगर प्रमुख
बृन्दावन नगरपालिका

# भूमिका

बृन्दावन नगरपालिकाको शिक्षा योजना, २०८१/८२-२०८५/८६ लाई यहाँ प्रस्तुत गर्दा म अत्यन्तै गौरवान्वित र उत्साहित छु । यो योजना हाम्रो नगरको शैक्षिक विकासको दिशामा एक महत्त्वपूर्ण कोशे ढुंगा हो, जसले हाम्रा बालबालिका, युवा, तथा सम्पूर्ण नागरिकहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने हाम्रो संकल्पलाई प्रतिबिम्बित गर्दछ। वि.सं. २०७२ को संविधानले नेपाललाई संघीय गणतन्त्रात्मक राज्यको रूपमा स्थापित गरेको छ, जस अनुसार सङ्घ, प्रदेश, र स्थानीय तहका सरकारहरूले शिक्षा जस्ता मौलिक हकहरू प्रदान गर्ने जिम्मेवारी बनाएका छन् । यसैको अनुशरणमा बृन्दावन नगरपालिकाले शिक्षाको क्षेत्रमा निरन्तर प्रगति गर्ने र नागरिकहरूलाई समान शिक्षाको अवसर उपलब्ध गराउने दायित्व बोध गरेको छ। हाम्रो नगरपालिकाले शिक्षाको महत्त्वलाई प्राथमिकतामा राख्दै निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ र यससँग सम्बन्धित नियमावली, २०७७ लाई कार्यान्वयन गर्ने प्रयास गरिरहेको छ। साथै, अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता र सन्धि-सम्झौताहरूले बालबालिकाको शिक्षाको हकलाई सुनिश्चित गरेका छन्। बालबालिका सम्बन्धी ऐन, २०७५ ले पनि बालबालिकाको शिक्षाको अधिकारलाई थप मजबुत बनाएको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ दिगो विकास लक्ष्य (SDGs), इन्चोन सम्मेलन, २०१५ को घोषणापत्र, र नेपाल सरकारको सोह्रौं योजनाका लक्ष्यहरूलाई ध्यानमा राख्दै हामीले यो शिक्षा योजना तयार पारेकाछौँ । यसले नगरको सामाजिक-सांस्कृतिक सन्दर्भ, आर्थिक अवस्था, जनसांख्यिकीय स्वरूप, र शासकीय संरचनालाई समेट्दै शिक्षाको समग्र अवस्थाको आधारमा योजना निर्माण गरेको छ । यो योजनाले नगरपालिकाका विद्यालयहरूलाई व्यवस्थित र योजनाबद्ध ढंगले सञ्चालन गर्ने, शिक्षकहरूको क्षमता विकास गर्ने, र विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्ने दिशामा महत्त्वपूर्ण भूमिका खेल्नेछ । साथै, यसले शिक्षा क्षेत्रमा देखिएका समस्याहरूलाई सम्बोधन गर्ने, चुनौतीहरूलाई अवसरमा परिणत गर्ने र नगरपालिकाको शैक्षिक उपलब्धिहरूलाई अगाडि बढाउने काम गर्नेछ । हामीले यस योजनालाई सफल बनाउन तीनै तहका सरकारहरूको समन्वय, सहअस्तित्व र सहकार्यतामा विश्वास गर्छौं । यसले शिक्षा प्रणालीमा आमुल परिवर्तन ल्याउन, पहुँच, गुणस्तर, र सहभागिता सुनिश्चित गर्न, र देशका लागि आवश्यक सक्षम, प्रतिस्पर्धी, र जिम्मेवार नागरिकहरू तयार गर्न सहयोग पुर्याउने छ।

अन्तमा, यो योजना नगरपालिकाका सबै नागरिकहरू, शिक्षकहरू, विद्यार्थीहरू, अभिभावकज्युहरू र स्थानीय सरोकारवालाहरूको सहयोग र सहभागिता बिना सफल हुन सक्दैन । हामी सबैको संयुक्त प्रयासले बृन्दावन नगरपालिकालाई शिक्षाको क्षेत्रमा एक उदाहरणीय नगर बनाउन सक्ने विश्वास लिएर यो योजना सबै माझ प्रस्तुत गर्दछौँ । रचनात्मक सुझाव र कार्यान्वयनमा हातोमालोको अपेक्षा गर्दछु ।

धन्यवाद ।

..............................

खिमबहादुर भुजेल
प्रमुख प्रशासकीय अधिकृत
बृन्दावन नगरपालिका, रौतहट

## प्राक्कथन

शिक्षामा सबैको पहुँच गुणस्तरीय शिक्षाको सुनिश्चितता, प्रविधिमैत्री, समान सहभागिता , शिक्षामा लैंगिक तथा सामाजिक भेदभाव रहित अवसर प्रभावकारी ,शैक्षिक व्यवस्थापनका लागि स्थानीय तहमा शिक्षा क्षेत्रको योजना निर्माण गर्नुपर्ने आजको प्रमुख आवश्यकता हो । दिगो विकासका लागि अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा सम्बन्धी ऐन , शिक्षाका राष्ट्रिय लक्ष्य तथा अन्तराष्ट्रिय प्रतिबद्धता साकार पार्न स्थानीय तहमा सरोकारवालाहरुसँग मिलेर शिक्षालाई सर्वसुलभ र गुणस्तरीय वनाउने कार्यमा शिक्षा क्षेत्रको योजनाले महत्वपूर्ण योगदान पुर्याउँछ ।

बृन्दावन नगरपालिका तथा शिक्षा, युवा  तथा खेलकुद शाखाले यस क्षेत्रको शैक्षिक उन्नयनका लागि विभिन्न योजना तथा कार्यक्रमहरुद्वारा निरन्तर रुपमा आफ्नो भूमिकालाई अगाडि बढाएको छ । शिक्षा क्षेत्रको योजना तयारका लागि आर्थिक सहयोग गर्नुहुने   बृन्दावन नगरपालिका तथा प्राविधिक सहयोगको रुपमा सहयोग गर्ने शिक्षा विकाश तथा समन्वय इकाइ र युरोपियन युनिएन, यूनिसेफ नेपाल र  पिपलपर्मोट सेन्टर धनुषा लाई धन्यवाद व्यक्त गर्दछौ।

प्रस्तुत शिक्षा क्षेत्रको योजना यस आकारमा ल्याउन महत्वपूर्ण सहयोग गर्नुहुने शिक्षा क्षेत्रको योजना निर्माण प्राविधिक समिति तथा सामाजिक विकास समितिलाई धन्यवाद व्यक्त गर्दै समयमा महत्वपुर्ण सुझाव  प्रदान गरि  सहयोग पुर्याउनु  हुने नगर शिक्षा समिति, शिक्षक, अभिभावक तथा नागरिक समाज, विद्यार्थी र अभिभावकप्रति आभार प्रकट गर्दै आगामी दिनमा परिष्कृत गर्दै अगाडि बर्द्धनका लागि रचनात्मक सुझावको अपेक्षा गर्दछौ ।

धन्यवाद ।

..........................................

शिक्षा, युवा तथा खेलकुद शाखा,
बृन्दावन नगरपालिका, रौतहट

## बिषय सूची


**परिच्छेदः एक** 1

**परिचय** 1

**१.१.पृष्ठभुमी** 1

**१.२.बृन्दावन नगरपालिकाको समग्र सन्दर्भ** 1

**१.२.१ जनसांख्यकी, समाजिक र सांस्कृतिक परिदृश्य** 2

१.२.२ आर्थिक परिदृश्य 2

१.२.३ बतावरण तथा वनजंगल 3

**१.३. पालिकाको शैक्षिक सन्दर्भ** 3

१.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा 3

१.३.२ नीतिगत प्रबन्ध 4

१.३.३ नेपालमा शिक्षाको संरचना 4

१.३.४ बृन्दावन नगरपालिकाको शैक्षिक विवरण 5

१.३.५ शिक्षा क्षेत्रको योजना 7

१.३.६ दिगोविकासका लक्ष्य र बृन्दावन नगरपालिका 8

**१.४ बृन्दावन नगरपालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतिहरु** 8

**१.५. बृन्दावन नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरु** 9

**१.६. बृन्दावन नगरपालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया** 10

१.६.१.शिक्षा योजना निर्माणमा विभिन्न स्रोत / सामग्रीहरुको अध्ययन तथा समिक्षा 10

१.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था 11

१.६.२ योजनाको पहिलो मस्यौदा विकास 11

**परिच्छेदःदुई** 12

**दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य** 12

**२.१ परिचय** 12

**२.२ दूरदृष्टि** 12

**२.३ लक्ष्य** 12

**२.४ प्रमुख उद्देश्यहरु :** 12

**२.५. रणनीतिहरु :** 13

**२.६ अपेक्षित मुख्य उपलब्धि** 13

**२.७ मुख्य कार्यसम्पादक सूचक र लक्ष्य निर्धारण** 13

**परिच्छेदःतिन** 17

**विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु** 17

**३.परिचय** 17

**३.१.प्रारम्भिक बालविकास र शिक्षा** 17

३.१.१ परिचय 17

३.१.२.वर्तमानअवस्था 17

३.१.३ समस्या तथा चुनौतिहरु 18

३.१.४ उदेश्यहरु 18

३.१.५ रणनीति 18

३.१ .६ प्रमुख उपलब्धी तथा नतिजाहरु 19

३.१.६ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु 20

**३.२ आधारभूत शिक्षा** 22

३.२.१ परिचय 22
३.२.२ बर्तमानअवस्था 23
३.२.४ उदेश्यहरु 24
३.२.५ रणनीतिहरु 24
३.२.६ प्रमुख उपलब्धी र नतिजा 24
३.२.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य : 25
**३.३ माध्यमिक शिक्षा: 26**
३.३.१ परिचय: 26
३.३.२ वर्तमानअवस्था 27
३.३.३ समस्या तथा चुनौतिहरु 27
३.४.४ उद्देश्यहरू 28
३.४.५ रणनीतिहरू 28
३.४.६ प्रमुख उपलब्धि तथा नतिजाहरु 29
३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 30
**३.४ उच्चशिक्षा 31**
३.४.१ परिचय 31
३.४.२ वर्तमानअवस्था 31
३.४.३ चुनौतीहरुः 31
३.४.४. उद्देश्य 31
३.४.४ रणनीतिहरू 31
३.४.५ प्रमुख उपलब्धि र नतिजा 32
३.४.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 32
**३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम 32**
३.५.१ परिचय 32
३.५.२ वर्तमान अवस्था 33
३.५.३ उदेश्य 33
३.५.४. रणनीति 33
३.५.५ उपलब्धि,नतिजा, प्रमुख त्रियाकलाप तथा लक्ष्य 33
३.५.६ प्रमुख त्रियाकलाप तथा लक्ष्य 33
**३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ 34**
३.६ .१ परिचय 34
३.६.२ वर्तमान अवस्था 34
३.६.२ चुनौतीहरू 34
३.६.३ उद्देश्य 34
३.६.४ रणनीतिहरू 35
३.६.५ प्रमुख उपलब्धि तथा नतिजा 35
३.६.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 36
**परिच्छेदः चार 37**
**अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू 37**
**४.परिचय 37**
**४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन 37**
४.१.१ परिचय 37
४.१.२ वर्तमान अवस्था 38

४.१.३ चुनौतीहरुः 38
४.१.४ उद्देश्य 39
४.१.५ रणनीतिहरू 39
४.१.६ प्रमुख उपलब्धि तथा नतिजा, 40
क.)उपलब्धी 40
ख) नतिजा 40
४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य 41
**४.२ शिक्षक व्यवस्थापन तथा विकास 41**
४.२.१ परिचय : 41
४.२.२ बर्तमान अवस्था : 42
४.२.३ चुनौतीहरु 44
३.२.४ उद्देश्य 44
३.२.५ रणनीतिहरू 45
३.२.६ प्रमुख उपलब्धि तथा नतिजा 45
३.२.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 47
**४.३ शैक्षिक समता र समावेशीकरण 47**
४.२.१ परिचय 48
४.२.२ वर्तमान अवस्था 48
४.२.३ चुनौतीहरू 49
४.२.४ उद्देश्यहरू 49
४.२.५ रणनीतिहरू 49
४.२.६ प्रमुख उपलब्धि तथा नतिजा 49
**४.३ दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम 51**
४.३.१ परिचय 51
४.३.२ वर्तमान अवस्था 52
४.३.३ चुनौतीहरू 52
४.३.४ उद्देश्य 52
४.३.५ रणनीतिहरू 52
४.३.६ प्रमुख उपलब्धि तथा नतिजा 52
क) उपलब्धि 53
४.३.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य 53
**४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा 54**
४.५.१ परिचय 54
४.५.२ वर्तमान अवस्था 55
४.५.३ चुनौतीहरू : 55
४.५.४ उद्देश्यहरू 55
४.५.५ रणनीतिहरू 56
४.५.६ प्रमुख उपलब्धि तथा नतिजा 56
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास 57**
४.६.१ परिचय 57
४.६.२ वर्तमान अवस्था 57
४.६.३ चुनौतीहरू 58
४.६.४ उद्देश्य 58

४.६.५ रणनीतिहरू 58
४.६.५ प्रमुख उपलब्धि तथा नतिजा 58
**४.७ विद्यालय सूचना तथा संचार प्रबिधि** **60**
४.७.१ परिचय 60
४.७.२ वर्तमान अवस्था 60
४.७.३ चुनौतीहरू 60
४.७.४ उद्देश्यहरू 61
४.७.५ रणनीतिहरू 61
४.७.६ प्रमुख उपलब्धि तथा नतिजा 61
**परिच्छेद: पाच** **64**
**सुशासन तथा व्यवस्थापन** **64**
**५.१ परिचय** **64**
**५.२ संस्थागत संरचना र क्षमता विकास** **64**
५.२.१ परिचय 64
५.२.२ वर्तमान अवस्था 65
५.१.३ समस्याहरु र चुनौतिहरु 65
५.२.४ उद्देश्य 66
५.२.४ रणनीतिहरू 66
५.२.५ प्रमुख उपलब्धि तथा नतिजा 66
५.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य 67
**५.३ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध** **68**
५.३.१ परिचय 68
५.३.२ वर्तमान अवस्था 68
५.३.३ चुनौतीहरू 68
५.३.४ उद्देशयहरु 69
५.३.५ रणनीतिहरु 69
५.२.४ प्रमुख उपलब्धि तथा नतिजा, 70
५.२.५ प्रमुखक्रियाकलाप र लक्ष्य 70
**परिच्छेद: छ** **71**
**लगानी र स्रोत व्यवस्थापन** **71**
६.१ परिचय 71
६.२ वर्तमान अवस्था 71
६.३ चुनौतीहरू 71
६.४ उद्देश्य 72
६.५ रणनीतिहरू 72
६.६ प्रमुख उपलब्धि तथा नतिजा 73
६.६ प्रमुख क्रियाकलाप र लक्ष्य 74
**७. अनुगमन तथा मूल्याङ्कन** **79**
७.१ परिचय 79
७.२ वर्तमान अवस्था 79
७.३ चुनौतिहरु 80
७.४ उद्देश्य 80
७.५ रणनीतिहरू 80

५.४.५ प्रमुख उपलब्धि तथा नतिजा 80
७.६ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरु 81
**सन्दर्भ सामग्रीहरु** 82

## परिच्छेदः एक
## परिचय

### १.१.पृष्ठभुमी

नेपालको संविधान २०७२ र राष्ट्रिय शिक्षा नीति,२०७६ ले शिक्षामा पहुँच, गुणस्तर, सहभागिता, र समानता सुनिश्चित गर्ने लक्ष्य राखेको छ । यी उद्देश्यहरूलाई मूर्त रूप दिन संघीय सरकारले विद्यालय तहको शिक्षाको विकासका लागि**"विद्यालय शिक्षा क्षेत्र योजना"**लागू गरेको छ । यस योजनाले संघीय, प्रदेश, र स्थानीय सरकारबीच समन्वय गरी शिक्षालाई समावेशी, गुणस्तरीय, र पहुँचयोग्य बनाउन मार्गदर्शन प्रदान गरेको छ । नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत र माध्यमिक शिक्षा सञ्चालनको प्रमुख जिम्मेवारी स्थानीय तहलाई प्रत्यायोजन गरेको छ । यसले स्थानीय तहलाई शिक्षा नीतिको निर्माण, योजना तर्जुमा, र कार्यान्वयनको क्षेत्रमा सशक्त बनाएको छ । यसै परिप्रेक्ष्यमा, बृन्दावन नगरपालिकाले आफ्ना शैक्षिक आवश्यकता, प्राथमिकता, र स्थानीय विशेषताका आधारमा**"शिक्षा क्षेत्र योजना (Education Sector Plan - ESP)"**निर्माण गरेको छ।

यसरी निर्माण गरिएका योजनाहरूले शिक्षा सेवा वितरणलाई थप प्रभावकारी, दिगो र समावेशी बनाउने विश्वास गरिएको छ। पालिका स्तरमा शिक्षा क्षेत्रको योजना निर्माण र कार्यान्वयन गर्न संवैधानिक दायित्व, प्रावधान र आवश्यकताहरू पूरा गर्न आवश्यक छ । ज्ञान, विज्ञान तथा प्रविधिमा भएका परिवर्तनहरू आत्मसात् गर्दै सृजनशील र उपयोगी जनशक्ति विकासका लागि शिक्षाको समय सापेक्ष योगदान सुनिश्चित गर्न योजना आवश्यक छ ।

त्यसतै कोभिड१९- जस्ता तथा अन्य प्राकृतिक विपत्तिबाट शिक्षामा पर्ने सक्ने सम्भावित प्रभाव र त्यसबाट हुन सक्ने जोखिमलाई न्यूनीकरण र भविस्यमा हुने सक्ने त्यसता प्रकोप र जलवायु परिवर्तनले ल्याउन सक्ने जोखिमहरूलाई कम गर्न सक्षम उत्थानशील (Resilient) शिक्षा पद्धतिको विकास अपरिहार्य छ। यसैगरी बृन्दावन नगरपालिकाभित्र शिक्षाको पहुँच, गुणस्तर, सहभागिता, र समावेशीकरणलाई थप सुदृढ गर्दै शिक्षा क्षेत्रको लोकतान्त्रिकरण र सापेक्षित विकासका विषय वस्तुहरूलाई शिक्षा योजनामा समाहित  हुने गरि आगामी वि.स. २०८६  सम्मका लागि आवश्यक स्रोतको आंकलन गरी शिक्षा योजना तयार गर्ने प्रयास गरिएको छ ।

### १.२.बृन्दावन नगरपालिकाको समग्र सन्दर्भ


नेपालमा ऐतिहासिक रुपमा गणतन्त्रको स्थापना पछि अभ्यासमा आएको तिन तहको सरकार मध्येको स्थानीय सरकार बृन्दावन नगरपालिका पनि एक हो । नेपालको शासकीय स्वरुपको विभाजन अनुसार वि.स.२०७४ सालमा यस नगरपालिकाको स्थापना भएको हो । यो नगरपालिका मधेश प्रदेशको रौतहट जिल्लाको बृन्दावन नगरपालिका ९५.४० वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार जम्मा ६७५१ घरधुरि र ८२३७ परिवार संख्या रहेको छ । त्यसै गरि यस नगरपालिकामा जम्मा ४९७४२ जनसंख्या रहेको छ । यस पालिकाको उत्तरमा गुजरा र चन्द्रपुर  नगरपालिका, दक्षिणमा गरुडा र  पुर्वमा गढिमाइ नगरपालिका र बागमति नदि र पश्चिममा कटहरिया नगरपालिका रहेको छ । यो नगरपालिकालाई प्रशासनिक रुपमा ९ वटा वडाहरुमा विभाजन गरेको छ र साविकको विश्रामपुर, रमौली बैरिया, हर्दीया, गमहरिया विर्ता र सखुअवा धमौरा गा.वि. स .हरु समेटी यो नगरपालिकाको प्रशासनिक क्षेत्र निर्धारण गरेको छ । यो भौतिक रुपले २६.८४ अक्षांस र ८६७. देशान्तरमा रहेको छ ।  यहाँको हावापानी समशितोष्ण खालको छ भने उत्तरी भागमा सामान्य मौसम र दक्षिणी भेगमा गर्मी हुने गर्दछ । जनसांख्याकी हिसावले वि.स. २०७८ को जनगणना अनुसार यहा ५४.३ प्रतिशत साक्षर नागरीक रहेको छ भने ६३.६ प्रतिशत पूरुष र लागभग ४५ प्रतिशत महिला मात्र साक्षर रहेको छ ।


## १.२.१ जनसांख्यकी, समाजिक र सांस्कृतिक परिदृश्य

तालिका न. १ वडागत जनसंख्या विवरण

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ |
|---|---|---|---|---|---|---|---|---|---|
| पूरुष | ४२९२ | २८३१ | २७५१ | २४७२ | ९२१ | ३८४२ | ३५४४ | १९०० | २३४१ |
| महिला | ४२२४ | २८०१ | २५९६ | २४४३ | ८६१ | ३६१० | ३७१० | १९११ | २६९२ |
| जम्मा | ८५१६ | ५६३२ | ५३४७ | ४९१५ | १७८२ | ७४५२ | ७२५४ | ३८११ | ५०३३ |

माथिको तालिका अनुसार अन्य वडाहरु भन्दा यो  वडा न. १ मा जनसंख्याको चाप बढि रहेको छ र सव भन्दा कम वडा न. ५ मा रहेको छ।




यसतै यो नगरपालिकाको समाजिक पक्षको अर्को पाटो धर्म मन्ने जनसख्यालाई यसरी उल्लेख गर्न सकिन्छ ।

तालिका न.२ धर्म अनुसारको जनसंख्या विवरण

| धर्म अनुसारको जनसंख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| धर्म | हिन्दु | वौध | ईसलाम | किराँत | क्रिष्चियन | प्रकृती | बोन | जैन | बहाई | शिख |
| जम्मा | ३७७४३ | ३५६ | ११६२८ | ० | १४ | ० | १ | ० | ० | ० |
| पूरुष | १९१६९ | १६७ | ५५५० | ० | ८ | ० | ० | ० | ० | ० |
| महिला | १८५७४ | १८९ | ६०७८ | ० | ६ | ० | १ | ० | ० | ० |

यस नगरपालिकाका सबै वडाहरुमा सडक सञ्जालले जोडिएको छ बिरेन्द्र  राजमार्गले छोएको छ । यस नगरपालिकाका बजार क्षेत्रहरु हर्षाहा ,विश्रामपुर र धमौरा स्थित बजार रहेका छन् । यस नगरपालिमा हुने मुख्य वालिनालीहरु जस्तै मकै, धान,गहु मुख्य बालीका रुपमा रहेको छ । बर्सेनि ठूलो परिमाणमा उत्पादनहरु निर्यात गर्ने गरिन्छ । बृन्दावन नगरपालिका  पर्यटन विकासको प्रचुर सम्भावना बोकेको नगरपालिका हो ।  धार्मिक आस्थाका लागि साना ठुला मन्दिरहरु पनि छन । यहा आफैमा धार्मिक आस्था बोकेको चाँदी  खोला पनि रहेको छ । यँहा विभिन्न  समयमा लाग्ने मेलाले पनि संकृति संरक्षण गर्नुका साथै यस क्षेत्रमा अनुसन्धान गर्न रुची राख्ने व्यक्तिको लागि अनुसन्धान केन्द्रको रुपमा रहन सक्ने सम्भावना रहेको छ ।

## १.२.२ आर्थिक परिदृश्य

बृन्दावन नगरपालिकाको कृषि क्षेत्र तर्फ मुख्य रूपमा पशुपालन र खाद्यान्न खेतीमा आधारित रहेको देखिन्छ । कुल ५,६७६ कृषकहरू मध्ये८४.१प्रतिशत (४,७७४ कृषक पशुपालन   छन्, जसमा गाई–गोरु पालन गर्ने ७७३कृषक १६.२प्रतिशत) र बाख्रा

तथा च्याङ्ग्रा पालन गर्ने ३,९६६ कृषक , ८३.१प्रतिशत रहेका छन्। त्यस्तै, नगरपालिकामा सुँगुर पालन गर्ने कृषकको संख्या १९मात्रछ, जसले यसको न्यून लोकप्रियता देखाउँछ, जबकि कुखुरापालनमा ७९४ कृषक )१६.४प्रतिशत) संलग्न छन्।

नगरपालिकामा ३३,९६०.२ हेक्टर कृषि योग्य जमिनरहेको छ, जसमा ४,४४९ परिवारले १२,५७०कित्ता जमिनको स्वामित्व राख्छन् । तथापि, सिंचाइ सुविधा कुल कृषि जमिनको मात्र १०.८ प्रतिशत , ६७६.८ हेक्टरमा उपलब्ध रहेको देखिन्छ । सिंचाइको अभावका कारण कृषकहरूले वर्षभरि उच्च उत्पादन लिन कठिनाइ भोग्नुपर्ने सम्भावना छ। खाद्यान्न बाली खेती नगरपालिकाको प्रमुख कृषि गतिविधि हो, जहाँ३,३६२कृषकले ६,६६३.२हेक्टर जमिनमा खाद्यान्न बाली धान), गहुँ, मकै आदि लगाउँछन् तर, तेलहन खेती १३७.३ हेक्टरमा मात्र सीमितरहेको छ, जसले उत्पादनलाई बाहिरी स्रोतमा निर्भर गराउने सम्भावना देखाउँछ। यसैगरी, कन्दमूल खेती तरुल, सखरखण्ड आदि १५.४ हेक्टरमा मात्र सीमित रहनुले यसको उत्पादन न्यून रहेको संकेत गर्छ।

समग्र रूपमा, बृन्दावन नगरपालिकाको कृषि क्षेत्र, पशुपालन र खाद्यान्न बाली खेतीमा केन्द्रित रहेको छ तर सिंचाइ अभाव, तेलहन तथा कन्दमूल खेतीको न्यूनता, सुँगुर पालनको सीमितता जस्ता चुनौतीहरू पनि रहेका छन् । कृषि उत्पादनलाई बढावा दिनका लागि सिंचाइ पूर्वाधार विस्तार, तेलहन खेती प्रवर्द्धन, र पशुपालन विविधिकरण आवश्यक देखिन्छ । यदि यी पक्षहरूमा सुधार गरियो भने नगरपालिकाको कृषि क्षेत्रसम्भाव्य र दीगो आर्थिक स्रोतका रूपमा विकास हुन सक्छ । अर्को तर्फ रोजगारलाई हेर्ने हो भने ९३ प्रतिशत व्यक्तीहरु कुनै न कुनै रुपमा रोजगारमा रहेको र ७ प्रतिशत बेरोजगार रहेको देखिन्छ ।

#### १.२.३ बतावरण तथा वनजंगल

बृन्दावन नगरपालिका भित्र दुईवटा साना नदीहरू भए पनि नगरपालिकाको पूर्वी भागमा बागमती नदी प्रमुख नदीको रूपमा अवस्थित छ । यो नदीवर्षा याममा बाढीको उच्च जोखिमयुक्त क्षेत्र हो, जसले प्रत्येक वर्ष धनजनको क्षति पुर्‍याउने गरेको छ। यद्यपि, बागमती नदी नगरपालिकाको आन्तरिक राजस्वको प्रमुख स्रोत समेत रहेको छ, जसबाट पालिकाले महत्वपूर्ण आर्थिक लाभ प्राप्त गर्दै आएको छ । त्यसैगरी नगरपालिकाको वडा नम्बर १ मा वनजंगल क्षेत्र अवस्थितरहेको छ, जसले कृषकहरूलाई पशुपालन तथा अन्य दैनिक आवश्यकताका लागि स्रोतको रूपमा महत्त्वपूर्ण योगदान दिँदै आएको छ । वनजंगलको उपयोगले पशुपालनलाई सहज बनाउनुका साथै स्थानीय बासिन्दाहरूका लागि दाउरा तथा घाँसको आवश्यकतालाई पनि पूरा गर्न सहयोग पुर्‍याइरहेको छ।

### १.३. पालिकाको शैक्षिक सन्दर्भ

#### १.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक बहुभाषिक, बहुजातीय, बहुधार्मिक तथा विविध भौगोलिक विशेषता भएको लोकतान्त्रिक गणतन्त्र हो, जसको शिक्षा प्रणालीमा ऐतिहासिक, सामाजिक, सांस्कृतिक तथा राजनीतिक परिवर्तनहरूले प्रभाव पार्दै आएको छ। २०६३ सालको राजनीतिक परिवर्तनपछि शिक्षामा सुधारका विभिन्न पहलहरू भए तापनि अझै धेरै चुनौतीहरू रहेका छन्। नेपालमा अनिवार्य र निःशुल्क प्रारम्भिक शिक्षा, गुणस्तरीय, दिगो र व्यावसायिक शिक्षा, तथा आधुनिक वैज्ञानिक शिक्षाको आवश्यकतामा विशेष जोड दिइएको छ। बढ्दो बेरोजगारीलाई ध्यानमा राख्दै आत्मनिर्भर नागरिक तयार गर्ने प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकता दिनुपर्ने आवश्यकता छ। साथै यहाँका विभिन्न भाषा, लिपि, संस्कृति, र परम्पराहरूको संरक्षण गर्दै समावेशी र समतामूलक शिक्षाको प्रवर्द्धन गर्नुपर्छ। शिक्षा प्रणालीले समाजलाई आधुनिक विश्वसँग जोड्न, विश्वव्यापी प्रतिस्पर्धामा सक्षम बनाउने वातावरण सृजना गर्न, र अन्तर्राष्ट्रिय स्तरमा नेपालको पहिचान स्थापित गर्न योगदान पुर्याउनुपर्छ। शिक्षाले नागरिकलाई सामाजिक, आर्थिक र सांस्कृतिक रूपमा परिपक्व बनाउँदै सहिष्णुता, भाइचारा तथा सहयोगको भावना विकास गराउनु आवश्यक छ।



वृन्दावन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

### १.३.२ नीतिगत प्रबन्ध

नेपालको संविधान २०७२ ले शिक्षा अधिकारलाई मौलिक हकको रूपमा परिभाषित गर्दै अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ लाई कार्यान्वयनमा ल्याएको छ। यस ऐनअनुसार आधारभूत (१-८ कक्षा) तथा माध्यमिक (९-१२ कक्षा) तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य गरिएको छ, जसको प्रमुख कार्यान्वयन जिम्मेवारी स्थानीय सरकारलाई प्रत्यायोजन गरिएको छ। यस अनुरुप बृन्दावन नगरपालिकाले यस कानूनी व्यवस्थालाई प्रभावकारी रूपमा लागू गर्न दीर्घकालीन शिक्षा योजना तथा नीतिहरू तर्जुमा गर्नुपर्ने देखिन्छ । संघिय सरकारको ले बनाएको आवधिक योजना १६ औ, विद्यालय क्षेत्र विकास योजना (SSDP) अनुसार शिक्षामा समता, गुणस्तर र सक्षमता वृद्धि गर्ने लक्ष्य राखिएको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार प्रत्येक बालबालिकालाई विद्यालयमा भर्ना गराउने, गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, र उनीहरूको निरन्तर सिकाइ उपलब्धिमा सुधार ल्याउने दायित्व स्थानीय तहकै हो । तथापि बृन्दावन नगरपालिकामा विद्यालय क्षेत्रमा क्रमिक विकास भए पनि अपेक्षाकृत रुपाम शिक्षामा समता, गुणस्तर, शिक्षकको सक्षमता वृद्धि र विद्यार्थीहरुको सिकाईमा उपलब्धि हुन सकेको छैन । अतः स्थानीय सरकारको उत्तरदायित्व प्रति गम्भीर समीक्षा आवश्यक रहेको देखाउछ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई शिक्षा सम्बन्धी नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा सुधारका लागि पूर्ण अधिकार प्रदान गरेको छ। तसर्थ, बृन्दावन  नगरपालिकाले आफ्नो शिक्षा नीतिलाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐनसँग समायोजन गर्दै निम्न सुधारहरू गर्नुपर्ने आवश्यकता देखिन्छ। तर त्यसका लागि आवशयक स्रोत साधन तथा प्राविधिक दक्षताको अभावका कारण योजना कार्यान्वयनमा चुनौतीहरू देखिएका छन्। विशेष गरी, स्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको खाँचो महसुस गरिएको छ। विद्यालय शिक्षाको दीर्घकालीन सुधारका लागि स्थानीय सरकार, शिक्षक, अभिभावक, र समुदायबीचको साझेदारी आवश्यक छ। साथै, नीति निर्माणमा स्थानीय तहले संघीय तथा प्रदेश सरकारसँग समन्वय गर्दै विद्यालय शिक्षामा आवश्यक भौतिक पूर्वाधार, गुणस्तरीय सिकाइ सामग्री, र शिक्षकको क्षमता अभिवृद्धि गर्न दीर्घकालीन योजना बनाउनुपर्ने देखिन्छ। यसर्थ, बृन्दावन  नगरपालिकाले आफ्नो शिक्षासम्बन्धी नीति, स्रोत साधनको परिचालन, शिक्षक व्यवस्थापन तथा विद्यार्थी सिकाइ सुधारका कार्यक्रमहरू संघीय कानुन तथा स्थानीय सरकार सञ्चालन ऐन अनुरूप परिमार्जन गर्दै व्यावहारिक योजना तर्जुमा गर्न आवश्यक छ। स्थानीय स्तरमा विद्यालय शिक्षाको गुणस्तर सुधार गर्न संघीय सरकारबाट प्राप्त नीति निर्देशनलाई स्थानीय आवश्यकतासँग जोडेर दीर्घकालीन समाधान खोजिनुका साथै बृन्दावन  नगरपालिकाले विद्यालय शिक्षालाई अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुरूप बनाउँदै शिक्षामा समान पहुँच, गुणस्तरीयता र उत्तरदायित्व वृद्धि गर्नका लागि विद्यालय शिक्षा योजना तथा प्रभावकारी कार्यान्वयन रणनीति आत्मसाथ गर्न आवश्यक देखिन्छ।

### १.३.३ नेपालमा शिक्षाको संरचना

नेपालको विद्यालय क्षेत्र अन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास तथा शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५–१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३–१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ तापनि शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन् । यस खण्डमा मुलुकको संक्षिप्त शैक्षिक सन्दर्भ अन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ ।

### १.३.४ बृन्दावन नगरपालिकाको शैक्षिक विवरण

बृन्दावन नगरपालिकामा २० वटा सामुदायिक ,२ वटा मदरसा २ वटा संस्थागत गरी जम्मा २४ वटा विद्यालयहरु छन् । जसमध्ये आधारभूत तहका १६ वटा र माध्यमिक तहका ६ वटा विद्यालयहरु रहेका छन् । सामुदायिक तर्फ आधारभूत तहका १४ वटा (कक्षा १ देखि ५ सम्म संचालन भएका १२वटा र १ देखि ८ सम्म संचालन भएका २ वटा) र माध्यमिक तर्फ ६ ( १ देखि १० सम्म१ वटा १ देखि १२ सम्म संचालन भएका ५वटा) विद्यालयहरु रहेका छन् । त्यसैगरी निजी विद्यालय तर्फ आधारभूत तहका २ वटा विद्यालयहरु संचालन रहेका छन् । २ वटा विद्यालयमा प्राविधिक धारमा ( सिभिल इन्जिनियर ) कक्षा संचालनमा रहेका छन् । २० वटा बालविकास केन्दहरु रहेकाछन् । त्यसैगरी २ सामुदायिक सिकाइ केन्द्र र धार्मिक/मदर्शा २ वटा रहेका छन् । पालिकाको शैक्षिक विवरणलाई यसरी संक्षिप्तमा प्रस्तुत गरिन्छ ।

तालिका न. ३ तहगत विद्यालय विवरण

| तह | कक्षा | विद्यालय संख्या | | |
|---|---|---|---|---|
| | | सामुदायिक विद्यालय | संस्थागत विद्यालय | मदरसा/धार्मिक विद्यालय |
| आधारभुत तह | कक्षा १-५ | ११ | २ | २ |
| | कक्षा १-८ | ३ | २ | ० |
| माध्यमिक तह | कक्षा १-१० | १ | १ | ० |
| | कक्षा १-१२ | ५ | ० | ० |
| बालविकास केन्द्र | | २० | ० | ० |
| सिकाइकेन्द्र | | २ | ० | ० |
| स्रोत :बृन्दावन नगरपालिका, शिक्षा शाखा, २०८१ | | | | |

तालिका न. ४ तहगत विद्यार्थी संख्या र भर्ना प्रवृत्ति

| क्र.स. | बिद्यार्थी बिबरण (Stusents details) | १-५ कक्षा | | | ६-८ कक्षा | | | ९-१० कक्षा | | | ११-१२ कक्षा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लिंग | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | सबै प्रकारका विद्यालयमा कक्षागत बिद्यार्थी सङ्ख्या | ४८६१ | ४८९९ | ९७६० | १७७१ | १९९० | ३७६१ | ६६५ | ८२१ | १४८६ | २३० | ३०१ | ५३१ |
| २ | सामुदायिक विद्यालयमा कक्षागत जम्मा बिद्यार्थी सङ्ख्या | ४८०१ | ४७५६ | ९५५७ | १७७१ | १९९० | ३७६१ | ६६५ | ८२१ | १४८६ | २३० | ३०१ | ५३१ |
| ३ | सबै प्रकारका विद्यालयमा कक्षागत दलित बिद्यार्थी सङ्ख्या | ८९८ | १०२८ | १९२६ | २७० | ३२६ | ५९६ | ५७ | ६७ | १२४ | ६ | ९ | १५ |
| ४ | सामुदायिक विद्यालयमा कक्षागत र तहगत दलित बिद्यार्थी सङ्ख्या | ८९८ | १०२८ | १९२६ | २७० | ३२६ | ५९६ | ५७ | ६७ | १२४ | ६ | ९ | १५ |
| ५ | सबै प्रकारका विद्यालयमा कक्षागत अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | १८७ | १६२ | ३४९ | ७३ | ९९ | १७२ | ११ | २६ | ३७ | ९ | ९ | १८ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | सामुदायिक विद्यालयमा कक्षागत र अपाङ्गता भएका बिद्यार्थी सङ्ख्या | १८७ | १६२ | ३४९ | ७३ | ९९ | १७२ | ११ | २६ | ३७ | ९ | ९ | १८ |
| ७ | सबै प्रकारका विद्यालयमा कक्षागत र २२ जनजाती बिद्यार्थी सङ्ख्या | ३७० | ३३१ | ७०१ | ९० | १०८ | १९८ | ४० | ६६ | १०६ | २६ | ४८ | ७४ |
| ८ | सामुदायिक विद्यालयमा कक्षागत २२ जनजाती बिद्यार्थी सङ्ख्या | ३७० | ३३१ | ७०१ | ९० | १०८ | १९८ | ४० | ६६ | १०६ | २६ | ४८ | ७४ |

स्रोतः शिक्षा शाखा, EMIS २०८१

यो तालिकाले विभिन्न तहका विद्यालयहरूमा विद्यार्थीहरूको संख्या, जातीय तथा विशेष समूहहरू (दलित, अपाङ्गता भएका, जनजाति) को विवरण प्रस्तुत गर्दछ । कक्षा १-५ मा जम्मा ९,७६० विद्यार्थी रहेका छन्, जसमा सामुदायिक विद्यालयका ९,५५७ विद्यार्थी छन्। कक्षा ६-८ मा ३,७६१ विद्यार्थी छन्, जुन सबै सामुदायिक विद्यालयमा दर्ता छन्। कक्षा ९-१० मा १,४८६ विद्यार्थी छन् भने ११-१२ मा मात्र ५३१ जना विद्यार्थी रहेका छन्। विशेष समूहहरूमध्ये दलित विद्यार्थीको संख्या १,९२६ (१-५ कक्षा) बाट घट्दै १५ (११-१२ कक्षा) पुगेको छ। त्यस्तै, अपाङ्गता भएका विद्यार्थी ३४९ (१-५ कक्षा) बाट क्रमशः घट्दै १८ (११-१२ कक्षा) पुगेका छन्। तोकिएका २२ जनजाति विद्यार्थीको संख्या ७०१ बाट घट्दै ७४ (११-१२ कक्षा) पुगेको देखिन्छ। यस तथ्याङ्क अनुसार, उच्च कक्षामा विद्यार्थी संख्या घट्दै गएको देखिन्छ, विशेष गरी दलित, अपाङ्गता भएका, र जनजाति समुदायमा यो गिरावट बढी देखिन्छ। यसले माध्यमिक तहपछि विद्यार्थीहरूको शिक्षामा निरन्तरता नआएको संकेत गर्छ, जसले शिक्षामा समान पहुँचको आवश्यकतालाई दर्शाउँछ।

तालिका न. ५ शिक्षक संख्या र प्रवृती

| तह | **सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या** | | | | | | **सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजीश्रोतबाट नियुक्त शिक्षक समेत)** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला% | बिद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला% |
| पूर्व प्र.बि. बा.बि.के. | २० | १३ | २० | २० | १०० | | ३ | ३ | ० | ३ | १०० |
| आधारभूत (१-५) | १०३ | ८१ | ९३ | ३७ | ३९.७८ | | | | | | |
| आधारभूत (६-८) | १८ | १७ | २१ | ८ | ३८.०९ | | १ | ० | १ | १ | ० |
| माध्यमिक (९-१०) | १९ | १८ | २१ | ८ | ३८.०९ | | | | | | |
| माध्यमिक(११-१२) | ८ | ६ | ११ | ३ | २७.२७ | | | | | | |

स्रोतः- शिक्षा शाखा, EMIS 2081

तालिका न. ६ बृन्दावन   नागरपालिकाको साक्षरता विवरण

| ५ वर्ष माथिको साक्षरताको अवस्था | | |
|---|---|---|
| पुरुष | जम्मा पाँचवर्ष माथि | २१७३० |
| | पढ्न लेख्न सक्ने साक्षर | १३८११ |
| | साक्षरता प्रतिशत | ६३.५५प्रतिशत |
| | पढ्न मात्र सक्ने | ४६ |
| | पढ्न लेख्न नसक्ने | ७८७२ |
| | उल्लेख नभएको | १ |
| महिला | जम्मा पाँचवर्ष माथि | २१८२३ |
| | पढ्न लेख्न सक्ने साक्षर | ९८१७ |
| | साक्षरता प्रतिशत | ४४.९८प्रतिशत |
| | पढ्न मात्र सक्ने | ६४ |
| | पढ्न लेख्न नसक्ने | ११९४२ |
| | उल्लेख नभएको | ० |
| जम्मा | जम्मा पाँचवर्ष माथि | ४३५५३ |
| | पढ्न लेख्न सक्ने साक्षर | २३६२८ |
| | साक्षरता प्रतिशत | ५४.२५प्रतिशत |
| | पढ्न मात्र सक्ने | ११० |
| | पढ्न लेख्न नसक्ने | १९८१४ |
| | उल्लेख नभएको | १ |
| | | स्रोत : जनगणना २०७८ |

जनगणना २०७८ अनुसार, पाँच वर्ष माथिको जनसंख्यामा पुरुषहरूको साक्षरता दर ६३.५५ प्रतिशत छ, जसमा १३,८११ जना पढ्न र लेख्न सक्ने छन्, जबकि ७,८७२ जना अझै निरक्षर छन्। महिलाहरूको साक्षरता दर ४४.९८ प्रतिशत मात्र छ, जहाँ ९,८१७ जना साक्षर छन् तर ११,९४२ जना पढ्न र लेख्न नसक्ने अवस्थामा छन्। कुल जनसंख्या हेर्दा, ४३,५५३ जना पाँच वर्ष माथिका व्यक्तिहरू मध्ये २३,६२८ जना साक्षर छन्, जसले गर्दा समग्र साक्षरता दर ५४.२५ प्रतिशत पुग्छ। यो तथ्यांकले महिला साक्षरतामा अझै सुधारको आवश्यकता देखाउँछ, जसले शिक्षा क्षेत्रमा लैंगिक असमानताको चुनौती उजागर गर्छ।

### १.३.५ शिक्षा क्षेत्रको योजना

विद्यालय क्षेत्र विकास योजना (SSDP) को पहिलो पाँचवर्षे कार्यान्वयन (वि.सं. २०७३-२०७८) समाप्त हुँदै गर्दा यसले शिक्षा क्षेत्रमा समता, गुणस्तर, सुशासन, र सक्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेको थियो। संघीय संरचनाको कार्यान्वयनसँगै आधारभूत तथा माध्यमिक शिक्षाको प्रमुख जिम्मेवारी स्थानीय सरकारलाई हस्तान्तरण गरिएको छ। यस योजनाले विद्यार्थी भर्ना दर तथा कक्षा ८ सम्मको टिकाउ दरमा उल्लेखनीय सुधार ल्याए पनि कक्षा १० र १२ मा अपेक्षित उपलब्धि हासिल गर्न सकेन। गुणस्तरीय शिक्षाको लागि पाठ्यक्रम परिमार्जन, शिक्षक तालिम, र समावेशी शिक्षा योजनाहरू सञ्चालन गरिए तापनि विद्यार्थी सिकाइ उपलब्धिमा उल्लेखनीय वृद्धि देखिएन। संघीय संरचनाको संक्रमणकालीन अवस्थाले कार्यक्रम कार्यान्वयनमा चुनौतीहरू थप्यो। विशेष गरी, विद्यालय क्षेत्र विकास कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न तीन तहका सरकारहरू बीचको स्पष्ट जिम्मेवारी निर्धारण, अनुगमन प्रणाली सुधार, र शिक्षक सहायता प्रणालीको आवश्यक देखिएको छ। तसर्थ,

शिक्षा क्षेत्रमा दिगो सुधारका लागि स्थानीय सरकार, शिक्षक, र समुदायको भूमिकालाई थप प्रभावकारी बनाउन आवश्यक छ। त्यसलाई मध्यनजर गरि शिक्षा क्षेत्रको योजना बनाउनु पर्ने आवशयकता महसुस भएको हो।

### १.३.६ दिगोविकासका लक्ष्य र बृन्दावन नगरपालिका

नेपाल सरकारले सन् २०३० सम्मका लागि दिगो विकास लक्ष्य (SDG) प्राप्त गर्ने प्रतिबद्धता जनाइ सकेको छ। विशेष गरी, SDG लक्ष्य ४ को रूपमा "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरू प्रवर्द्धन गर्ने" उद्देश्य राखिएको छ। नेपालले सन् २०१५ को इन्चोन घोषणापत्र र संयुक्त राष्ट्रसंघको साधारण सभाको निर्णय अनुरूप नेपाल राष्ट्रिय कार्यढाँचा तयार गरी यस लक्ष्यलाई कार्यान्वयन गरिरहेको छ। यस कार्यढाँचाले नेपालको संविधान २०७२ अनुसार शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै सबै नागरिकलाई गुणस्तरीय शिक्षा उपलब्ध गराउने राज्यको दायित्वलाई स्पष्ट पारेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ अनुसार बृन्दावन नगरपालिका शिक्षाका सबै तहमा समावेशी, समान पहुँचयुक्त, गुणस्तरीय र उत्तरदायी शिक्षा व्यवस्था गर्न वाध्यकारी रूपमा जिम्मेवार छ। विशेष गरी, नगरपालिकाले निर्धारण गरिएका SDG सूचकहरू अनुसार विद्यालय शिक्षामा पहुँच, भर्ना दर, विद्यार्थी टिकाउ दर, लैङ्गिक समानता, अपाङ्गता भएका बालबालिकाको समावेशिता, विद्यालय पूर्वाधार, शिक्षक क्षमता विकास जस्ता सूचकहरूमा प्रगति गर्नुपर्छ। नेपाल सरकारले सन् २०१९, २०२२, २०२५ र २०३० का आधार वर्ष राखेर शिक्षा क्षेत्रको वार्षिक समीक्षा गर्दै आएको छ। यस समीक्षाले देखाएको तथ्याङ्क अनुसार अनिवार्य र निःशुल्क शिक्षा ऐन २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच वृद्धि भएको देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षित सुधार हुन नसकेको समस्या औंल्याएको छ। यस सन्दर्भमा, बृन्दावन नगरपालिकाले दिगो विकास लक्ष्य हासिल गर्न पालिकागत रुपमा विद्यालय शिक्षामा पहुँच र गुणस्तर सुधार – विद्यालय भर्ना दर र शिक्षामा टिकाउ दर बढाउने, शिक्षकको दक्षता अभिवृद्धि गर्ने, र शिक्षामा नवीनतम प्रविधिको प्रयोग बढाउने। संघीय सरकार र प्रदेश सरकारका शिक्षासम्बन्धी निर्देशिकाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै विद्यालय शिक्षाको अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ गर्ने। विद्यालयको भर्ना, उपस्थिति, सिकाइ उपलब्धि, शिक्षण स्रोत साधन तथा बजेट व्यवस्थापनलाई डिजिटल प्रणालीमा एकीकृत गर्दै पारदर्शी सूचना व्यवस्थापन गर्ने। सीमान्तकृत ममुदायका बालबालिकाहरूको समावेशीकरण – अपाङ्गता भएका, गरिब तथा लैङ्गिक असमानतामा रहेका विद्यार्थीहरूलाई लक्षित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्ने। दिवा खाजा, छात्रवृत्ति, विद्यालय पूर्वाधार तथा शैक्षिक सामग्रीको सुनिश्चितताका लागि स्रोत परिचालन तथा साझेदारी विकास गर्ने। त्यसै गरि नेपालको SDG लक्ष्य ४ अनुरूप बृन्दावन नगरपालिकाले शिक्षा क्षेत्रमा आफ्नो नैतिक, कानूनी र प्रशासनिक दायित्व बहन गर्दै शिक्षामा गुणस्तरीयता, समावेशिता तथा दिगोपन ल्याउन प्रभावकारी नीति तथा योजनाहरू कार्यान्वयन लक्ष्य लिएको छ। नगरपालिकाले संघीय सरकार र राष्ट्रिय योजना आयोगको समीक्षामा प्रस्तुत गर्नुपर्ने प्रगति विवरणहरू सुदृढ पार्दै शिक्षामा देखिएको असमानतालाई कम गर्न र सिकाइ उपलब्धि सुधार्न ठोस कदम चाल्नुका निम्ति यो नगर शिक्षा योजना २०८१/०८२ देखि २०८५/०८६ सम्मका लागि तयार पारि लागु गर्न वान्छिनिय भएको छ।

### १.४ बृन्दावन नगरपालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतिहरु

१. भौतिक संरचना बालमैत्री,लैंगिक मैत्री,अपांग मैत्री बनाउन यथेष्ट कार्य हुन सकेको छैन।
२. करिव ७.०६ प्रतिशत बालबालिका विद्यालयको मूल प्रवाहिकरण भन्दा बाहिर रहेका छन्। उक्त बालबालिकालाई शिक्षाको पहुचमा ल्याउने कार्यक्रम तर्जुमा हुन् नसकेको।
३. विद्यालय भर्ना भएका बालबालिकाको सिकाई उपलब्धि न्यून र टिकाउदर ८६.२ मात्र रहेकोले सिकाई उपलब्धि र टिकाउदर बढाउने कार्यक्रम ल्याउन नसकिएको।

४. अनिवार्य तथा निशुल्क शिक्षा ऐन,२०७५, दिगो विकास लक्ष्य,शिक्षा क्षेत्र योजनाको,पन्ध्रौं योजनाको मर्म र भावना अनुसार विधालयलाई प्रबिधि मैत्रीबनाई कोभिड-१९ जस्ता महामारीमा पनि शिक्षण सिकाईलाई संचालन गर्न भौतिक उपस्थितिको विकल्पको खोजि हुन् नसकेको ।

५. अन्तराष्ट्रिय मापदण्ड अनुसार शिक्षाका लागि कुल बजेको २० प्रतिशत बिनियोजन गर्नु पर्ने भएता पनि संघ र स्थानीय तहमा पनि आवशयक बजेट बिनियोजन हुन् सकेको छैन ।

६. शिक्षकको पेशागत विकासका लागि शानिया तहमा भरपर्दो संयन्त्रको विकास गर्न नसकिनु ।

७. विद्यार्थिहरुको शिक्षण सहयोगका लागि थप प्रोतसाहनका कार्यक्रम हुन नसकेको ।

८. विद्यार्थी अनुसारको शिक्षक अनुपात व्यवस्थापन हुन नसकेको ।

९. भौतिक पूर्वाधारहरु राष्ट्रिय मापदणड २०८० अनुसारको नभएको ।

१०. स्थानिय पाठ्यक्रम बनाई लागु गर्न नसकेको ।

११. विद्यालय भन्दा बाहिर रहेको विद्यालय उमेर समूहको बालवालिकालाई औपचारिक शिक्षामा सामेवश गर्न चुनौति रहेको ।

१२. निरक्षर नागरिकलाई साक्षर वनाउनका लागि सामुदायिक सिकाई केन्द्रको व्यवस्थापन, विस्तार र संचालन प्रभावकारी हुन नसकेको ।

१३. सीप मुलक तालिम र जीवनउपयोगी शिक्षा कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न नसकेको ।

१४. विद्यालयको शैक्षिक तथ्याकं व्यवस्थापन हुन नसकेको ।

१५. विद्यालय शिक्षामा शुसासन र प्रादर्शिता हुन नसकेको ।

१६. बालविकासलाई मापदणड अनुसारको वनाउन नसकिनु ।

## १.५. बृन्दावन नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि मुख्य अवसरहरु

१. नगरपालिकामा शिक्षक दरबन्दी न्यून रहेका विद्यालयमा शिक्षक बिधार्थी अनुपात समायोजन गर्न नगर स्वयंसेवक शिक्षकको व्यवस्था गरिएको ।

२. बालाबिकासा सहजकर्ताका लागि क्षमता विकास गर्न प्रेत्यक बर्ष दिनको क्षमता विकास कार्यशाला संचालन ।

३. मा.बि.का प्रेत्यक बालबालिकाको सिकाई उपलब्धि न्यून रहेका बिधार्थिका लागि अतिरिक्त कक्षाको व्यवस्था गरिएको ।

४. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको ।

५. शिक्षण सिकाईमा प्राविधिक सहायो गर्न नगरस्तरमा एउटा बिज्ञं समूह गठन गरिएको ।

६. मा.बि.विद्यालयमा ICT, र Sciencelab को व्यवस्था भएको र कम्प्युटर सिक्न चाहने बिधार्थी शिक्षक र अभिभावकलाई आवश्यक अवसर प्रदान ।

७. प्रत्येक विद्यालयको विद्यालय सुशासन, आर्थिक पारदर्शिता कायम गर्न लेखा परीक्षण,सामाजिक परिक्षण,IEMIS अध्यावधिक आदि कार्यलाई प्रभावकारी बनाईएको,

८. नगर प्रमुख, शिक्षा शाखा,र बिज्ञं सहितको टोली बनाई संयुक्त अनुगमण गर्ने कार्य को प्रारम्भ भएको ।

९. प्रत्येक महिना प्रा.अ बैठक गर्ने र विद्यालयमा कर्मचारी बैठकलाई निरन्तरता दिएको ।

१०. स्थानीय तहको सामाजिक सांस्कृतिक भौगिलिक अवस्थालाई समेटेर स्थानिय पाठ्यक्रम निर्माण गर्न समिति गठन भएको ।

## १.६. बृन्दावन नगरपालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

यस पालिका शिक्षा क्षेत्र योजना विशेष गरि नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट नीतिगत मार्गदर्शन २०८१ अनुरुप पश्चात वि.स. २०८१ को भदौ महिनाबाट यो योजनाको सुरुवात भएको हो। योजना निर्माणको क्रममा स्थानिय तहलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुलकिटको तालिम प्रदान गरियो, त्यसपछि नगर स्तरीय सरोकारवालाहरु योजना सम्बन्धी अभिमुखिकरण गरि प्रक्रिया अनुरुप योजना तर्जुमा समिति र मस्यौदा लेखन समिति बनाई मस्यौदा लेखन कार्य अगाडी वढाए र विभिन्न सरोकारवलाहरु सुझाव भएपछि तयार गरिएको नगर शिक्षाको मस्यौदा हो। यसको आधारमा स्थानिय तहका योजना निर्माण गर्ने क्रममा नगरपालिकाले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेको छ। विद्यालय शिक्षा क्षेत्रको योजना गर्न अपनाएको प्रक्रियाहरु :-

१. स्थानीय तहको बैठक
२. योजना निर्माण समिति गठन
३. शिक्षा क्षेत्रको विश्लेषण
४. सरोकारी निकायसँग छलफल
५. विद्यालयस्तरीय छलफल
६. योजनाको मस्यौदा तयारी
७. सरोकारवालासँग सुझाव समायोजन
८. योजनाको अन्तिमीकरण
९. बाह्य विज्ञद्धरा योजनाको लेखाजोखा र सूझाव संमायोजन
१०. योजना स्वीकृति तथा कार्यान्वयन

### १.६.१.शिक्षा योजना निर्माणमा विभिन्न स्रोत / सामग्रीहरुको अध्ययन तथा समिक्षा

यो नगर शिक्षा योजनाको त्यारीका लागि स्थानिय तहको शिक्षा योजना निर्माण सम्वन्धि मार्गदर्शन २०८० संसकरण २०८१ अनुरुप, स्थानिय तहका सरोकारवला निकायहरुलाई योजना बारे अभिमुखिकरण कार्यक्रम संचालन गरिएको थियो। सो कार्यक्रम शिक्षा योजना तयारीका लागि ७ सदस्यि योजना तर्जुमा समिति र ५ मस्यौदा लेख्न समिति चयन गरिएको थियो। त्यसमा अवशयकता अनुसार अन्य उपसमिति तथा सरोकारवलाहरुसँग छलफल गरिएको थियो। जसमा तल दिएका १२ क्षेत्रमा अध्ययन र समिक्षा गरिएको थियो।

१. बालविकास र शिक्षा
२. आधारभूत शिक्षा
३. माध्यमिक शिक्षा
४. पाठ्यक्रम तथा मूल्याङ्कन
५. शिक्षक व्यस्थापन तथा विकास
६. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
७. समता र समावेशीकरण
८. दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्श लगायतका विद्यार्थी सहायता सेवाहरू
९. आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

१०.शिक्षामा सूचना र प्रविधि

११.सुशासन तथा व्यवस्थापन

१२.अनुगमन तथा मूल्याङ्कन

यसरी समिक्षा तथा अध्ययन पशचात पहिलो मस्यौदा त्यारका लागि मस्यौदा लेख्न कार्यशालामा शिक्षा शाखा तथा मस्यौदा लेख्न समितिले यो पहिला योजनाको मस्यौदा तयार पारेको छ । सो योजनाको मस्यौदा माथि सरोकारवलाहरुको सुझाव सकलन र समावेश गरि अन्तिम नगर शिक्षा योजना तयार पारिएको छ ।

**१.६.२ योजनाको तयारी तथा विकासको संरचनात्मक व्यवस्था**

यो नगर शिक्षा तयारिका लागि स्थानिय विद्यालय शिक्षा क्षेत्र योजना निर्माण सम्वन्धि मार्गदर्शन २०८० संसकरण २०८१ को निर्देशित प्रक्रिया अनुसार सुरुमा कार्याक्रमको अभिमुखिकरण र तयसका लागि निम्न समिति र उपसमितिहरु निर्माण गरिएको थियो ।

१. शिक्षा योजना तर्जुमा समिति

२. मस्यौदा लेख्न समिति वा कार्यदल

यस लागायत आवशयकता अनुसारको सूचना सकंलनका लागि उपसमितिहरु, प्रधानाध्यपकहरुसँग छलफल आदि गरिएको थियो ।

**१.६.२ योजनाको पहिलो मस्यौदा विकास**

यो नगरपालिकाको शिक्षा योजना निर्माणका लागि गठित शिक्षा योजना तर्जुमा समिति र मस्यौदा लेखन कार्यदलका सदस्यहरूले शिक्षा तथा मानव स्रोत विकास केन्द्रले तयार पारेको टुलकिटको प्रयोग गरी शिक्षा सम्बन्धी तथ्यांक संकलन र विश्लेषण गरेका छन्। यस क्रममा उनीहरूले शिक्षाका सूचकहरूको अध्ययन गर्दै पहिलो मस्यौदा तयार गर्ने कार्य अघि बढाएका छन्। शिक्षा योजना लेखन कार्यशालामा सहभागी भई मस्यौदा निर्माण सम्पन्न गरिएको छ। अब यस मस्यौदामाथि सरोकारवालाहरूबाट सुझाव संकलन, आवश्यक समायोजन, बाह्य योजनासँगको तुलनात्मक विश्लेषण तथा समायोजनका प्रक्रिया पूरा गरी अन्ततः स्वीकृति प्रदान गर्दै कार्यान्वयनमा ल्याइने अपेक्षा नगरपालिकाले गरेको छ।

# परिच्छेद:दुई
# दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्य

## २.१ परिचय

बृन्दावन नगरपालिकाको विद्यालय शिक्षा आगामी ५ वर्षको मार्ग पहिचानका लागि राष्ट्रिय शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका मुख्य चुनौती, अवसर र सम्भावनाहरूको आधार सिर्जना गरेका छन्। यस सन्दर्भलाई ध्यानमा राख्दै, यस शिक्षा क्षेत्र योजनाले अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइमा नेपालले वि. सं. २०८७ (सन् २०३०) सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेट्ने उद्देश्य राखेको छ । यस योजनामा दूरदृष्टि (Vision), ध्येय (Mission), उद्देश्यहरू (Objectives), रणनीतिहरू (Strategies) तथा प्रमुख उपलब्धि सूचक (Key indicators), मानव संसाधनको विकास गर्दै समाजको आर्थिक तथा सामाजिक रुपान्तरणबाट नगरवासीको समृद्धीका लागियहाको शिक्षा क्षेत्रको समग्र विकास अत्यावश्यकछ। यसै सन्दर्भमा, बृन्दावन नगरपालिकाले आगामी ५ वर्षका लागि स्थानीय शिक्षा योजना तर्जुमा गरेको छ, जसले नगरको शैक्षिक प्रणालीलाई प्रभावकारी, समावेशी, र दिगो बनाउन रणनीतिक मार्गनिर्देशन प्रदान गर्नेछ। यसले संविधानको मर्म अनुरुपअनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा, सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा, प्राविधि मैत्री आधुनिक सीपयुक्त विद्यालय शिक्षा तथा जीवन पर्यन्त सिकाइका लागि गर्नुपर्ने उपलब्धिहरु समेटनका लागि यो विद्यालय शिक्षामा दूरदृष्टि (Vision), ध्येय (Mission), लक्ष्य (Goals), र उद्देश्यहरू (Objectives) जस्ता सूचकहरुको स्पष्ट रूपमा परिभाषित गरेको छ।

## २.२ दूरदृष्टि

***"शिक्षित र सक्षम जनशक्ति उत्पादन,बृन्दावन नगरपालिकाको शैक्षिक अभियान "***

## २.३ लक्ष्य

सबै विद्यालय जाने उमेर समुहका बालबालिकाहरुको साधारण तथा प्राविधिक शिक्षाको पहुँच सुनिश्चित गर्दै समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने।

## २.४ प्रमुख उद्देश्यहरु :

यस बृन्दावन नगरपालिकाले ५ वर्षको विद्यालय शिक्षा योजनाका लागि निम्न लिखित उदेश्यहरु निर्धारण गरेको छः

१. विद्यालय जाने उमेर समुहका अति सिमान्तकृत समुदाय तथा अपाङ्गता भएका बालवलिकाको समतामुल्क सहभागिता तथा सहज शिक्षामा पहुँच वृद्धि गर्नु।

२. प्रारम्भिक बालविकास शिक्षा, आधारभूततह, माध्यमिक तह, अनौपचारिक तथा आजीवन सिकाइ, प्राविधिक तथा व्यावसायिक तालिम र शिक्षा एवम् उच्च शिक्षामा गुणस्तर र सान्दर्भिकता सुनिश्चतगर्नु।

३. सबै बालबालिकाहरूलाई सुरक्षित तथा बालमैत्री सिकाइ वातावरण निर्माण गर्नु।

४. हरेक शैक्षिक संस्थामा आपत्कालिन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरूको सिकाइ निरन्तरता दिने अवसर सिर्जना गर्नु।

५. शैक्षिक सेवा प्रवाहमा सुशासन र व्यवस्थापन प्रणालीलाई सुदृढ गर्नु।

६. शिक्षकहरुको पेशगत विकासमा सहयोग गरि नतिजामुल्क कार्यसम्पादन मुल्यांकन प्रणालीको विकास गरिने।

## २.५. रणनीतिहरु :

उल्लेखित उद्देश्यहरु प्राप्त गर्नका लागि निम्न लिखत रणनीतिहरु तय गरीएको छ।

१. विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गरी विद्यालय शिक्षाको सुनिश्चित गर्ने ।
२. गुणस्तरी शिक्षा सुनिश्चित गर्न दक्ष जनशक्ति तथा शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने ।
३. विद्यालयमा निर्माण हुने सबै प्रकारका भौतिक संरचनाहरु बालमैत्री,प्रबिधि मैत्री तथा समयानुकूल बनाउने ।
४. वैकल्पिक सिकाईको माध्यमबाट ज्ञान सीप तथा आयआर्जन कार्यक्रमसँग आबद्ध गराउने र विद्यालयमा भर्ना हुन प्रोत्साहन गर्ने ।
५. विद्यार्थीको सिकाइ उपलब्धि अभिवृद्धि गर्नका लागि सुधार योजना निर्माण गरी कार्यान्यन गर्ने ।
६. शिक्षणलाई प्रभावकारी बनाउनका लागि मागमा आधारित तालिमको व्यवस्थापन गर्ने ।
७. प्राविधिक शिक्षा का माध्यमबाट दक्ष जनशक्ति तयार गर्न अवसर प्रदान गर्ने गर्ने।

## २.६ अपेक्षित मुख्य उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुनेछ:

१. प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने बालबालिकाहरूको दरमा वृद्धि हुनेछ ।
२. आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाले न्यूनतम सिकाइ सक्षमता सहित आधारभूत तह पूरा गर्नेछन् ।
३. शिक्षक र विद्यार्थी अनुपात सुधार भई गुणस्तरीय शिक्षा प्रदान हुनेछ ।
४. माध्यमिक विद्यालय उमेरका सबै बालबालिकाले विद्यालयमा भर्ना भई गुणस्तरीय माध्यमिक शिक्षा प्राप्त गर्नेछन् ।
५. आवश्यकतामा आधारित अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका अवसरहरू सबैका लागि सुनिश्चित भई साक्षर, आत्मनिर्भर र सचेत सिकाइ समाज निर्माणमा योगदान हुनेछ ।
६. विद्यालयमा अध्ययनरत सबै बालबालिकाको स्वास्थ्य तथा पोषण सुधार, मनोसामाजिक क्षमता अभिवृद्धि, र सिकाइ उपलब्धिमा वृद्धि गर्दै सुरक्षित, आकर्षक, र समावेशी सिकाइ वातावरणमा उनीहरूको पूर्ण पहुँच र सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।
७. विद्यालय शिक्षा पद्धतिमा सुशासन कायम भई योजना तथा कार्यक्रम कार्यान्वयनमा नतिजामुखी प्रणाली स्थापित हुनेछ ।
८. सक्षम र अभिप्रेरित शिक्षकद्वारा सिकारु केन्द्रित सिकाइ क्रियाकलापमा आधारित शिक्षण सिकाइको माध्यमबाट विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुनेछ ।
९. विद्यालय तहको शिक्षाअनिवार्य र निशुल्क रुपमा व्यवस्थापन भई हरेक बालवालिकाको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।
१०.आपतकालीन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुनेछ ।
११.सबै विद्यालयमा आवश्यक सक्षमताका आधार पूरा भई बालमैत्री तथा अपाङ्गता मैत्री भौतिक पूर्वाधार सहितको सिकाइ वातावरण तयार हुनेछ ।

## २.७ मुख्य कार्यसम्पादक सूचक र लक्ष्य निर्धारण

बृन्दावन नगरपालिकाको ५ वर्षे शिक्षा क्षेत्रको योजना (वि.स २०८१ देखि २०८५) का मुख्य कार्य सम्पादन सूचक तथा परिमाणात्मक लक्ष्य निम्न बमोजिम निर्धारण गरीएको छः

तालिका न. ७, बृन्दावन नगरपालिका मुख्य शैक्षिक सूचक विवरण

| क्र.सं. | सूचक | सूचकहरुको तह | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (प्रतिशत) | स्थानीय | २३.५ | २३.५ | २५.२ | २७. | २८.९ | ३०.९ | | |
| २.१ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (प्रतिशत) | स्थानीय | १७.९ | १७.९ | १९.७ | २१.७ | २३.९ | २६.३ | | |
| ३.१ | खुदभर्ना दरमा लैगिंक समता सूचक | स्थानीय | १.३ | १.३ | १.३ | १.३ | १.३ | १.२ | | |
| ४.१ | प्रारम्भिकबालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (प्रतिशत) | स्थानीय | ४५.३ | ४५.३ | ४६. | ४६.७ | ४७.५ | ४८.२ | | |
| ५.१ | तालिमप्राप्त शिक्षक | स्थानीय | ७५. | ७५. | ७७.७ | ८०.५ | ८३.४ | ८६.४ | | |
| | | २. | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (प्रतिशत) | स्थानीय | ४८.६ | ४८.६ | ५१.६ | ५४.७ | ५८.१ | ६१.७ | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (प्रतिशत) | स्थानीय | ७०.३ | ७०.३ | ७०.८ | ७१.३ | ७१.८ | ७२.३ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (प्रतिशत) | स्थानीय | ६४.२ | ६४.२ | ६६. | ६७.८ | ६९.७ | ७१.६ | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (प्रतिशत) | स्थानीय | ८०.३ | ८०.३ | ८२.५ | ८४.९ | ८७.३ | ८९.७ | | |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (प्रतिशत) | स्थानीय | ७७.५ | ७७.५ | ७९.५ | ८१.५ | ८३.६ | ८५.७ | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (प्रतिशत) | स्थानीय | ८०. | ८०. | ८१.९ | ८३.८ | ८५.७ | ८७.७ | | |
| २.११ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (प्रतिशत) | स्थानीय | ५७.२ | ५७.२ | ५९.३ | ६१.५ | ६३.७ | ६६.१ | | |
| २.१२ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (प्रतिशत) | स्थानीय | ६८.७ | ६८.७ | ६९.८ | ७०.८ | ७१.९ | ७२.९ | | |

| क्र.सं. | सूचक | सूचकहरुको तह | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (प्रतिशत) | स्थानीय | ५२.१ | ५२.१ | ५३.७ | ५५.३ | ५६.९ | ५८.६ | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (प्रतिशत) | स्थानीय | ५२.५ | ५२.५ | ५४.१ | ५५.८ | ५७.५ | ५९.३ | | |
| २.१५ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.१ | १.१ | १.१ | १.१ | १.१ | १.१ | | |
| २.१६ | विद्यालय वाहिर रहेका बालबालिका (प्रतिशत) १-५ कक्षा र १-१२ कक्षा | स्थानीय | ३६.५ | ३६.५ | ३५.२ | ३३.८ | ३२.४ | ३१. | | १-८ कक्षा |
| | | स्थानीय | ७५. | ७५. | ७३.१ | ७१. | ६८.८ | ६६.४ | | १-१२ कक्षा |
| २.२ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (प्रतिशत) | स्थानीय | ३९.५ | ३९.५ | ३९.६ | ३९.७ | ३९.८ | ३९.९ | | |
| | | ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (प्रतिशत) | स्थानीय | ११. | ११. | १२.७ | १४.६ | १६.८ | १९.३ | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (प्रतिशत) | स्थानीय | १९.८ | १९.८ | २१.१ | २२.४ | २३.८ | २५.२ | | |
| ३.३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | स्थानीय | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | | |
| ३.४ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० को अन्त्यसम्म टिक्नेको दर | स्थानीय | ३४.६ | ३४.६ | ३५.८ | ३७. | ३८.३ | ३९.६ | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (प्रतिशत) | स्थानीय | ३२.९ | ३२.९ | ३४. | ३५.२ | ३६.४ | ३७.७ | | |
| ३.६ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० तथा माध्यमिकत्तह (कक्षा १-१०) पुरा गर्नेको दर | स्थानीय | ३२.२ | ३२.२ | ३३.२ | ३४.३ | ३५.४ | ३६.५ | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (प्रतिशत) | स्थानीय | ३४.४ | ३४.४ | ३५.४ | ३६.५ | ३७.६ | ३८.७ | | |
| | ४. | जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | ११.७ | ११.७ | | | | | | |

| क्र.सं. | सूचक | सूचकहरुको तह | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | सूचकको स्रोत | तथ्याँकको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४.२ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (प्रतिशत) | स्थानीय | ९६.३ | ९६.३ | | | | | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (प्रतिशत) | स्थानीय | २१.४ | २१.४ | | | | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्ष भन्दा माथि) | स्थानीय | ०.६ | ०.६ | | | | | | |
| | ५ सुशासन तथा व्यवस्थापन | | | | | | | | | |
| ५.१ | आधारभूत तह (कक्षा१-५) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ११८. | ११८. | १२४.६ | १३१.६ | १३८.९ | १४६.७ | | |
| ६.१ | आधारभूत तह (कक्षा६-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | २२१.२ | २२१.२ | २२७. | २३२.९ | २३८.९ | २४५.२ | | |
| ७.१ | आधारभूत तह (कक्षा१-८) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ११७. | ११७. | १२४. | १३०. | १३६. | १४०. | | |
| ८.१ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात(सामुदायिक विद्यालय) | स्थानीय | ८३ | ८३ | ८९.९ | ९७.९ | १०६.६ | ११६.१ | | |
| ९.१ | माध्यमिक तह (कक्षा११-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ८८.५ | ८८.५ | ७९.८ | ७१.९ | ६४.९ | ५८.५ | | |
| | ६. शिक्षामा लगानी | | | | | | | | | |
| ६.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (प्रतिशत) | स्थानीय | | | | | | | | |
| ७.१ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | | |
| ८.१ | माध्यमिक तह (कक्षा९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | | | |

स्रोत : शिक्षा शाखा, EMIS, टुलकिट २०८

परिच्छेद: तिन

# विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.परिचय

बृन्दावन नगरपालिकाको विद्यालय शिक्षा क्षेत्र योजना सन्२०२५–२०२९सम्मका लागि तयार गरिएको पञ्च वर्षीय योजना हो, जसले विद्यालय शिक्षाका दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीति पहिचान गर्दै प्रमुख क्रियाकलापहरू र लागत अनुमान समेत प्रस्तुत गरेको छ। पहिलो चरणमा शिक्षा क्षेत्रको वर्तमान अवस्थाको समग्र समीक्षा गर्दै योजनाको आवश्यकता तथा प्राथमिकता पहिचान गरिएको छ। दोस्रो चरणमा योजनाका समग्र दूरदृष्टि, ध्येय, उद्देश्य, रणनीति तथा लक्ष्यहरू निर्धारण गरिएका छन्। तेस्रो चरणमा विद्यालय शिक्षा अन्तर्गतका विभिन्न उपक्षेत्रहरू जस्तैबाल विकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइसम्बन्धी वर्तमान अवस्थाको समीक्षा गर्दै चुनौतीहरू पहिचान गरिएको छ। साथै, पाठ्यक्रम, मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापन जस्ता क्षेत्रहरूको विस्तृत विश्लेषण गरी समस्याहरू समाधानका लागि रणनीति तथा क्रियाकलापहरू निर्धारण गरिएका छन्। यस योजनाले बृन्दावन नगरपालिकाको विद्यालय शिक्षा क्षेत्रको समग्र सुधार गर्दैंगुणस्तरीय शिक्षा प्रवर्द्धन, शिक्षामा पहुँच वृद्धि, तथा दिगो विकास सुनिश्चित गर्ने लक्ष्य लिएको छ।

## ३.१.प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१ परिचय

समान्यतया ४ वर्ष उमेर भन्दा मुनिका बालबालिकाहरूको शारीरिक, मानसिक, बौद्धिक, संबेगात्मक र सामाजिक विकासको समग्ररुपमा बाल विकास हो ।यस उमेरमा बालबालिकामा स्वस्थकर बानीको विकास, सुरक्षाका उपाय अवलम्वन गर्ने क्षमताको विकास, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार र सीपको विकास गराउन दिइने अवसर वा शिक्षा नै बालशिक्षा हो । प्रारम्भीक बाल विकास र शिक्षाको पाठ्यक्रम उमेरगत विकासात्मक पक्षलाई ध्यान दिई एकीकृत सिद्धान्तका आधारमा विकास गरिएको हुन्छ । फलस्वरूप सिकाइको तत्परतामा उल्लेख्य प्रगति भएको छ जसका कारण विद्यालय छोड्ने र कक्षा दोहोर्याउने दर घटेको देखिन्छ ।प्रदेश स्तरमा होस या नगरस्तर गणितीय सिपको उपलब्धी न्यून देखिन्छ । त्यसैले प्रारम्भिक तहका सिकाई मापदण्डको प्रयोग गरि बालबालिकाको शारीरिक, संवेगात्मक, सांस्कृतिक, भाषिक, सामाजिक तथा संज्ञानात्मक पक्षको विकासको मापन गर्न जरुरी छ । कक्षा कोठालाई बढीभन्दा बढी बालमैत्री बनाउने, सामग्रीको उपलब्ध गराउने, बालबालिकाको अन्तरनिहित प्रतिभाको प्रस्फुटन हुन सक्ने अवस्थाको निर्माण गर्नु पर्दछ । यो कार्यक्रमलाई नतिजामुल्क बनाउन प्रमुख सरोकारवला सरकारी तथा गैर संस्था, स्थानिय सरकार, समुदाय, विद्यालय तथा आम सरोकारवालाहरुको हातेमालो वा सहयोग हुन त्यतिकै महत्त्वपूर्ण छ ।

### ३.१.२.वर्तमानअवस्था

बृन्दावन नगरपालिका अन्तर्गत कुल२६ वटा बालविकास केन्द्रहरू विद्यालयहरूमै सञ्चालनमा रहेका छन् । तीमध्ये २० जना शिक्षक तत्कालीन जिल्ला शिक्षा कार्यालयद्वारा नियुक्तभएका छन् भने बाँकी ६ जना शिक्षक नगरपालिकाको स्रोतबाट कार्यरत छन् । तर अधिकांस बालविकास केन्द्रहरू सरकारले तोकेको मापदण्ड अनुसार सञ्चालन नभएको पाइन्छ । हाल बालविकास शिक्षामा सहभागी भएका बालबालिकामध्ये ४५.३ प्रतिशत मात्र इसीडी )ECD) अनुभवसहित कक्षा १ मा भर्ना हुनेगरेका छन्, जहा कुल भर्ना दर २३.५ प्रतिशत र खुद भर्ना दर १७.९ प्रतिशत रहेको छ । जुन अपेक्षित स्तरभन्दा कम हो। नगरपालिकाको

भूगोल, जनसंख्या र बस्तीको संरचनालाई मध्यनजर गर्दै बालविकास केन्द्रहरूको समायोजन, स्थानान्तरण तथा नयाँ केन्द्रहरूको स्थापना आवश्यक देखिन्छ । साथै, स्थापित बालविकास केन्द्रहरूको संस्थागत विकास तथा थप व्यवस्थापन गर्नुका साथै, नयाँ केन्द्रहरूको स्थापना एवं सहजकर्ताहरूको सीप तथा क्षमता अभिवृद्धिगर्दै जानु पनि जरुरी छ ।

**३.१.३ समस्या तथा चुनौतिहरु**

१. प्रारम्भिक बाल विकास केन्द्रको न्युनत्तम मापदण्ड पुरा गर्दै बालबालिकाहरुको सर्वाङगिण विकास गर्नु ।
२. पिछाडीएका वर्गका बालबालिकाहरुलाई बाल शिक्षाको पहुँचमा सुनिश्चत गर्नु ।
३. ५४.७ प्रतिशत बालबालिका बालविकास कक्षाको अनुभव नलिई कक्षा १ मा भर्ना हुनु ।
४. कुल र खुद भर्ना दर कम क्रमस २३.५ र १७.९ प्रतिशत ।
५. योग्यता तथा तालिम प्राप्त सहजकर्ताको ब्यवस्था गर्नु तथा टिकाइ राख्नु ।
६. सबै बालविकास केन्द्रहरुमा तोकिएको पाठ्यक्रम अनुरुप सहजीकरण गर्नु ।
७. प्रारम्भिक बालहेरचाह पोषण सुरक्षा तथा सिकाइका सम्बन्धमा अभिभावक जागरण गर्नु
८. शिक्षणमा भाषागत समस्या
९. चार बर्षका विद्यालय क्षेत्र भित्रका सवै बालबालिकालाई विद्यालयमा ल्याउन र टिकाउन ।
१०. बालविकासको सिकाई प्रक्रियालाई प्रभावकारी वनाउन बालमैत्री, व्यवाहारिक र प्रविधि मैत्री वनाउनु ।

**३.१.४ उदेश्यहरु**

यस पालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको क्षेत्रमा देहाय बमोजिमको हुने छ ।

१. ५ बर्ष मुनिको सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा शिक्षामा समान पहुँच सुनिश्चत गर्नु ।
२. पाठ्यक्रम २०७७ अनुसार ५ वर्षमुनिका बालबालिकाको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक, आध्यात्मिक तथा नैतिक क्षमताको विकास गरी प्रारम्भिक बाल शिक्षा तथा विकास/पुर्व प्राथमिक शिक्षालाई कक्षा १ मा प्रवेशको तयारी गराउनु ।
३. बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ को मापदण्ड अनुसार बनाएर गुणस्तरीय बनाउनु ।

**३.१.५ रणनीति**

योजनाका उदेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अबलम्बन गरिनेहछ |

१. बालविकास केन्द्रहरुको नक्शाकन तथा
२. अति सिमान्तकृ समुदायका बालबालिकालाई बालविकास केन्द्रको पहुँचमा ल्याई कक्षा १मा भर्ना हुन आवश्यक आधार तयार गर्ने
३. हाल सञ्चालनमा रहेका बालविकास केन्द्रहरूको भौतिक अवस्था र भौगोलिक अवस्थितिको सर्वेक्षण गरी तोकिएको मापदणड अनुसार विकास तथा सुधार गर्ने
४. सबै सहजकर्ताहरुका लागि पुनार्ताजकि तालिम सञ्चालन गर्ने
५. सिकाइमा कक्षाकोठाको समय व्यवस्थापनका लागि स्थान शिक्षण सामग्रीको निर्माण र प्रयोगका लागि उचित व्यवस्था गर्ने

६. प्रत्येक वडामा बालबालिकाको चौतर्फी विकास र मनोरञ्जनका लागि एउटा बाल उद्यान निर्माण गर्ने ।
७. भौतिक तथा शैक्षिक वातावरण बालमैत्री,सिकाइ मैत्री,समावेशी, भय रहित र सुरक्षित बनाउनु ।
८. सबै बालबालिका पहुच पुग्नेगरी खानेपानी शौचालय ,सिकाई सामाग्री लगायत राष्ट्रिय मापदण्ड उल्लिखित सुविधाहरु उपलब्ध गराउने ।
९. कक्षाकोठामा श्रव्यदृश्य सामग्रीको व्यवस्थापन गर्न ।

### ३.१ .६ प्रमुख उपलब्धी तथा नतिजाहरु

**क. उपलब्धी**

१. सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर पाएका हुने ।
२. बालविकास केन्द्रहरु न्यूनतम मापदणड पुरा भएको हुने ।
३. दक्ष तालिम प्राप्त शिक्षकबाट अध्ययन अध्यापन भएको हुने छ ।

**ख.प्रमुख नतिजाहरु**

१. प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने वातावरण तयार हुनेछ।
२. सबै प्रारम्भिक बालविकास सहजकर्ताहरु मन्टेश्वरीमा आधारित ३० दिने तालिम प्राप्त गरेकाहुनेछन् ।
३. प्रारम्भिक बालविकास शिक्षाको कार्यान्वयनका लागि परिवार, समुदाय, गैरसरकारी संघ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाइनेछ।
४. शत प्रतिशत विद्यालयहरुमा अपांङ्गता मैत्री छात्रामैत्री र लैङ्गिकमैत्री पूर्वाधारको निर्माण भएको हुनेछ ।
५. बालिका लक्षित खेलकुद, अतिरिक्त क्रियाकलाप, बालिका मैत्री पोशाक तथा मातृभाषामा आधारित बहुभाषिक शिक्षण विधिमा संचालन हुनेछ ।
६. राष्ट्रिय मापदण्ड अनुसारको न्यूनतम ५ वटा मध्ये ३ वटा मापदण्ड पुरा भएको विद्यालय हुने छन ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (प्रतिशत) | २३.५ | २३.५ | २५.२ | २७. | २८.९ | ३०.९ |
| २ | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (प्रतिशत) | १७.९ | १७.९ | १९.७ | २१.७ | २३.९ | २६.३ |
| ३ | खुदभर्ना दरमा लैगिंक समता सूचक | १.३ | १.३ | १.३ | १.३ | १.३ | १.२ |
| ४ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (प्रतिशत) | ४५.३ | ४५.३ | ४६. | ४६.७ | ४७.५ | ४८.२ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| ५ | तालिमप्राप्त शिक्षक | ७५. | ७५. | ७७.७ | ८०.५ | ८३.४ | ८६.४ |

## ३.१.६ प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्युनतम मापदण्डहरू विकास, परिमार्जन तथा प्रबोधीकरण | पटक | १ | | | | | १ | | संघ, प्रदेश र स्थानीय तह |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षाको नक्साङ्कन गरी पुनर्वितरण तथा नयाँ थप केन्द्रको स्थापना | पटक | | | १ | | | १ | | स्थानीय तह |
| ३ | अपाङ्गता मैत्री शौचालयको व्यवस्था | संख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | २० | स्थानीय तह |
| ४ | बालविकास केन्द्रहरुमा बाल मैत्री प्रविधियुत्त सिकाई कक्ष व्यवस्थापन | वटा | ३ | ३ | ३ | ३ | ३ | १५ | २० | संघ र स्थानीय तह |
| ५ | वडा स्तरिय बाल उद्यान निर्मान | वटा | २ | २ | २ | २ | १ | ९ | ९ | स्थानीय तह |
| ६ | खेलकुद तथा सिकाई समाग्रिहक व्यचस्था | संख्या | ५ | ५ | ५ | ३ | २ | २० | २० | स्थानीय तह |
| ७ | बालविकास केन्द्रहरुलाई सूचना तथा संचार प्रविधिमैत्री वनाउने | संख्या | ५ | ५ | ५ | ३ | २ | २० | २० | विद्यार्थीहरुलाई कोड दिई Child trekking |
| ८ | अनुगमन, सुपरिवेकाषण सहयोग तथा सहजिकारण | निरन्तर | | | | | | | | स्थानीय तहको सहयोगमा प्रारम्भिक बालविकास केन्द्र |
| ९ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका बालबालिकाका लागि पोषणयुक्त दिवा खाजाको व्यवस्था | निरन्तर | | | | | | | | संघ र स्थानीय तह |
| १० | बाल विकास कक्षाका शिक्षकहरुको कलस्टर निर्माण र नियमित वैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | संघ र स्थानीय तह |
| ११ | हरेक कलस्टरमा उत्कृष्ट बालशिक्षकलाई सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ र स्थानीय तह |
| १२ | बालविकास केन्द्रहरुको वडागत नक्साकंन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | नमुना बालविकास केन्द्रको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ, प्रदेश र स्थानीय तह |
| १४ | सबै प्रारम्भिक बालविकास केन्द्रमा शिक्षक र बालबालिकाको अनुपात बढीमा १:२० कायम | निरन्तर | | | | | | | | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १५ | प्रारम्भिक बाल विकास तथा शिक्षामा बालबालिकालाई गुणस्तरीय एकीकृत सेवा प्रदान | निरन्तर | | | | | | | | स्थानीय तह |
| १६ | सिकाइ क्रियाकलाप सहजीकरणमा मातृभाषालाई प्राथमिकता दिई आवश्यकता अनुसार स्थानीय भाषाको प्रयोग | निरन्तर | | | | | | | | स्थानीय तह |
| १७ | बालबालिकाको मासिक स्वास्थ्य जाँच , खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन (Growth Monitoring) गरी कुपोषण भएका बालबालिकाका लागि आवश्यक प्रबन्ध | निरन्तर | | | | | | | | स्थानीय तह |
| १८ | प्रारम्भिक बालविकास तथा शिक्षाका व्यवस्थापन समितिका सदस्यहरू, वर्तमान तथा भावी अभिभावक तथा सरोकारवालाहरूका लागि प्रारम्भिक बालविकास तथा शिक्षासम्बन्धी नियमित अभिमुखिकरण | निरन्तर | | | | | | | | स्थानीय तहले |
| १९ | ग्रेडिङ अनुसार मापदण्ड पुरा गरेर निरन्तर प्रगतिमा रहेका बालविकास तथा शिक्षा केन्द्र तथा सम्बन्धित केन्द्रको शिक्षकलाई प्रोत्साहनका लागि पुरस्कृत गर्ने | पटक | १ | | १ | | १ | ३ | | स्थानीय तह । पहिलो पटक baseline का लागि र त्यस पश्चात् प्रत्येक २ बर्षमा कति सुधार भयो भन्ने आधारमा |
| २० | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा कम्तीमा महिनाको एक पटक अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने | निरन्तर | | | | | | | | स्थानीय तह/बालविकासकेन्द्र |
| २१ | प्रारम्भिकबालविकास तथा शिक्षा कार्यक्रममा शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मकसुरक्षाको व्यवस्था गर्नेर आवश्यकताको आधारमा मनोसामाजिक परामर्शदाता वा संस्थासँग समन्वय गर्ने | निरन्तर | | | | | | | | स्थानीय तह/बालविकासकेन्द्र |
| २२ | शिक्षकको पेसागत विकासका कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | | | स्थानीय तह |
| २३ | प्रारम्भिक बालविकास तथा शिक्षामा परिवार तथा समुदाय, निजी क्षेत्र तथा गैरसरकारी संघ संस्थाको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | निरन्तर | | | | | | | | स्थानीय तह |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २४ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रको वर्तमान अवस्थाको परीक्षण गरी न्यूनतम मापदण्ड पूरा गराउन बजेट व्यवस्थाका लागि लागत साझेदारी मापदण्ड २०७७ परिमार्जन गरी कार्यान्वयन | निरन्तर | | | | | | | | संघ ,प्रदेश ,स्थानीय तह |
| २५ | प्रारम्भिक बालविकास तथा शिक्षाको लाइसेन्स प्राप्त व्यक्तिबाट शिक्षकछनौटको व्यवस्था गरी शिक्षकहरूको पारिश्रमिक तथा सेवा सुविधा वृद्धि | निरन्तर | | | | | | | | स्थानीय तहसंघ , |
| २६ | प्रत्येक प्रारम्भिक बालविकास तथा शिक्षाका लागि शिक्षकबाहेक कक्षा १० उत्तीर्ण एकजना सहयोगीको व्यवस्था गर्ने । सहयोगीलाई स्वास्थ तथा स्याहार सम्बन्धी आधारभूत तालिमको व्यवस्था | निरन्तर | | | | | | | | स्थानीय तह |
| २७ | सबै प्रकारका प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई अनिवार्य रुपमा शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा दर्ता गराई पाठ्यक्रम कार्यान्वयन | निरन्तर | | | | | | | | स्थानीय तह |
| २८ | संघीय सरकारले बालविकास तथा स्याहार कार्यक्रम(४८ महिनाभन्दा कमका लागि) को सिकाइ तथा विकास सम्बन्धि पाठ्यक्रम निर्माण | पटक | १ | | | | | १ | | स्थानीय तह |
| २९ | प्रारम्भिक बालविकास सेवातथा पाठ्यक्रमको कार्यान्वयन, अनुदान तथा सहयोगको उचित प्रभावकारिताको सम्बन्धमा मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, प्रादेशिक प्रारम्भिक बालविकास समिति, स्थानीय प्रारम्भिक बालविकास समितिबाट अनुगमन, सुपरीवेक्षण, सहयोग तथा सहजीकरण | निरन्तर | | | | | | | | संघ,प्रदेश ,स्थानीय तहअनुगमन तथा ) सुपरिवेक्षणमा विज्ञहरूलाई पनि (समावेश गर्ने |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

आधारभूत शिक्षा बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन, र सामाजिक समायोजनमा सहयोग गर्दछ। नेपालका संविधान, शिक्षा ऐन, तथा अन्तर्राष्ट्रिय सन्धिहरूले कक्षा ८ सम्मको शिक्षालाई निःशुल्क र अनिवार्य बनाएको छ, जसको कार्यान्वयन संघ, प्रदेश, र स्थानीय सरकारको साझा जिम्मेवारी हो। साथै, बालबालिकालाई विद्यालय पठाउनु नागरिकको कर्तव्य हो भने यसको व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीमा राखिएको छ।

**३.२.२ बर्तमानअवस्था**

आधारभूत तहको शिक्षा सुधारका लागि कार्यान्वयनमा आएका विभिन्न योजना, परियोजना, आयोगका सुझाव लगायतका विभिन्न प्रयासको परिमाण स्वरुप खुद भर्ना दर १-८ सम्म ५७.२ पुगेको छ ।अझै पनि विभिन्न कारण जस्तै आर्थिक रूपले पिछडिएको,सीमान्तीकृत समुदाय, दलित, कठिन परिस्थितिमा रहेका १ देखि ८ कक्षामा अध्ययन गर्ने बालबालिका मध्ये३६.५प्रतिशत बालबालिका विद्यालय छोड्ने गरेका छन्।प्रदेश को कक्षाको १ कुल भर्नादर ७०.३ मात्र छ । बालमैत्री विद्यालय, समावेशी शिक्षा, शिक्षा विकासमा कमी जस्ता कारणले विद्यार्थीको खुद भर्ना दर कम छ र विद्यालय छोड्ने र दोहोरीने दर पनि उच्च छ । शैक्षिक गुणस्तर परीक्षण केन्द्रको प्रतिवेदन अनुसार गणितीय सीप सिकाइको स्तर न्यून छ । यस बृन्दावन नगरपालिका पनि यस्ता समस्याहरुबाट अछुतो हुन छैन ।२० वटा समुदियाक ४ वटा संस्थागत विद्यालय गरी जम्मा २४ वटा विद्यालयहरु संचालनमा रहेका छन् । यस नगरपालिकामा करिब ८०११ जना केटा,७५२७ जना केटी गरी जम्मा १५५३८ जना बालबालिकाहरु अध्ययनरत छन् । २८ जना बाल विकास सहजकर्ता, १०९ जना आधारभुत तह शिक्षक(१-५ ), २३ जना आधारभुत तह शिक्षक(६-८ ), २३ जना माध्यमिक तह शिक्षक(९-१० ),११जना माध्यमिक तह शिक्षक(११-१२)शिक्षकको संख्या रअन्यजम्मा २६ जनागरी जम्मा २२० जना छ भने शिक्षक विद्यार्थी अनुपात हेर्दाकक्षा १देखि ५ सम्मकोशिक्षक विद्यार्थी अनुपात हेर्दा ११८ जना छ भने कक्षा ६ देखि ८ सम्मको शिक्षक विद्यार्थी अनुपात हेर्दा २२१ जना रहेको देखिन्छ यसरी हेर्दा शिक्षक विद्यार्थी अनुपात औसत भन्दा बढी देखिन्छ । बेलाबेलामा उनी सुपरीवेक्षण र निरीक्षणका लागि एकजना शिक्षा अधिकृत र एक जना प्राविधिक सहायक को व्यवस्था छ ।

नगरपालिकाको सेवा क्षेत्रभित्र भएका सामुदायिक विद्यालयहरुमा अध्ययनरत बालबालिकाहरुलाई विद्यालयमा उपस्थित भएको दिन दिवा खाजाका लागि दैनिक रु १५ रुपैयाँ दिनुका साथै सबै बालबालिकाका लागि आवश्यक पर्ने भाँडाकुँडाको व्यवस्था भएको छ सरकारको सशर्त अनुदान शिक्षक दिवाखाजा अन्तर्गत रकम निकासा दिने गरिन्छ र सोही रकमबाट बच्चाहरूको दैनिक खाजाको व्यवस्था हुनेगर्दछ।

बृन्दावन नगरपालिका भित्र धार्मिक विद्यालयको रुपमा वडा नम्बर २, ६ र ९ मा ३ वटा मदरसा विद्यालय रहेको छ यस संस्थाले नेपाल सरकारबाट पाठ्यपुस्तक त पटक पठनपाठन गराइरहेको छैन तर धार्मिक पाठ्यपुस्तकको पठनपाठन भने नियमितरुपमा हुने गरेको छ। यो विद्यालय पनि फरक पद्धतिको अनुभूतिबाट सञ्चालन भएपनि यसले विद्यालय जान नसक्ने बालबालिकालाई शिक्षा प्रदान गर्दै आएका छन् ।

तत्कालीन जिल्ला शिक्षा कार्यालयबाट अनुमति लिई बृन्दावन नगरपालिकामा पशुपतिनाथ सामुदायिक अध्ययन केन्द्र बृन्दावन-८ र कृष्ण गोपाल सामुदायिक अध्ययन केन्द्र बृन्दावन-३ गरी जम्मा २ वटा सामुदायिक अध्ययन केन्द्रका रूपमा सिकारुको सिकाइ केन्द्र स्थापना भएको छ। विशेषगरी सामुदायिक सिकाइ केन्द्रको माध्यमबाट सबै सूचना साक्षरता शिक्षा आयआर्जन रोजगारीको व्यवस्था सीपमूलक तालिम जस्ता कार्यहरूका लागि नेपाल सरकारको रसिकाइ केन्द्र स्थापनाको उद्देश्य बमोजिम यस नगरपालिकामा पनि विभिन्न कार्यक्रम सञ्चालनका लागि सिकारुको सिकाइ केन्द्र सञ्चालनमा रहेको छ ।

**३.२.३ समस्याहरु तथा चुनौतिहरु**

१. निर्धारित पाठ्यक्रम अनुसार नियमित कक्षा संचालन नभएको,

२. कक्षा संचालन अवधिमा एकरुपता नभएको,

३. तालिममा अप्राप्त स.का.ले कक्षाको जिम्मेवारी लिनु पर्ने जिम्मेवारी लिनु पर्ने बाध्यता,

४. सिकाई मनोरञ्जनात्मक नहुनु,

५. वर्गीकरण नहुनु स्थानीय सिकाई केन्द्र संग समन्वय,
६. बालविकास केन्द्रको संयुक्त वडापत्र नहुनु,
७. शिक्षक विद्यार्थीसंख्या अनुपात अनुसार शिक्षक संख्या नरहेको,
८. कक्षाकोठामा पाठको प्राकृतिक अनुसार शिक्षण सिकाई सामाग्रीको प्रयोग नहुन,
९. विद्यार्थीसंख्या अनुसार कक्षाकोठाको अभाव,
१०. १ देखि८ कक्षामा अध्ययन गर्ने बालबालिका मध्ये ३६.५ प्रतिशत बालबालिका विद्यालय छोड्ने दरभाएको,

**३.२.४ उदेश्यहरु**

१. समतामुलक पहुँच र सहभागिता सुनिश्चित गर्न
२. आधारभूत तह पूरा गर्ने अवस्था सुनिश्चित गर्नु,
३. न्यूनतम सिकाइ उपलब्धी प्राप्त गर्न टिकाउ दर वृद्धि गर्नु,
४. School and Happy Curriculum निर्माण गर्न

**३.२.५ रणनीतिहरु**

१. मापदण्डका आधारमा विद्यालयको वातावरण अपांगतामैत्री, बालमैत्री, लैङ्गिक मैत्री बनाइ विद्यालयको समायोजन तथा पुनःसंरचना गरिनेछ ।
२. तीनै तहका सरकारसँग समन्वय गरी अनिवार्य तथा निशुल्क शिक्षाको प्रत्याभूति गराउने र पढ्दै कमाउदै कार्यक्रमलाई विद्यालयसँग जोडिनेछ ।
३. विद्यालय बाहिर रहेका बालबालिकालाई समता रणनीति, साक्षर नेपाल अभियान, सिकाइ केन्द्र, मोदर्सा, धार्मिक विद्यालय मार्फत पहुँच र सवैका सुनिश्चित गरिनेछ ।
४. शिक्षण विधि, मूल्याङ्कन विधि, शैक्षिक मानव संसाधनको विकास, पेशागत विकास,दिवा खाजा कार्यक्रम, मनोसामाजिक परामर्श, विद्यालय प्रविधिको प्रयोग जस्ता कार्यका लागि यथेष्ट लगानीको स्रोत सुनिश्चित गरिनेछ ।

**३.२.६ प्रमुख उपलब्धी र नतिजा**

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा प्रविधियुक्त पहुँचसहभागिता र गुणस्तर अभिवृद्धि ,भएको हुने।

**क)उपलब्धी**

१. विद्यालय नक्साङ्कनमार्फत् सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा समायोजन भएको हुने।
२. स्थानीय सरकारले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको कार्यान्वयन गर्न बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने।
३. आधारभूत तह पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने।
४. स्थानीय तहले आवश्यक सहकार्य गरी विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति सचेत बनाउने।
५. विद्यालय शिक्षालाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरि सहज र उपयोगी बनाउने कार्यलाई व्यवस्थित रूपमा विस्तार गरिने।
६. जनशक्तिको क्षमता विकास गर्दै आधारभूत तहमा गुणस्तरीय शिक्षा र शैक्षिक सुशासन कायम हुने।

७. विद्यार्थीकोसिकाइ उपलब्धि राष्ट्रिय औसत उपलब्धिसँग बराबर हुने।

**ख) नतिजा**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (प्रतिशत) | ४८.६ | ४८.६ | ५१.६ | ५४.७ | ५८.१ | ६१.७ |
| २ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (प्रतिशत) | ७०.३ | ७०.३ | ७०.८ | ७१.३ | ७१.८ | ७२.३ |
| ३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (प्रतिशत) | ६४.२ | ६४.२ | ६६. | ६७.८ | ६९.७ | ७१.६ |
| ४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (प्रतिशत) | ८०.३ | ८०.३ | ८२.५ | ८४.९ | ८७.३ | ८९.७ |
| ५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (प्रतिशत) | ७७.५ | ७७.५ | ७९.५ | ८१.५ | ८३.६ | ८५.७ |
| ६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (प्रतिशत) | ८०. | ८०. | ८१.९ | ८३.८ | ८५.७ | ८७.७ |
| ७ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (प्रतिशत) | ५७.२ | ५७.२ | ५९.३ | ६१.५ | ६३.७ | ६६.१ |
| ८ | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (प्रतिशत) | ६८.७ | ६८.७ | ६९.८ | ७०.८ | ७१.९ | ७२.९ |
| ९ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर (प्रतिशत) | ५२.१ | ५२.१ | ५३.७ | ५५.३ | ५६.९ | ५८.६ |
| १० | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (प्रतिशत) | ५२.५ | ५२.५ | ५४.१ | ५५.८ | ५७.५ | ५९.३ |
| ११ | आधारभूत तह(कक्षा १-८) कूल भर्ना दरमा लैङ्गिक समता सूचक | १.१ | १.१ | १.१ | १.१ | १.१ | १.१ |
| १२ | विद्यालय वाहिर रहेका बालबालिका (प्रतिशत) १-५ कक्षा र १-१२ कक्षा | ३६.५ | ३६.५ | ३५.२ | ३३.८ | ३२.४ | ३१. |
| | | ७५. | ७५. | ७३.१ | ७१. | ६८.८ | ६६.४ |
| १३ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या (प्रतिशत) | ३९.५ | ३९.५ | ३९.६ | ३९.७ | ३९.८ | ३९.९ |

**३.२.७ प्रमुख क्रियाकलापहरु तथा लक्ष्य :**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | | १ | १ | | | २ | ३ | नगरपालिका |
| २ | शिक्षक योग्यता र दरबन्दी निर्धारण तथा | पटक | | १ | १ | | | २ | ३ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुनराबलोकन | | | | | | | | | |
| ३ | आधारभूत तहमा सबै बालबालिकालाई विद्यालयमा भर्ना | प्रतिशत | ९२ | ९४ | ९६ | ९८ | ९९ | ९९ | १०० | नगरपालिका |
| ४ | कक्षा १ देखि ५ सम्मका बालबालिका लागि भाषिक पठनसिप विकासका लागि शिक्षक तथा बिद्यार्थी निर्मित स्थानीय सामाग्रीहरु सहित छापामय कक्षाकोठा ब्यबस्थापन | विद्यालय | | ३ | ४ | ४ | ४ | १५ | ७ | नगरपालिका |
| ५ | छापामय कक्षाकोठा ब्यबस्थापन नभएका कक्षा १ देखी ३ सम्मकाविद्यालयहरुलाई छापामय कक्षाकोठा ब्यबस्थापन | विद्यालय | | ५ | ५ | ६ | ६ | १६ | | नगरपालिका |
| ६ | विद्यालयमा न्युनतमभौतिक पूर्वाधार विकास | संख्या | ० | २ | ५ | ५ | ५ | १७ | २५ | संघ/ प्रदेश/ नगरपालिका |
| ७ | स्थानीय पाठ्यक्रम २०७८ को कार्यान्वयन | कक्षा | | ५ | ८ | | | १३ | | |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, संकट तथा योजना तयारी महामारीलगायतका परिस्थितिप्रति योजना तयार गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | संघ/ प्रदेश/ नगरपालिका |
| ९ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | २ | ३ | ३ | ३ | ३ | १४ | १० | ,, |
| १० | विद्यालय पोषण ,स्वास्थ्य कार्यक्रम तथा दिवा खाजा | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | ,, |
| ११ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | | | | | | | | नगरपालिका |
| १२ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | नगरपालिका |
| १४ | विधुतीयपुस्तकालय सञ्चालन | प्रतिशत | २ | २ | २ | २ | २ | १० | १२ | नगरपालिका |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | नगरपालिका |

## ३.३ माध्यमिक शिक्षा:

### ३.३.१ परिचय:

उच्च शिक्षाको तयारीका आधार र कामको सँसारमा प्रवेश गर्ने कला, संस्कृति, विज्ञान रप्रविधि क्षेत्रका आधारभुत मुल्य मान्यता तथा दृष्टिकोण तथा व्यवहार आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने तह माध्यामिक तह हो । नेपालको संविधान,२०७२ ले माध्यामिक शिक्षालाई निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ भने निःशुल्क तथा अनिवार्य शिक्षा ऐन,२०७५ ले प्रत्येक नागरिकलाई माध्यामिक तहको शिक्षा प्रदान गर्ने राज्यको दायित्व हो भनि उल्लेख गरेको छाराष्ट्रिय शिक्षा नीति,२०७६ ले गुणस्तरीय माध्यामिक शिक्षा सबैको निःशुल्कको पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनात्मक,रचनात्मक अध्ययनशीलता, सकरात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी सीप एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ।

### ३.३.२ वर्तमानअवस्था

यस वृन्दावन नगरपालिका क्षेत्र भित्र रहेका माध्यमिक विद्यालय ६ वटा रहेको छ। जसमा कक्षा ९ देखि १० कक्षा संचालन गर्ने १ वटा र कक्षा ११ देखि १२ कक्षा संचालन गर्ने जम्मा ५ वटा विद्यालयहरु रहेका छन् । यस नगरपालिकामा माध्यमिक विद्यालयमाअध्यनरत जम्मा छात्र ११२२ र छात्रा ८९५ गरी जम्मा विद्यार्थी संख्या २०१६ अध्ययनरत छन् । (ई.मि.स. २०८१)।लैंगिक सूचांक ०.८७ रहेकोछ ।टिकाउदर दरमा पनि सुधार भएको पाइन्छ ।माध्यमिकतह (कक्षा ९-१०) मा सहजै देखिने भर्ना दर (GER) ३०.७ प्रतिसत, माध्यमिकतह (कक्षा ९-१०) मा खुद भर्ना दर (NER) १८.७प्रतिसत, माध्यमिकतह (कक्षा ११-१२) मा सहजै देखिने भर्ना दर (GER) १० प्रतिसत, माध्यमिकतह (कक्षा ११-१२) मा खुद भर्ना दर (NER) ४.१प्रतिसत, माध्यमिकतह (कक्षा ९-१२) मा सहजै देखिने भर्ना दर (GER) १९.८प्रतिसत, माध्यमिकतह (कक्षा ९-१२) मा खुद भर्ना दर (NER) ११प्रतिसत, माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in GER) ०.८७ प्रतिसत, माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) ०.८७प्रतिसत रहेकोछ ।

अनुदान, स्थायी,राहत, स्थानीय तहबाट पारिश्रमिक पाउने गरी नियुक्ति पाएका शिक्षकहरु कार्यरत छन् । तह बढ्दै जाँदा दलित,अपाङ्गता,जनजाति समूहका बालबालिकाहरूको संख्या घट्दै जाने र विद्यालय छाड्ने दर उच्च देखिन्छ।

बृन्दावन नगरपालिकाले आफ्नो सेवा क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा शिक्षा मन्त्रालयले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिकाको प्रतिव्यक्ति लागत शीर्षक अन्तर्गत दलित छात्र अपाङ्ग असहाय जनजाति सबैलाई नियम बमोजिम छात्रवृत्ति वितरण गर्ने गर्दछ यसैगरी शिक्षा ऐन,२०२८ शिक्षा नियमावलि, २०५९ अनुसार यस नगरपालिकाभित्र रहेका संस्थागत विद्यालयहरुले पनि १०प्रतिशत बालबालिकालाई माथि उल्लेखित शिर्षकहरुमा छात्रवृत्ति वितरण गर्ने गर्दछन् ।

विद्यालयको सुशासन आर्थिक प्रशासन वातावरणिय अवस्था शैक्षिक अवस्था विद्यार्थी नतिजा कक्षाबाट व्यवस्थापन विद्यालय पूर्वाधार लगायतका विभिन्न पक्षहरुमा सुपरिवेक्षण गरी शैक्षिक सुदृढीकरणका लागि बृन्दावन नगरपालिका शिक्षा शाखाले गठन गरेको विज्ञ समूह कार्यपालिकाका सदस्य,विद्यालय व्यवस्थापन समिति अध्यक्ष, शिक्षा शाखा सहितको टोली र नगर स्तरीय शिक्षा योजना निर्माण समितिले अनुगमन सुपरिवेक्षण गर्ने कार्य गर्ने गरिएको छ। यसरी अनुगमन गरिसकेपछि विद्यालयमा व्यापक समस्याहरुलाई विज्ञ समूहबाट समाधान हुने कक्षाकोठा र विद्यालय प्रशासन सम्बन्धी समस्यालाई तत्काल समाधान गर्ने गरिएको छ भने लामो समय लाग्ने आर्थिक व्यवस्थापन गर्नुपर्ने खालका समस्याहरुलाई नगरकार्यपालिका समाधानका लागि बजेट विनियोजन लगायतका विभिन्न समाधानका उपायहरु खोज्ने गरिन्छ। निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई कार्यान्वयन गर्ने, प्राविधिक तथा व्यवसायिक शिक्षालाई व्यवस्थित गर्ने,विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउने,प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्ने ,विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउने,शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमानयोग्य बनाई व्यवस्थित गर्ने,विद्यालय शिक्षालाई समावेशी र समतामूलक बनाउने,विषयगत दरबन्दीको व्यवस्था गरी विद्यालयमा सक्षम जनशक्ति व्यवस्थापन गर्ने, विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र. अ. व्यवस्थापन गर्ने जस्ता चुनौतिहरु विद्यमान छन् । यस नागरपलिकाको समस्या तथा चुनौतिहरुलाइ बुदागत गर्दा यस प्रकार रहेकोछः-

### ३.३.३ समस्या तथा चुनौतिहरु

१. माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक (GPI in NER) ०.८७ प्रतिशत हुनु।
२. माध्यमिकतह (कक्षा १-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) ७५ प्रतिशत हुनु।
३. कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० सम्म पुग्ने दर (Survival Rate to Grade 10) ३२ प्रतिशत हुनु।

४. आधारभूतहमा (कक्षा १-८) तोकिएको उमेरसमूह भन्दा कम/बढी उमेर स्मुहका बिद्यार्थीको प्रतिशत (Percentage of Under and Ove age Children in Basic Level) ११.५ प्रतिसत हुनु ।
५. राष्ट्रिय विद्यालय मापदण्ड अनुसारको भौतिक पूर्वाधार नहुनु ।
६. विद्यार्थीक अनुपातमा शिक्षकको अपुग हुनु ।
७. विषय शिक्षकको कमि र कक्षाकोठा प्रविधि मैत्री नुहुनु !
८. विद्यार्थीहरुका लागि अतिरिक्त क्रियाकलापको व्यवस्थापन नहुनु ।
९. विशेष गरी ग्रामीण क्षेत्र तथा विपन्न समुदायमा विद्यार्थीले कक्षा १२ पूरा नगर्ने प्रवृत्ति।
१०. पुस्तकालय, प्रयोगशाला, कम्प्युटर तथा डिजिटल शिक्षाका लागि आवश्यक स्रोत-साधन सीमित हुनु ।
११. व्यावसायिक तथा प्राविधिक शिक्षा (Vocational Education) अझै राम्रोसँग विस्तार हुन नसकेको।
१२. शिक्षकको पेशागत विकासका लागि तालिम, मेनटरिङ जस्ता सहयोग पद्धतीको विकास हुन नसकेको ।

### ३.४.४ उद्देश्यहरू

१. माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चीत गरी गुणस्तरमा सुधार गर्नु।
२. विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु।
३. माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्याउने दर घटाउने।
४. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु।
५. भौतिक पूर्वाधारहरुलाई राष्ट्रिय मापदनड अनुरुप सवलिकारण तथा निर्माण गर्ने ।
६. अतिरिक्त क्रियाकालप मार्फत विद्यार्थीलाई स्वस्थ्य फुर्तिलो तथा अनुशासित बनाउने ।
७. शिक्षण क्रियाकलापलाई प्रविधि मैत्री वनाउने ।
८. शिक्षकको पेशागत क्षमता विकासका लागि तालिम प्रदान गरिने ।
९. विद्यालयमा ICT ल्याव व्यवस्थापनका लागि तालिम ता स्रोतको व्यवस्थापन गर्ने ।
१०. माध्यामिक शिक्षालाई जीवन उपयोगी शिक्षा, vocational eduation सँग जोडने ।

### ३.४.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछ ।

१. विद्यालय नक्शाङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूलाई पुनर्वितरण,समायोजन तथा स्थापना गरिनेछ ।
२. निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गरिनेछ ।
३. माध्यमिक तहमा सञ्चालन भइरहेको प्राविधिक धारमा थप २ क्षेत्र समेटिनेछ ।
४. माध्यमिक आवासीय विद्यालय विस्तार गरिनेछ ।
५. हरेक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधि बढाइनेछ ।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गरिनेछ ।
७. विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाइनेछ।

८. एउटा सामुदायिक विद्यालयको कक्षा ११ र १२ मा विज्ञान विषय अध्ययनका लागि आकर्षण बढाउन पर्याप्त पूर्वाधार सहितको व्यवस्था गरिनेछ।
९. आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण,समायोजन तथा थप गर्नेछ।
१०. साविक माध्यमिक विद्यालयलाई नगर नमूना माध्यमिक विद्यालयको रुपमा स्तरोन्नति गरिनेछ।
११. शिक्षकको पेशगत विकासका लागि छोटो कस्टमाइज तालिम संचालन गरिने ।
१२. हरेक विद्यालयमा कम्तिमा ३ जना शिक्षकलाई ICT सम्वन्धि तालिम प्रदान गरि क्षमता अभिवृद्धि गरिने छ ।
१३. विद्यालय बाहिर रहेका बालबालिकाहरूलाई पुनः भर्ना गर्न सघन कार्यक्रम सञ्चालन गरिनेछ।
१४. बाल क्लबहरूको नेतृत्व विकास तथा परिचालन गरी विद्यार्थीहरूलाई सिकाइ सुधारमा संलग्न गराइनेछ।
१५. विद्यालय-समुदाय समन्वयलाई सशक्त बनाउन अभिभावक शिक्षा कार्यक्रमहरू सञ्चालन गरिनेछ।
१६. विद्यालय नआउने वा विद्यालय छोड्ने विद्यार्थीहरूको नियमित ट्र्याकिङ प्रणाली लागू गरिनेछ।
१७. विद्यालय भौतिक पुर्वाधार निर्माण सम्वन्धि मापदण्ड अनुसारको विज्ञान प्रयोगशाला, पुस्तकालय तथा ICT ल्यावलाई थप व्यवस्थित बनाई प्रभावकारी प्रयोगको वातावरण सिर्जना गरिनेछ।

**३.४.६ प्रमुख उपलब्धि तथा नतिजाहरु**

**क) उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुने ।

**ख) नतिजा**

१. निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने तथा कक्षा छोड्ने र दोहोर्याउने दरमा कमी आउने ।
२. सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको हुने ।
३. माध्यमिक तहमा प्राविधिक धारतर्फको शिक्षा व्यवस्थित र विस्तार भएको हुने ।
४. माध्यमिक शिक्षा पूरा गर्ने विद्यार्थीले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेको हुने ।
५. विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा विस्तार तथा सहज प्रयोग र उचित सिकाइ वातावरणको निर्माण भएको हुने ।
६. विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र .अ. व्यवस्थापन हुने ।
७. माध्यमिक तहमा जनशक्तिको क्षमता विकास गरी गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुने ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (प्रतिशत) | ११. | ११. | १२.७ | १४.६ | १६.८ | १९.३ |
| २ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (प्रतिशत) | १९.८ | १९.८ | २१.१ | २२.४ | २३.८ | २५.२ |
| ३ | माध्यमिक तहमा कूल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ | ०.९ |
| ४ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० | ३४.६ | ३४.६ | ३५.८ | ३७. | ३८.३ | ३९.६ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| | को अन्त्यसम्म टिक्नेको दर | | | | | | |
| ५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (प्रतिशत) | ३२.९ | ३२.९ | ३४. | ३५.२ | ३६.४ | ३७.७ |
| ६ | कक्षा १ का जम्मा बिद्यार्थीमध्ये कक्षा १० तथा माध्यमिकत्तह (कक्षा १-१०) पुरा गर्नेको दर | ३२.२ | ३२.२ | ३३.२ | ३४.३ | ३५.४ | ३६.५ |
| ७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या (प्रतिशत) | ३४.४ | ३४.४ | ३५.४ | ३६.५ | ३७.६ | ३८.७ |

### ३.४.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कार्यविधितयारी | पटक | | १ | | | | १ | १ | नगरपालिका |
| २ | विद्यालयमा नक्शाङ्कन,पुनर्वितरण तथा समायोजन | पटक | | १ | १ | | | २ | २ | नगरपालिका |
| ३ | प्राविधिक धारको शिक्षाको विस्तार | संख्या | | | १ | | | १ | २ | नगरपालिका |
| ४ | शिक्षक योग्यताका मापदण्ड र दरबन्दी आधारको पुनरावलोकन | संख्या | ० | | १ | १ | | २ | १ | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | आवश्यकतानुसार स्कूल बसको व्यवस्था गर्ने | संख्या | | | १ | १ | १ | ३ | ५ | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, सतप्रतिशत स्थानीय तह सुधारको क्रियकलाप अनुसार | पटक | | १ | १ | १ | | ३ | | संघ/ प्रदेश/ नगरपालिका |
| ७ | नमुना माध्यमिक विद्यालय विस्तार | संख्या | | | | १ | | १ | १ | संघ/ प्रदेश/ नगरपालिका |
| ८ | सूचना तथा सञ्चार प्रविधि प्रविधिको प्रयोगमा क्षमता विकास | संख्या | | १ | १ | १ | | ३ | ५ | ,, |
| ९ | विद्यालय पोषण,स्वास्थ्य कार्यक्रम | प्रतिशत | | १० | १५ | १५ | १५ | ५५ | ४५ | ,, |
| १० | क्षमतामा आधारित प्र.अ. व्यवस्थापन | संख्या | | १ | | १ | | २ | ३ | नगरपालिका |
| ११ | प्रकोप प्रति सचेत रहन योजना विकास | पटक | | १ | | १ | | २ | २ | नगरपालिका |
| १२ | निःशुल्क शिक्षाको सुनिश्चितताका लागि विद्यार्थी पाठ्यपुस्तक | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० | संघ |
| १३ | आर्थिक रूपमा विपन्नका लागि ड्रेस, विद्यार्थी स्टेशनरी इत्यादि वितरण | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १४ | विधुतीय पुस्तकालय सञ्चालन | प्रतिशत | १ | १ | १ | १ | १ | ५ | १२ | नगरपालिका |
| १५ | सिकाइ सामग्री व्यवस्थापन | प्रतिशत | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | नगरपालिका |

## ३.४ उच्चशिक्षा

### ३.४.१ परिचय

उच्च शिक्षा देशको मेरुदण्ड हो। कुनै पनि राष्ट्रको समृद्धि तथा विकासको लागि शिक्षा महत्वपूर्ण साधन हो। माध्यमिक तहको शिक्षा पूरा गरेपछि रुचि र आवश्यकताको आधारमा उच्च शिक्षा हासिल गर्न चाहने विद्यार्थीहरुको संख्या पनि बढ्दै गइरहेको छ। देशको विभिन्न क्षेत्रमा उन्नति हासिल गर्नको लागि उच्चस्तरीय दक्ष जनशक्तिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। उच्च शिक्षा विशिष्टीकृत हुने हुनाले विद्यार्थीहरुले आफ्नो रुचिको विषयमा विशेष ज्ञान, सीप र दक्षता हासिल गर्दछन्, जसबाट देश र समाजले विशेष फाइदा पाउन सक्ने आशा गर्न सकिन्छ।

### ३.४.२ वर्तमानअवस्था

हरेक मुलुकमा दक्ष जनशक्तिको आवश्यकता पर्दछ। मुलुकको शैक्षिक, राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, औद्योगिक विकासका लागि योग्य जनशक्तिको जरुरत पर्दछ। त्यसका लागि विद्यालयीय शिक्षा कक्षा १२ भन्दा माथिको उच्च शिक्षा आवश्यकता पर्दछ। बृन्दावननगरपालिकामा एउटा सामुदायिक क्याम्पस उच्च शिक्षा प्रदायक संस्था रहेको छैन। यस पालिकाभित्रका विद्यालयहरुका कक्षा १२ उत्तीर्ण गरेका अधिकांश विद्यार्थी तथा छिमेकी पालिकाका विद्यार्थीहरु समेत त्यस क्याम्पसमा अध्ययनका लागि जाने गर्दछन । कोहि कोहि विद्यार्थी स्नातक र सबै जसो बिद्यार्थीहरु स्नाकोत्तर तहसम्मको शिक्षाको लागि जिल्लाभित्रका तथा जिल्ला बाहिरका अन्यस्थानमाजान बाध्य छन्। यसरी व्यक्तिको जीवनस्तर उकास्न, आधुनिक समाजमा रहेका विविध संघ संस्थाको गुणस्तरीय विकास गर्न, कार्य वातावरणमा उत्पन्न विभिन्न समस्याहरुको सही समाधान गर्नज्ञान, विज्ञान र प्रविधिको विकास गरी सामाजिक रुपान्तरण गर्न र विकासको गतिका लागि दक्ष जनशक्ति आपूर्ति गरी तीव्रता प्रदान गर्न उच्च शिक्षाको अहम् भूमिका रहन्छ।

### ३.४.३ चुनौतीहरुः

१. स्नातकोत्तर तहको क्याम्पसको सम्वन्धन र अनुमति लिन।
२. भौतिक पूर्वाधार विकास गर्न।
३. क्याम्पसको स्थायित्व र सुदृढीकरण गर्न।
४. गुणस्तरीय उच्च शिक्षाको प्रत्याभूति दिलाउन।
५. जनशक्ति व्यवस्थापन गर्न।

### ३.४.४. उद्देश्य

१. स्नातकोत्तर तहको क्याम्पस स्थापना, संस्थागत विकास तथा सुदृढीकरण गर्ने।
२. पूर्वाधार विकास गरी जनशक्ति व्यवस्थापन गर्ने।

### ३.४.४ रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. यस पालिकामा स्नातकोत्तर तहको क्याम्पस स्थापनार्थ सम्बन्धनका लागि त्रिभूवन विश्वविद्यालयमा पहल गर्ने।
२. सम्बन्धन प्राप्त क्याम्पसको संस्थागत विकासका लागि स्थानीय सरकार, प्रदेश सरकार र संघ सरकारसँग समन्वय गरी आर्थिक आवश्यकता पुरा गर्ने।
३. क्याम्पसको सुदृढीकरणको लागि विश्वविद्यालय अनुदान आयोगबाट अनुदान माग गरि सो अनुकूल कार्य गर्ने।

### ३.४.५ प्रमुख उपलब्धि र नतिजा

**क) उपलव्धी**

सुरक्षित र उपयुक्त भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।

**ख) नतिजा**

१. सुरक्षित र सूचना प्रविधिमैत्री भौतिक पूर्वाधार सहितको उच्च शिक्षामा अध्ययन गर्ने अवसर पाएको हुने।
२. क्याम्पसको सञ्चालन स्थायीत्व तथा सदृढीकरण भएको हुने।
३. उच्च शिक्षाको अवसर सहज रुपमा प्राप्त भएको हुने।

### ३.४.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौनिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | क्याम्पस सम्बन्धन | पटक | | | १ | | | १ | १ | विश्वविद्यालय |
| २ | क्याम्पस सञ्चालन | संख्या | | | १ | | | १ | १ | नगरपालिका |
| ३ | सुरक्षित पूर्वाधार निर्माण | संख्या | | | | | १ | १ | १ | संघ /प्रदेश / नगरपालिका |
| ४ | स्थायित्व तथा सुदृढीकरण | निरन्तर | | | १ | | | १ | १ | नगरपालिका |

## ३.५ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम

### ३.५.१ परिचय

१३ देखि १६ बर्ष उमेर समुहका बालबालिकाहरुलाई लक्षित गरि संचालन हुने प्राविधिक तथा व्यावसायिक शिक्षाले लैंगिक र दुर्गम क्षेत्रका विभिन्न कारणले शिक्षाको पहुचबाट बन्चित समुहको समस्या समाधानमा जोड दिन्छ। लक्षित वर्ग, विशेष आवश्यकता भएका बालबालिकाको लागि प्राविधिक तथा व्यावसायिक शिक्षाको पहुच,सहाभागिता वृद्धि गरि कामको संसारमा प्रवेश गर्न सकन बनाउन आवासिय छात्रवृति प्राविधिक शिक्षाको मागलाई सम्बोधन गर्न र सिकाई वातावरण सृजना गर्न आवस्यक पूर्वाधार विकासमा जोड दिनुपर्दछ | यसका लागी लाग्ने लगानी संघीय सरकार,प्रदेश सरकार,आन्तरिक आय,र लागत साझेदारीका आधारमा जुटाईनेछ ।

### ३.५.२ वर्तमान अवस्था

यस नगरपालिकामा हाल समुदियक रुपमा प्राबिधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम कुनै पनि प्रकारको रहेको छैन। यस पालिकाको बालबालिकाहरु प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिमहरु कुनै पनि प्रकारको लिनु पर्नु भएमा यस पालिकाबाट बाहिर जाने गरेको छ। त्यसैलेगर्दा यस पालिकाको बालबालिकाहरु प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासको लागि बाहिर शैक्षिक संस्थाहरुमा निर्भर पर्नुपर्ने देखिएको छ। यस्तो किसिमको आवश्यकतालाई सम्बोधन गर्नु यस पालिकाको आवश्यकता रहको देखिन्छ। त्यसैले यस पालिकामा प्राविधिक शिक्षालाई विकास गर्ने लक्ष्य राखिएको छ ।

### ३.५.३ उदेश्य

प्राविधिक सिप आर्जन गरी कामको ससारमा प्रवेश गराउनु यस प्राविधिक तथा व्यावसायिक शिक्षाको उदेश्य रहेको छ।

### ३.५.४. रणनीति

१. प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि आवश्यक पूर्वाधारको विकास र बिस्तार गर्ने
२. गुणस्तर,पहुच,र सहाभागीतामा बृधि गर्ने
३. सिप मुलक तालिमको बिस्तार गर्ने

### ३.५.५ उपलब्धि,नतिजा, प्रमुख त्रियाकलाप तथा लक्ष्य

**क उपलब्धि (**

१. प्राविधिक तथा व्यावसायिक शिक्षामा पहुच निर्माण गरि आकर्षण गरिने ।
२. प्राविधिक ज्ञान,सिप बिस्तार हुने,
३. प्राविधिक तथा व्यावसायिक शिक्षाको पूर्वाधारको विकास हुने

**ख) नतिजा**

१. प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदायक संस्थाको बृद्धि हुने ,
२. प्राविधिक तथा व्यावसायिक शिक्षाको पूर्वाधारको विकास हुने ,
३. पहुच,गुणस्तर र सहभागितामा बृद्धि हुने ,

### ३.५.६ प्रमुख त्रियाकलाप तथा लक्ष्य

| क्रसं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक शिक्षा प्रदायक संस्था | संख्या | | | १ | | १ | २ | ५ | संघ /प्रदेश / नगरपालिका |
| २ | सिप मुलक तालिम | संख्या | | १ | | १ | | २ | ५ | संघ /प्रदेश / नगरपालिका |
| ३ | पूर्वाधार निर्माण | संख्या | | | १ | १ | १ | ३ | ५ | संघ /प्रदेश / नगरपालिका |

## ३.६ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ

### ३.६ .१ परिचय

साक्षर नेपाल वर्ष,२०८० को अवधारणा अनुसार साक्षर हुन बाँकी रहेका जिल्लाहरुमा विभिन्न कारणले बाँकी रहेका निरक्षरलाई साक्षर बनाई मुलुकलाई साक्षर घोषणा गर्ने कार्यका लागि स्थानीय तहका जिल्लाहरुमा आवश्यकताअनुसार आवश्यक कक्षा सञ्चालन गर्ने जिम्मेवारी केन्द्रदेखि स्थानीय तहसम्म रहेको रहेको छ।हाल भइरहेको संरचनालाई नै बढीभन्दा बढी परिचालन गर्ने गरी संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव विकास स्रोत केन्द्र, प्रदेश स्तरमा शिक्षा विकास निर्देशनालय ,जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई र नगरपालिकाको शिक्षा शाखामा आवश्यक जनशक्ति सहित कार्यक्रमको सामान्य, सहजीकरण, अनुगमन तथा प्रतिवेदनको समेत व्यवस्था मिलाउनुपर्ने व्यवस्था भएकोले प्रभावकरी संचालको जिम्मेवारी स्थानीय तहको हो। बृन्दावन नापा।मा सर्बेशन गरि निरक्षरलाई साक्षर बनाउन ससर्त बजेट बिनियोजन भएको छ जसको कार्य अगाडी बढेको छ। आवश्यकतालाई मध्ये नजर गर्दै आगामी दिनमा पनि साक्षरता कक्षा,किशोरी शिक्षा संचालन गरिने छ।

### ३.६.२ वर्तमान अवस्था

यस पालिकामा विगतमा प्रौढ शिक्षा कार्यक्रम सर्ञ्चालन भएको तथा उक्त कार्यक्रम पर्श्चात् २०६२ सालदेखि पालिका भरमा २वटा सामुदायिक सिकाइ केन्द्र सर्ञ्चालनमा आएका छन्। जसले निरन्तर रुपमा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र निरन्तर शिक्षाका बारेमा काम गर्दै आएका छन्। बृदाबन नगरपालिकाको जम्मा जनसंख्या ४९,७४२ रहेको छ। यस जनसंख्याको ५३.३ प्रतिशत साक्षर छन्, जसमा पुरुषहरूको साक्षरता दर ६३.३ प्रतिशत र महिलाहरूको साक्षरता दर ४५.० प्रतिशत रहेको छ। यस नगरपालिकामा साक्षर दर का रहेकोछ। यसै गरि पुरुषको तुलनामा महिलाको साक्षर दर प्रतिशत एकदमै कम रहेको छ।

### ३.६.२ चुनौतीहरू

१. यस बृन्दाबन नगरपालिकाको साक्षर दर जम्मा ५३.३ प्रतिशत मात्र हुनु।
२. यस पालिकामा पुरुषहरूको साक्षरता दर ६३.३ प्रतिशत र महिलाहरूको साक्षरता दर ४५.० प्रतिशत मात्रै हुन।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित।
४. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सीपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त साक्षरता कक्षा सर्ञ्चालन।
५. मौलिक तथा परम्परागत सस्कृतिको पहिचान, संरक्षण प्रवर्धन।
६. सामुदायिक सिकाइ केन्द्रलाई समयसापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु।
७. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ लागि मापदण्ड बनाउनु।
८. पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गर्न नसक्नु।
९. व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र,घुम्ती पुस्तकालय स्थापना र प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आवद्ध गर्ने।
१०.सहजकर्ताको क्षमता विकास गर्न नसक्नु।

### ३.६.३ उद्देश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ:

१. साक्षर बृन्दावनको रूपमा विकास गर्नु ।
२. साक्षरतालाई सीपसँग आवद्ध गरि रोजगारका अवसर प्रदान गर्नु ।
३. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार गर्ने ।
४. सहजकर्तालाई तालिम दिन नसक्नु ।
५. सामुदायिक सिकाई केन्द्रलाई पुस्ताकालय र प्रविधिसँग जोडन नसक्नु ।
६. राष्ट्रिय सक्षमता लागु गर्न नसक्नु ।
७. सरोकारवलाहरुको प्रभावकारी सम्न्वय नहुनु ।

**३.६.४ रणनीतिहरू**

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ:

१. साक्षर नेपाल अभियान पूरा गर्न यस पालिकाले सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार,नागरिक समाज, टोल विकास,राजनैतिक दल , सञ्चार माध्यम, अभिभावक र अन्य साझेदारहरू परिचालन गरिनेछ।
२. सामुदायिक तथा घुम्ती पुस्तकालय पहुँचको अभिवृद्धि गरिनेछ।
३. मौलिक एवम् परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरीनेछ।
४. स्थानीय तहले सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको आवश्यकतानुसार समायोजन, पुनर्संरचना तथा पुनर्वितरण गरि स्थानीय आवश्यकताका आधारमा सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गर्दै लानेछ ।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइ सम्बन्धी अवधारणा पत्र तयार गरिने छ।
६. सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा मम्पन्न विद्युतीय पुस्तकालय बहुउद्देश्यीय संयन्त्रको रूपमा सुदृढीकरण गरि समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गरिनेछ।
७. सामुदायिक सिकाई केन्द्रहरुलाई पुस्ताकलयसँग जोडदै प्रविधि मैत्रि वनाउने ।
८. तालिम प्राप्त सहजकर्ताहरु नियुक्तिगरि परिचालन गर्ने ।

**३.६.५ प्रमुख उपलब्धि तथा नतिजा**

**क) उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भइ साक्षर नगर घोषणा भएको हुने।

**ख) नतिजा**

१. साक्षर बृन्दावन नगरपालिका रुपमा विकास हुने।
२. लक्षित बर्ग र समुदायमा सिकाइ अवसरहरूको सिर्जना हुने।
३. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन हुने।
४. सामुदायिक सिकाइ केन्द्रको विकास र विस्तार हुने।
५. विज्ञ समूह निर्माण गरि अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी अवधारणा पत्र तयार हुने।

६. स्थानीय माग र आवश्यकताका आधारमा रोजगारीमूलक अनौपचारिक पाठ्यक्रम तयार हुने।

७. सिकाई केन्दहरु प्रविधि मैत्र हुने।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बृन्दाबन नगरपालिकाको साक्षर दर | ५३.३ | ५८. | ६५ | ८५ | ८० | १०० |
| २ | महिलाहरूको साक्षरता दर | ४५ | ५५ | ६५ | ७५ | ८५ | ९५ |
| ३ | आधारभूततह (कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | ३६.५ | ३० | २४ | १८ | १२ | ५ |
| ४ | माध्यमिकतह (कक्षा १-१२) मा विद्यालय बाहिर रहेका बालबालिकाको दर (OOSC) | ७५ | ६५ | ५५ | ४५ | ३५ | २५ |
| ५ | हरे वडामा १ समुदायिक सिकाई केन्द्रको विस्तार | २ | २ | २ | १ | १ | १ |
| ६ | छोटो अवधिका आयमुलक कार्यक्रम संचालन | १ | १ | १ | १ | १ | १ |
| ७ | साक्षर नगरपालिका घोषणा | ० | ० | ० | ० | १ | ० |

### ३.६.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरुको विवरण संकलन | पटक | १ | | | | | १ | २ | नगरपालिका |
| २ | साक्षर बृन्दावन | वडागत | | १ | २ | ३ | ३ | ९ | १२ | नगरपालिका |
| ३ | स्थानीय माग र आवश्यकताका आधारमा सा.सि.के सर्ञ्चालन र व्यवस्थापन | संख्या | | | १ | | १ | २ | २ | नगरपालिका |
| ४ | सामुदायिक पुस्तकालयलाई सामुदायिक केन्द्रसग आवद्ध गर्ने | पुस्तकालय | | | १ | १ | | २ | २ | नगरपालिका |
| ५ | सा.सि.के.मा प्रविधिको विकास गर्ने | संख्या | | | १ | | १ | २ | ४ | नगरपालिका |
| ६ | सा.सि.के. ले समुदायमा आधारीत संघ सस्थासँग सहकार्य गर्ने | निरन्तर | | | | | | | | सा. सि.के. |
| ७ | विज्ञ समूह निर्माण | पटक | | १ | | | १ | २ | २ | सा. सि.के. |
| ८ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास | संख्या | | | १ | १ | १ | ३ | १० | सा. सि.के. |
| ९ | परिचालकको क्षमता विकास | संख्या | | १ | | | १ | २ | ४ | नगरपालिका |

# परिच्छेदः चार

## अन्तर सम्बन्धित विषय तथा क्षेत्रहरू

### ४.परिचय

परिच्छेद तीनमा शिक्षा क्षेत्रअन्तर्गतका मुख्य उपक्षेत्रहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइलगायत पाठ्यक्रमतथा मूल्याङ्कन र शिक्षक व्यवस्थापन तथा विकाससँग सम्बन्धित वर्तमान अवस्थाको विश्लेषणका आधारमा चुनौतीहरू पहिचान गरि यस योजनाका लागि उद्देश्य, रणनीतिहरू तथा प्रमुख नतिजा, क्रियाकलाप तथा लक्ष्यहरूसहितको योजनाको खाका प्रस्तुत गरिएको छ । परिच्छेद तीनका विभिन्न खण्डहरूमा ती खण्डहरूसँग सम्बन्धित विभिन्न अन्तरसम्बन्धित विषयहरू जस्तैः शिक्षक व्यवस्थापन तथा विकास, पाठ्यक्रमविकास, समता तथा समावेशीकरण,स्वास्थ्य, पोषण तथा दिवा खाजा,छात्रवृत्ति, आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा; विद्यालय भौतिक विकास,शिक्षामा सूचना तथा सञ्चारलगायतका कतिपय पक्षहरू समावेशगरिएका भएपनि यी अन्तरसम्बन्धित विषयलाई समग्रमा विश्लेषण गरि योजनामा प्राथमिकता प्रदानगर्न र विभिन्न उपक्षेत्रसँग सम्बन्धित गराउन सहयोग पुर्‍याउने उद्देश्यले यस परिच्छेदमा प्रस्तुतगरिएको छ ।

यस परिच्छेदमा शिक्षामा समता तथा समावेशीकरणको अभिवृद्धि,विद्यालय स्वास्थ्य, पोषण तथादिवा खाजा र छात्रवृत्ति जस्ता आवश्यकीय सेवाको सञ्चालन तथा व्यवस्थापन, आपतकालीनतथा संकटपूर्ण अवस्थामा शिक्षाका लागि तयारी,विद्यालयको भौतिक विकासर शिक्षामा सूचना तथासञ्चार जस्ता अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ । यसमा उल्लेखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षामा यसको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरि चुनौतीहरू पहिचान गरिएको छ भने यस योजनामा यस विषयका उद्देश्य, अपेक्षित नतिजा तथा योजना अवधिमा सञ्चालन गरिने मुख्य क्रियालाप तथा लक्ष्यहरू उल्लेख गरिएको छ।

### ४.१ पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन

#### ४.१.१ परिचय

मानव जीवनका लागि आइपर्ने विभिन्न समस्याहरु समाधान गर्नका लागि चाहिने ज्ञान, सीप र क्षमता आर्जनका लागि एउटा मार्गनिर्देश नै पाठ्यक्रम हो । मानव जीवनका व्यवहारिक समस्या समाधान हुनु भनेको राष्ट्र र समाजका समस्या समाधान हुनु हो । वास्तवमा पाठ्यक्रमले शैक्षिक तथा सामाजिक जीवनदर्शन, समकालीन समाजका वास्तविकताहरु, सिकाइ प्रक्रिया एवं विषयवस्तु तथा ज्ञानको प्रकृति समेतलाई विचार गरि बालबालिकाको सिकाइ सम्बन्धी आवश्यकताको निदान गरेर विस्तृत योजना प्रस्तुत गरेको हुन्छ। पाठ्यक्रम विकास एउटा निरन्तर प्रक्रिया भएकोले समाज, राष्ट्र र व्यक्तिको आवश्यकता र चाहना अनुरुप परिवर्तन भइरहन्छ। निर्धारित सिकाइ उपलब्धिहरु प्राप्तिका लागि विद्यार्थीहरुलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो।

पाठ्यक्रम विकास तथा कार्यान्वयन प्राविधिक कार्य हो। यसमा विभिन्न व्यक्ति, समूहसँगको सहकार्य आवश्यक हुन्छ। पाठ्यक्रम निश्चित रुपमा सान्दर्भिक हुनुपर्छ। समयसापेक्ष हुनुपर्छ। जनचाहना पूरा गर्न सक्नुपर्दछ। कक्षाकोठाको वातावरण अनुकूल हुनुपर्छ। व्यवहार योग्य, प्रयोग योग्य, पाठ्यक्रम विकास तथा कार्यान्वयन सर्वत्र अपेक्षित विषयका रुपमा पर्छ। पाठ्यक्रम समावेशी हुनुपर्छ। यसले सबैको चाहना प्रतिविम्वन गर्न सक्नुपर्छ। स्थानीय तहको नेतृत्व र सहभागिताका आधारमा

स्थानीय तहमै प्राविधिक तथा आर्थिक स्रोत परिचालन गरि मातृभाषा तथा स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तुको चयन, व्यवस्थापन र कार्यान्वयन गरिनुलाई स्थानीय आवश्यकतामा आधारित शिक्षाका रुपमा लिइन्छ।

पाठ्यक्रम कुनै कक्षावा तहमा कुन-कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभई विद्यार्थीमा केकस्ताक्षमता विकास गराउने हो अर्थात् किन पढाउने, के कस्ता क्रियाकलापका माध्यबाट अपेक्षितसक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरि आवश्यकपृष्ठपोषण प्रदान गर्न केकसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो।मूल्याङ्कन पद्धतिका रुपमा कक्षाकोठामा आधारित पठन सीप परिक्षण, आवधिक परीक्षा, आवधिक मूल्याङ्कन, NARN,NASA रहेका छन् भने हाल सिकाइका लागि मूल्यांकनको प्रभावकारी कार्यान्वयन आजको आवश्यकता रहेको छ । साथै सन्दर्भ सामग्रीहरूमा विद्यार्थीहरूको पहुँच वृद्धिको लागि गरिएको व्यवस्था जस्तै विद्युतीय प्रति CEHRD को अनलाइन पोर्टलमा राखिएको, राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम लागु भएका जिल्लामा कक्षा १-३ का लागि दिइएका सामग्री आदि रहेका छन् ।

### ४.१.२ वर्तमान अवस्था

बृन्दावन नगरपालिकाले हालसम्म नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम लागू गर्दै आएको सर्वविदितै छ। यसै शैक्षिक सत्रदेखि यस पालिकाले आधारभूत तह कक्षा १ देखि ५ सम्मको स्थानीय विषयको पाठ्यक्रम निर्माणको थालनीगर्न अर्को वर्ष आधारभूत तह कक्षा ६ देखि कक्षा ८ को पाठ्यक्रम निर्माण योजना गरेको छ । स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुर्‍याई बालबालिकाहरुलाई आफ्नो परिवेश अनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुर्‍याउछ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १देखि ८ मा अन्तरसम्बन्धित विषयवस्तुहरुलाई एकिकृत गरिएको व्यवहार कुशल तथा जिवन उपयोगी सिपहरु समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला,संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरीएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्यलगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ। त्यसैगरी यसले सिकाइमा प्रयोग गरीने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ।

आधारभूत तह कक्षा १ देखि ३ मा निरन्तर विद्यार्थी मूल्यांकन प्रणाली मार्फत उद्दार कक्षोन्नित नीति अपनाइएको छ। आधारभूत तह कक्षा ४ र ५ मा ५०प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणत्मक मूल्यांकन विधि अपनाइएको छ । आधारभू तह कक्षा ६ र ८ मा ६०प्रतिशत निर्णायात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्यांकन अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ । कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने छ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

### ४.१.३ चुनौतीहरु:

१. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास।

२. प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग।

३. स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने ।
४. सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग ।
५. स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता ।
६. अपाङ्गता मैत्री पाठ्यपुस्तक तथा कार्य पुस्तिकाको प्रयोग ।
७. स्थानीय पाठ्यक्रम कार्यान्वयन ।
८. कक्षा १ देखि ३मा पठनसीपसम्बन्धिशिक्षण सिकाइ सामग्री तथा सन्दर्भ सामग्रीहरुको विकास, वितरण तथा प्रयोग हुदै आउनु स्थानीय पाठ्यक्रमको विकास प्रक्रिया अगाडी बढ्नु र समयमा नै पाठ्यपुस्तकहरु प्राप्त हुनु अवसरको रुपमा रहेका छन् ।

**४.१.४ उद्देश्य**

यस योजनाले पाठ्यक्रम तथामूल्याङ्कनसम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ ।

१. सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तरसम्बन्धित गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।
२. स्थानीय पाठ्यक्रम मार्फत बृन्दावन समृद्धि निर्माणका लागि सक्षम,सिर्जनशील तथा प्रतिस्पर्धी नागरीक तयार गर्न सहयोग गर्नु।
३. सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको व्यवस्था गर्नु।

**४.१.५ रणनीतिहरू**

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरीनेछ :

१. स्थानीय पाठ्यक्रमलाई समयसापेक्ष, सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई सम्मृद्धका लागि सक्षम र प्रतिस्पर्धी नागरीक तयार गर्न पाठ्यक्रम विकास तथा कार्यान्वयन प्रक्रियालाई अनुसन्धान तथा आवधिक मूल्याङ्कनमा आधारित बनाइने छ।
२. पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास प्रक्रियालाई सहभागितामूलक बनाई स्थानीय सरोकारवालामा अपनत्व विकास गरी जवाफदेही बनाउन स्थानीय परिवेशमा आधारित पाठ्यक्रम विकास प्रक्रियालाई अवलम्वन गरी परीक्षणका रूपमा कार्यान्वयनमा ल्याइने छ र प्रभावकारिता आधारमा निरन्तरता प्रदान गरीने छ।
३. स्थानीय पाठ्यक्रम मार्फत प्रकोप व्यवस्थापन विषयवस्तु समावेश गरी विपत, महामारी तथा सङ्कट व्यवस्थापन र न्यूनीकरण गर्न प्रारम्भिक कक्षा देखिनै बालबालिकालाई सक्षम बनाइँदै लगिने छ।
४. विपत, महामारी तथा सङ्कटको समयमा सिकाइलाई निरन्तरता दिन सूचना तथा सञ्चार प्रविधिको अधिकतम् उपयोगमा जोड दिइने छ।
५. प्रारम्भिक कक्षाहरुमा सिकाइ सहजीकरणका निम्ति आवश्यकता अनुसार मातृभाषा र स्थानीय भाषालाईप्राथमिकता दिइने छ।
६. अपाङ्गता भएका बालबालिकाहरूको सिकाइ अवसर वृद्धि गर्न सिकाइ सामग्रीलाई ब्रेललिपिमा तयार गर्ने र श्रव्यदृश्यमा आधारित साङ्केतिक भाषाका शैक्षिक सामग्रीहरूको विकास र प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईने छ।
७. निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारिताका साथ कार्यान्वयन गरीनेछ।
८. आधारभूत तहको कक्षा ५ र ८ को वार्षिक परीक्षालाई पालिका स्तरीय वनाइ सुधार गरीनेछ।

## ४.१.६ प्रमुख उपलब्धि तथा नतिजा,

### क.)उपलब्धी

विद्यालय तहमा रहेको आधारभूत तहको स्थानीय पाठ्यक्रम सान्दर्भिक तथा मूल्याङ्कन प्रणाली प्रभावकारी भई दैनिक जीवनका लागि आवश्यक व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानसकारात्मक सोच भएको ,, निरन्तर सिकाइप्रति प्रतिबद्ध र रोजगार उन्मुख नागरीक तयार गर्न सहयोग हुने।

### ख) नतिजा

१. स्थानीय पाठ्यक्रम२०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने।
२. प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तह कक्षा १५ मा आवश्यकतानुसार मातृभाषा र-स्थानीय भाषा प्रयोग गरी सिकाइ सहजीकरण हुने।
३. शिक्षण सिकाइको अभिर्न्न अर्ङ्गको रुपमा मूल्याङ्कन हुने।
४. शिक्षण सिकाइ क्रियाकलाप बालमैत्रीअपाङ्गमैत्री तथा स्थानीय सन्दर्भ सापेक्ष प्रभावकारी हुने ,।
५. स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुने।
६. प्रत्येक विद्यालयमा प्रत्येक विद्यार्थीको मूल्याङ्कनका लागि अनिवार्य कार्य सर्ञ्चयिका फायल खडा भएको हुने।

| क्रसं | सूचक | आधार वर्ष (२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम२०७८ प्रारम्भिक बाल विकास देखि कक्षा ८ सम्म विकास तथा कार्यान्वयन हुने | २० | २० | २० | २० | २० | २० |
| २ | स्थानीय पाठ्यक्रम निर्माण | ० | | कक्षा१देखि३सम्म | कक्षा४देखि५सम्म | | कक्षा६देखि८सम्म |
| ३ | स्थानीय पाठ्यक्रम परिमार्जन तथा सुधार | ० | | | कक्षा१देखि३सम्म | कक्षा४देखि५सम्म | कक्षा६देखि८सम्म |

### ४.१.६ प्रमुख क्रियाकलाप र लक्ष्य

तलको तालिकामा पालिकाले कार्यान्वयन गर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्य उल्लेख गरिएको छ

| क्र स | प्रमुख क्रियाकलापहरु | ईकाइ | भौतिक लक्ष्य | | | | | | भौतिक लक्ष्य १० वर्ष मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | राष्ट्रिय पाठयक्रम प्रारुप २०७६को प्रभावकारी कार्यान्वयन लागि अभिमुखीकरण | विद्यालय संख्या | २० | २० | २० | २० | २० | २० | २० | संघ/स्थनीय तह/बिधयल |
| २ | स्तरीकृत प्रश्न निर्माण कार्यशाला | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ३ | एकीकृत पाठयक्रम तथा निरन्तर मूल्याङ्कन सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ४ | उत्कृष्ट विद्याल य, शिक्षक, विद्यार्थी प्रोत्साहन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | स्थानिय तह |
| ५ | स्थानिय पाठ्यक्रमको र कार्वान्वियन | निरन्तर | | | | | | | | स्थानिय तह/बिद्यायल |
| ६ | स्थानिय वस्तुहरुको प्रयोग गरि शिक्षण सामाग्रिहरुको निर्माण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | | स्थानिय |
| ७ | सूचना तथा सञ्चार प्रविधि प्रविधिमा आधारित डिजिटल सामग्री | निरन्तर | | | | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन तथा विकास

### ४.२.१ परिचय :

गुणस्तरको सुनिश्चिता मागमा आधारित पेशागत विकास र कार्यसम्पादनमा सक्षम तथा उत्तरदायी शिक्षक व्यवस्थापन शिक्षा क्षेत्रको महत्वपूर्ण कार्य हो ।शिक्षाप्रद बजेटको करिब ७० प्रतिशत रकम शिक्षक तलबमा खर्च भएको पाइन्छ ।शिक्षकको छनोट ,नियुक्ति तथा पदोन्नति जस्ता कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ ।संघियता कार्यान्वयन पछि यस्ता कार्यमा स्थानीय तहको पनि सहभागिता हुनुपर्छ भन्ने माग उठिरहेको छ ।शिक्षक तालिमको सम्पूर्ण जिम्मा तालिम केन्द्रको रहँदै आएको छ ।शिक्षकले आफ्नो कार्यकालमा सेवाकालीन र पुनर्ताजकी तालिम लिन सक्ने व्यवस्था रहँदै आएको छ ।एकाध स्थानीय तहले विभिन्न क्षमता विकास तालीम सञ्चालन गर्दै आएको पनि पाइन्छ । शिक्षाको गुणस्तर मुख्यतया शिक्षकको पेशागत सिपमा निर्भर हुन्छ ।तालिमबाट प्राप्त ज्ञान सीपलाई कक्षाकोठामा उचित तरिकाले प्रयोग गरे मात्र प्रभावकारी शिक्षण सम्भव हुन्छ ।यसका लागि शिक्षकको लाई निरन्तर प्राविधिक सहयोग आवश्यक पर्दछ । "शिक्षकको पेशागत विकास मार्फत शिक्षण सिकाइमा सुधारले मात्र विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्न वास्तविक कक्षाकोठा शिक्षण र सिकाइको क्रममा भएका कमजोरीहरुलाई हटाउन, अनुगमनलाई प्रभावकारी गरी सञ्चालन गर्नु, आवश्यक छलफल,अन्तरक्रिया र सकरात्मक प्राविधिक पृष्ठपोषण प्रदान गर्नु आजको आवश्यकता हो" । (TPSG,२०८०)

### ४.२.२ बर्तमान अवस्था :

**शिक्षक पेशामा आकर्षण र नियुक्ति**

पन्ध्रौं योजना २०७६/०७७-२०८०/८१ ले शिक्षण पेसामा आकर्षण बढाउन विश्वविद्यालयका उत्कृष्ट अङ्क हासिल गर्ने व्यक्तिलाई सोझै शिक्षण पेशामा प्रवेश गर्न पाउने कानुनी व्यवस्था गर्ने उल्लेख गरेको छ ।शिक्षक सेवानियमावली, २०५७ अनुसार शिक्षाको लागि शिक्षण अनुमति पत्र अनिवार्य हुनुपर्ने, स्थायी शिक्षकको हुनका लागि शिक्षक सेवा आयोगले लिने परिक्षामा पास भएको हुनुपर्ने, बढुवाका लागि निश्चित मापदण्ड पुरा गर्नुपर्ने र पेशा सुरक्षा लगायतका कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिने अवस्था सुधार हुँदै गएको छ ।

**शिक्षक तयारी**

शिक्षक सेवा आयोग नियमावली,२०५७ का अनुसार बि.एड.वा एम.एड.गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ ।प्राथमिक र निमावि तहका लागि शिक्षा शास्त्रबाट प्रविणता प्रमाणपत्र तह उत्तीर्ण वा कक्षा १२ वा अन्यका लागि प्रमाणपत्र तह उत्तिर्ण १० महिने तालिम लिई अध्यापन अनुमतिपत्र प्राप्त गरेको हुनु गरेको र माध्यमिक तहका लागि शिक्षा शास्त्रमा स्नातक तह उत्तीर्ण वा अन्य बाट स्नातक तह उत्तीर्ण गरी एक बर्षे बि.एड. गरी अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्ति योग्य मानिन्छन् ।कक्षा ११-१२ को हकमा अध्यायपनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन अनुमतिपत्र लिएको व्यक्ति शिक्षाको हुन योग्य मान्ने व्यवस्था गरेको छ।

**तहगत शिक्षक विवरण**

| तह | सामुदायिक विद्यालयमा स्वीकृत र राहत दरबन्दीका शिक्षक सङ्ख्या | | | | | | सामुदायिक विद्यालयका सबै प्रकारका शिक्षक सङ्ख्या (पालिका र निजीश्रोतबाट नियुक्त शिक्षक समेत्) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दरबन्दी | राहत | जम्मा | महिला | महिला% | बिद्यार्थी शिक्षक अनुपात | जम्मा | महिला | पुरुष | पालिकाको स्रोतबाट नियुक्त सङ्ख्या | महिला% |
| पूर्व प्र.बि. बा.बि.के. | २० | १३ | २० | २० | १०० | | ३ | ३ | ० | ३ | १०० |
| आधारभूत (१-५) | १०३ | ८१ | ९३ | ३७ | ३९.७८ | | | | | | |
| आधारभूत (६-८) | १८ | १७ | २१ | ८ | ३८.०९ | | १ | ० | १ | १ | ० |
| माध्यमिक (९-१०) | १९ | १८ | २१ | ८ | ३८.०९ | | | | | | |
| माध्यमिक(११-१२) | ८ | ६ | ११ | ३ | २७.२७ | | | | | | |

### शिक्षण सिकाई क्रियाकलाप

विद्यालय तहको पाठ्यक्रम प्रारूप,२०७६ ले शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित, प्रबिधिमैत्री, परियोजनामा आधारित, समूह कार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन जोड दिएको छ ।यस्तै राष्ट्रिय शिक्षा नीति,२०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाई प्रक्रियाको अभिन्न अङ्गका रुपमा एकीकृत गर्दै प्रविधिमैत्री,व्यावहारिक र नतिजामूलक बनाउन बनाउने उल्लेख गरेको अबस्था छ ।चालू पन्ध्रौं योजनाले शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी बनाउन विद्यार्थी सङ्ख्या कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था, कक्षा शिक्षण पद्धति मार्फत पढाइ सीप प्रवर्धन गर्न उपयुक्त पाठ्यसामाग्री, सन्दर्भसामग्री, स्रोत सामग्री, प्रयोगात्मक सामग्री,उपयुक्त कक्षाकोठा व्यवस्थापन लगायतको व्यवस्थामा जोड दिएको छ ।विद्यालय क्षेत्र विकास योजना (२०७३/७४-२०७७/७८) ले शैक्षनिक अभ्यासको सुधार मार्फत् नै विद्यार्थीको सिकाइ उपलब्धि सुधार हुन्छ भन्ने मान्यता राखेको पाइन्छ ।

### शिक्षक पेशागत सहयोग पद्दति

सैद्धान्तिक ज्ञान प्राप्त नव आगन्तुक शिक्षकले प्राप्त गर्ने सेवाकालिन तालिममा सिकेका ज्ञान, सीप र कार्यकौसलले सबै परिस्थिति र परिवेशमा सहयोग नगर्न सक्छ ।परिवर्तित समयमा आएका नयाँ-नयाँ विधि, सिद्धान्त र तौरतरिकाको जानकारी लिने सिकेको ज्ञान, सीपलाई समयअनुसार सान्दर्भिक बनाउने र विद्यार्थीको ज्ञान, सीप, क्षमता र परिवेश अनुसार परिमार्जन गर्दै जानुपर्दछ ।एक परिस्थितिमा उपयोगी र प्रभावकारी भएको सिप अर्को परिस्थितिमा उत्तिकै उपयोगी प्रभावकारी नहुन सक्दछ ।त्यसैले परीक्षणका लागि शिक्षकलाई समयको माग अनुसार आफूलाई समायोजन गर्न समय समयमा सहयोगको आवश्यकता पर्दछ ।व्यक्तिगत त्प्रयासबाट सकिने सुधारका लागि अभिप्रेरित अभिप्रेरित गर्नु पर्दछ भने अर्कोतिर शिक्षक सहयोग पद्धतिमा पनि विकास गर्नुपर्दछ ।शिक्षकको पेसागत सहयोग,२०७७ का अनुसार विद्यालयमा शिक्षकलाई आन्तिरिक शिक्षकको coaching/mentoring, विद्यालय तह सिकाई समूह निर्माण, क्लस्टर समूह निर्माण,सूचना प्रविधि मार्फत सहयोग, अन्तरविद्यालय भ्रमणजस्ता मोडालिटी उल्लेख गरेको पाइन्छ ।सबै परिवेशमा यीनै ठिक भन्ने होइन बृन्दावन नगरपालिकामा विज्ञहरु सहितको joint monitoring system बाट पेसागत सहयोज हुने गरेको छ ।केन्द्र विद्यालयको अवधारणा अनुसार केन्द्र विद्यालय सहायक विद्यालयका शिक्षकलाई शिक्षण सिकाइको क्रममा आएका समस्या समाधान गर्न सहयोग गरेको पाइन्छ ।विभिन्न समयमा मागमा आधारित पेसागत सहयोग कार्यक्रम पनि सञ्चालन गरी पनि सबै मागहरु सम्बोधन गर्न सकिएको छैन ।नगरमा कम्तिमा प्रत्यक बिषयको एक जानका हिसाबले विज्ञको व्यवस्था मिलाईनेछ ।

### शिक्षक क्षमता विकास कार्यक्रम

एकाइसौं शताब्दीको शिक्षक आफ्नो विषयमा निपूर्ण हुनुपर्छ। शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी कलाकौशलबाट भरपूर्ण हुनुपर्छ। स्थानीय सरकारले प्रदेश सरकार तथा केन्द्र सरकारसँग समन्वय गरि शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि निम्नानुसारका क्षमता विकास कार्यक्रम सञ्चालन गर्न सकिनेछअनुभव ,पुनर्ताजगी तालिम , प्रमाणीकरण तालिम , स्वप्रयत्नमा आधारित सिकाइ आदि ,स्थानीय आवश्यकतामा आधारित मोड्युलर तालिम ,आदान प्रदान कार्यक्रम। पेशागत रूपमा सक्षम, दक्ष र अभिप्रेरित शिक्षकबाट नै कक्षाकोठाको शिक्षण सिकाइमा सुधार आउनसक्छ। यसका निम्ति शिक्षकलाई पेशागत विकासका अवसरहरू उपलब्ध हुन आवश्यक छ।शिक्षकको पेशागत विकासका विभिन्न तौरतरिकाहरू छन्॥ शिक्षक तालिम, कार्यशाला, सेमिनार, कन्फरेन्स, क्रियात्मक अनुसन्धान, शिक्षकहरूको सिकाइ सञ्जाल, अवलोकन भ्रमण, मेन्टरिङ आदिअवसरहरूबाट शिक्षकको पेशागत विकास सम्भव हुन्छ। नेपालमा शिक्षकको पेशागत क्षमताअभिवृद्धि गर्ने ध्येयले

नेपालमा विभिन्न परियोजना तथा कार्यक्रमहरू सञ्चालन भएका थिए। शिक्षककोक्षमता अभिवृद्धि गरि कक्षाकोठाको शिक्षण सिकाइमा सुधार ल्याउने उद्देश्यले वि२०५० मा .सं.शैक्षिक जनशक्ति विकास केन्द्रको स्थापना भएको थियो।

**शिक्षकको उत्तरदायित्व**

शिक्षण सिकाइको मुख्य उत्तरदायित्व नै शिक्षण गर्ने हो ।शिक्षण सिकाइ प्रक्रिया सञ्चालन भइरहँदा आउने समस्याको समाधान व्यक्तिगत र संस्थागत रूपमा पहल गर्ने, शिक्षण शिक्षणलाई मर्यादित बनाउने, पेशागत विकासका मोडालिटी विकास गर्ने, तालिम कार्यशाला, गोष्ठी, अभिमुखीकरणमा सहभागी हुने र त्यहाँ सिकेका सिपलाई कक्षाकोठामा प्रयोग गर्ने, समस्या समाधान गर्नेजस्ता थप उत्तरदायित्व वहन गर्नु पनि शिक्षकको नैतिक जिम्मेवारी हो ।प्र.अ. समेत पर्ने हुनाले समस्या समाधान गर्न छलफल गर्ने, क्षमता विकास कार्यक्रम गर्ने, बालबालिकालाई गुणस्तरी शिक्षा प्रदान गर्न शिक्षक तथा अभिभावकलाई रचनात्मक पृष्ठपोषण दिने कार्य प्रधानाध्यापकले गर्नु पर्दछ ।

**शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावली,२०५९ को नियम ९२ अनुसार सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दीको विवरण अनुसूची १२ मा व्यवस्था गरिएको छ। पूर्व प्राथमिक विद्यालयमा १ जना, प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना, कक्षा ६१२ का लागि ८ जना -८ का लागि कम्तीमा ४ जना र माध्यमिक तह ९- शिक्षक रहने व्यवस्था उक्त नियमावलीमा छ।

यस पालिको सामुदायिक विद्यालयमा शिक्षक विद्यार्थी अनुपात ECD मा २५.४६ कक्षा१-५मा७६.४३र कक्षा९-१०मा६२.१६ रहेको छाअधिकांश विद्यालयमा आधारभूत तहका शिक्षक अप्राप्त रहेकोले विद्यालयले प्र.वि. दरबन्दीका शिक्षकलाई निम्न माध्यमिक तहमा परिचालन गरेको र प्र.वि. तहको शिक्षकको आवश्यकतालाई बालबिकाश शिक्षकर विद्यालयका परिचरबाट पूर्ति गर्नु परेको बाध्यता छ । गत आर्थिक बर्षमा शिक्षा बिकाशतथा समन्वय इकाइ रौतहटले यस नगरपालिकासंगको सहकार्यमा शिक्षक समायोजन तथा दरबन्दी मिलानको कम सम्पन्न गरिसकेकोले र सङ्घीय सरकारबाट मांग अनुसारको शिक्षक आपूर्ति हुने आश गरिएको र तत्कालको लागि यस नगरपालिकाले स्वयंसेवक शिक्षक परिचालन गर्ने योजना बनाएको छ ।

**४.२.३ चुनौतीहरु:**

१. शिक्षण पेशालाई सबैको रोजाइको पेशाका रूपमा विकास गर्नु।
२. शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधि र क्रियाकलापमा विविधता ल्याउनु।
३. शिक्षक पेशागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्नु।
४. विषयगत आधारमा आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्नु।
५. शिक्षकको पेशागत विकासको अवसर र विस्तार गर्न।
६. समयमा कक्षाकोठाभित्र शिक्षकको नियमितता र गुणस्तरीय शिक्षण हुन् नसक्नु ।
७. तहगत रुपमा परीक्षा सञ्चालन गरी अग्रिम रुपमा स्वयंसेवक सूची प्रकाशन गर्नु

**३.२.४ उद्देश्य**

यस पालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहायबमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन्:

१. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउन सहयोग पुर्‍याउनु।

२. शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु।
३. सबै तहमा योग्य,दक्ष तथा क्षमतावान् शिक्षकहरूको प्रबन्ध गर्नु।
४. पालिका अन्तर्गत स्वयम् सेवक शिक्षकको छनोट गर्नु।
५. कक्षाकोठामा शिक्षकको नियमितताको लागि निरन्तर अनुगमन र शिक्षकको पेशागत सहयोग प्रणालीको विकास ।

### ३.२.५ रणनीतिहरू

१. शिक्षक तालिमलाई विषयवस्तुको ज्ञान र शिक्षण सीपमा केन्द्रित बनाइने छ।
२. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान रपरिमार्जन गरिनेछ।
३. शिक्षकको निरन्तर पेशागत विकासरका लागि शिक्षण सीप विकाससम्बन्धी तालिम सर्ञ्चालन गरिने छ।
४. शिक्षक पेशागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग उपलब्ध गराइने छ। यसका लागि अनुभवी शिक्षकबाट सहयोग तथा मेन्टरिङको पद्धति विकास गरिनेछ।
५. शिक्षक सरुवा हुँदा विद्यार्थीको सिकाइमा कुनै अवरोध नहुने पद्धति विकास गरीनेछ।
६. पालिका अन्तर्गत स्वयंसेवक शिक्षकको करार सूची प्रकाशन गरिनेछ।
७. शिक्षकको पेसागत performance को आधारमा पुरस्कार र दण्डको व्यवस्था गरिनेछ ।

### ३.२.६ प्रमुख उपलब्धि तथा नतिजा

**क ) उपलब्धी**

विद्यालयको भौतिक तथा शैक्षिक वातावरण सुधार र शिक्षकको पेशागत क्षमता विकास गरि शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याई विद्यार्थीको सिकाइ उपलब्धि वृद्धि गर्ने ।

**ख) नतिजा**

१. पालिका अन्तर्गतका विद्यालयहरुमा बिद्यार्थी संख्याको अनुपातमा प्राथमिकताका आधारमा भौतिक संरचना निर्माण गर्ने।
२. पालिकाद्धारा आवश्यकता अनुसार स्वयंसेवक शिक्षकको लागि प्रतिस्पर्धा गराई १ वर्षे करार सूची प्रकाशन गरिनेछ।
३. शिक्षण पेशा प्रतिस्पर्धी र सम्मानित हुनेछ।
४. स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत निरन्तर पेशागत सहयोग प्राप्त हुने।
५. विषयगत रूपमा शिक्षक दरबन्दी मिलान परिमार्जन तथा आपूर्ति हुने/

| क्रसं | सूचक | आधार वर्ष (२०८१८२) | २०८१८२ | २०८२८३ | २०८३८४ | २०८४८५ | २०८५८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सँख्या | २० | २० | २० | २० | २० | २० |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक(%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह(कक्षा ९-१२) मा कार्यरत न्यूनतम | १०० | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | योग्यता तथा तालिम प्राप्त शिक्षक(%) | | | | | | |
| ४ | सूचना तथा प्रविधि सम्बन्धी नूनतम सक्षमता भएका शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | | | | | | |
| ६ | कार्यसम्पादन सम्झौता कार्यन्वयन गरेको विद्यालय संख्या | | | | | | |
| ७ | सामुदायिक आधारभूत विद्यालयतहहरूमा कार्यरत शिक्षकहरूमध्ये TPD तालिम पुरा गर्नेको प्रतिशत | ० | २० | ४० | ६० | ८० | १०० |
| ८ | आधारभूत र माध्यमिक तहमा नयाँ न्युक्त भएका शिक्षकहरूमध्ये १ महिने क्षमता अभिबृद्दी तालिम (Capacity Development Training) लिएका शिक्षक सङ्ख्या | ० | २० | ४० | ६० | ८० | १०० |
| ९ | आधारभूत र माध्यमिक तहका शिक्षकहरूमध्ये बिद्यार्थीहरूको सिकाई अभिबृद्दीका लागि ICT मा आधरित Online/Offline १ महिने तालिम पुरागर्ने शिक्षक सङ्ख्या | १६ | २५ | ३५ | ५० | ७० | ८५ |
| १० | आधारभूत तहका शिक्षकहरूमध्ये मागमा आधारित Online/Offline छोटो अवधि र पुनर्ताजगी तालिम पुरा गर्ने शिक्षक सङ्ख्या | ७ | १० | १५ | २० | २५ | ३० |
| ११ | आधारभूततह (कक्षा १-५) मा महिला शिक्षकको प्रतिशत | 39.8 | ४२ | ४६ | ४८ | ५० | ५२ |
| १२ | आधारभूततह (कक्षा ६-८) मा महिला शिक्षकको प्रतिशत | 38.1 | ४२ | ४६ | ४८ | ५० | ५२ |
| १३ | आधारभूततह (कक्षा १-८) मा महिला शिक्षकको प्रतिशत | 39.5 | ४२ | ४६ | ४८ | ५० | ५२ |
| १४ | माध्यमिकतह (कक्षा ९-१०) मा महिला शिक्षकको प्रतिशत | 38.1 | ४२ | ४६ | ४८ | ५० | ५२ |
| १५ | माध्यमिकतह (कक्षा ११-१२) मा महिला शिक्षकको प्रतिशत | 27.3 | ३३ | ३८ | ४२ | ४६ | ४८ |
| १६ | माध्यमिकतह (कक्षा ९-१२) मा महिला शिक्षकको प्रतिशत | 34.4 | ३६ | ३८ | ४२ | ४६ | ४८ |

स्रोतः शिक्षा शखा ,EMIS टुलकिट २०८१

### ३.२.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र .सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति | | | | | | | | | |
| | स्वयम् सेवक शिक्षक तयारी | संख्या | | १० | १० | १० | | ३० | ५० | संघ र नगरपालिका |
| | पालिका श्रोतबाट नियुक्त शिक्षकका लागि निर्देशिका निर्माण | पटक | | १ | | | | १ | १ | नगरपालिका |
| २ | शिक्षक तयारी | | | | | | | | | |
| | नवनियुक्त शिक्षकलाई सेवा प्रवेश तालिम सर्ञ्चालन | पटक | | | | | | आवश्यकतानुसार | आवश्यकतानुसार | संघ,प्रदेश/नगरपालिका |
| ३ | शिक्षणसिकाइ क्रियाकलाप | | | | | | | | | |
| | शिक्षण सिकाइ नियमित गर्न मापदण्ड विकास | पटक | | १ | | | | १ | १ | नगरपालिका |
| | उपचारात्मक शिक्षण पद्धति | निरन्तर | | | | | | | | विद्यालय |
| | एक विद्यालय एक पुस्तकालय | संख्या | | ३ | २ | २ | ५ | १२ | १४ | संघ,प्रदेश/नगरपालिका |
| | एक विद्यालय एक ICT ल्याव | संख्या | | १ | १ | २ | २ | ६ | ७ | संघ,प्रदेश/नगरपालिका |
| | शिक्षक पेशागत सहयोग पद्धति | निरन्तर | | | | | | | | संघ,प्रदेश/नगरपालिका |
| | शिक्षक पेशागत सहयोग मार्गदर्शन विकास र प्रयोग | पटक | | १ | | | | १ | २ | नगरपालिका |
| | पेशागत शैक्षिक अवलोकन | निरन्तर | | | | | | | | नगरपालिका |
| ४ | शिक्षक क्षमता विकास कार्यक्रम | | | | | | | | | |
| | छोटो अवधिको पुनर्ताजगी तालिम सर्ञ्चालन गर्ने | पटक | | १ | | १ | | २ | ३ | नगरपालिका |
| | बाल विकास सहजकर्ताको लागि ३० कार्यदिने मन्टेश्वरी तालिम | संख्या | | ५ | ५ | ५ | ९ | १४ | २४ | नगरपालिका |
| ५ | शिक्षक उत्तरदायित्व | | | | | | | | | |
| | शिक्षकले शिक्षणमा विताउने समयमा प्र.अ. लाई जिम्मेवार बनाउने | सबै विद्यालय | २४ | | | | | २४ | २४ | नगरपालिका |
| | विद्यालयमा छुट्टै प्र.अ. पदको व्यवस्था गर्ने | संख्या | | | १ | १ | १ | ३ | ५ | नगरपालिका |
| ६ | शिक्षकको आपूर्ति र वितरण विद्यार्थी संख्यको आधारमा दरबन्दी व्यवस्थापन गर्ने | पटक | | | १ | | १ | २ | ४ | संघप्रदेश/नगरपालिका |

४.३ शैक्षिक समता र समावेशीकरण

### ४.२.१ परिचय


विभिन्न कारणले शिक्षाको मूलप्रवाहीकरणबाट बञ्चित विभिन्न वर्ग, जाति, लिंग, भाषा, क्षमता फरक क्षमता भएका आदिका विद्यालयका बालबालिकालाई उनीहरूको neuro linguistic programming and multiple intelligence आधारमा शिक्षा प्रदान गर्नु आवस्यकता हो ।नेपालको संविधानको प्रस्तावनामा समेत नेपाललाई समावेशी बनाउने अठोट गरिएको छ ।रास्ट्रीय शिक्षा नीति,२०७६ , अनिवार्य तथा निशुल्क शिक्षा ऐन,२०७५ अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रुपमा पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले तोकिदिए बमोजिमको शैक्षिकसंस्थाबाट निःशुल्क रुपमा विद्यालय शिक्षा उच्च शिक्षा र प्राविधिक शिक्षा तथा व्यवसायिक शिक्षा उपलब्ध गराउने प्रावधान रहेको छ ।एकीकृत क्षमता र नीति,२०७१कार्यान्वयनबाट बहु वञ्चितीकरणमा परेका बालबालिकाहरुलाई थप सहयोग सहित शैक्षिक अवसरको व्यवस्था गरिएको छ ।अशक्त अपाङ्ग, अनाथ,फरक क्षमता भएका बालबालिकाका लागि आवाससहितको विद्यालय शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ आर्थिकरुपले विपन्न बालबालिकाका लागि आर्थिक सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याइनेछ ।

बृन्दावननगरपालिका सामाजिक,आर्थिक,सास्कृतिक विविधता भएको स्थानीय तह हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातजातिगत समुदायहरूको बसोवास छ। मधेशी समुदायको मुख्य वसोबास रहेको यस क्षेत्रमा ४६ प्रकारका जातजातिहरुको बसोबास रहेको छ । जसमा यादव,मुस्लिम, मुसहर, तेलीतामांग ,कोइरी , कुर्मी, चमार,लोहार,कुम्हार, ,बिन ,ब्राह्मणक्षेत्री , लगायतका जातजातिको बाक्लो उपस्थिति रहेको छ ।

### ४.२.२ वर्तमान अवस्था

यस बृदाबन नगरपालिकामा लैङ्गिक अनुपात १.१९प्रतिशत रहेको छ। यस्तैगरितहगतरुपमाहेर्नेहोभने, आधारभूत तह कक्षा १-८ मा १.१५ र १-१२ मा ०.८७ लैङ्गिक समता सूचक रहेको छायसै गरि सामुदायिक विद्यालयमा महिला शिक्षक अनुपात आधारभुत तह कक्षा१देखि८सम्ममा ३९.५ रमाध्यमिकतहकक्षा९देखि१२सम्म३४.४रहेको छानगर कार्यपालिका ,वडा समिति , सामाजिक परीक्षण समिति आदि तथा विभिर्न्न ,शिक्षक अभिभावक संघ ,विद्यालय व्यवस्थापन समिति ,नगर शिक्षा समिति सङ्ध संस्थामा महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ। यसै गरि जातजाति र भाषिक रुपमा हेर्दा तलको तालिकामा प्रस्तुतगरिएकोछ ।आधारभूततह (कक्षा १-८) मा दलित बिध्यर्थि१९.७ प्रतिशत रमाध्यमिकतह (कक्षा ९-१२) मा दलित बिध्यर्थि ६.९ प्रतिशत रहेकोछ।




यसतै यो नगरपालिकाको समाजिक पक्षको अर्को पाटो धर्म मन्ने जनसख्यालाई यसरी उल्लेख गर्न सकिन्छ ।

| धर्म अनुसारको जनसंख्या | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| धर्म | हिन्दु | वौध | ईसलाम | किराँत | क्रिसचन | प्रकृती | बोन | जैन | बहाई | शिख |
| जम्मा | ३७७४३ | ३५६ | ११६२८ | ० | १४ | ० | १ | ० | ० | ० |
| पूरुष | १९१६९ | १६७ | ५५५० | ० | ८ | ० | ० | ० | ० | ० |
| महिला | १८५७४ | १८९ | ६०७८ | ० | ६ | ० | १ | ० | ० | ० |

### ४.२.३ चुनौतीहरू

१. बृन्दाबन नगरपालिकामा लैङ्गिक अनुपात १.१९ प्रतिशत रहेको र नगरपालिकाले अनुपात कायम गर्न नसकेको,
२. महिला शिक्षक अनुपात आधारभुत तह कक्षा१देखि८सम्ममा ३९.५ र माध्यमिकतह कक्षा ९ देखि १२ सम्म ३४.४ रहेको छ त्यसैले पुरुष शिक्षकको तुलनामा महिला शिक्षक अनुपात कायम हुन नसक्नु,
३. लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको सहभागिता सुनिस्चित गर्नु।
४. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण गर्ने।
५. लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुर्‍याउने।
६. विद्यालयमा विभेदरहित बालमैत्री बनाउने।

### ४.२.४ उद्देश्यहरू

१. शिक्षाको मूल धारबाट वर्ञ्चित रहेका व्यक्तिहरूलाई शिक्षामा पहुँच पुर्‍याई गुणस्तर सुनिश्चित गर्ने।
२. शैक्षिक सुशासन कायम गर्ने।
३. विद्यालयलाई लैङ्गिकमैत्रीअपाङ्गतामैत्री तथा बालमैत्री बनाउने ,।
४. महिला शिक्षकको संख्या बृधिमा गर्ने ।

### ४.२.५ रणनीतिहरू

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सोअनुसार प्रबन्ध मिलाइने छ।
२. विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरिने छ।
३. आवासीय विद्यालय मार्फत आवश्यकतानुसार पोशाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराइने छ।
४. विभेदरहित बालमैत्री वातावरण सिर्जना गरिने छ।
५. आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गरिनेछ।
६. लैङ्गिक मैत्री , अपाङ्गतामैत्री तथा बालमैत्री भौतिक संरचना निर्माण गर्ने।
७. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने छ।
८. हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने।
९. शिक्षक भर्ना तथा नियुक्तीमा महिलालाई प्राथमिकता दिने ।

### ४.२.६ प्रमुख उपलब्धि तथा नतिजा

**(क)उपलब्धि**

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुने।

**(ख) नतिजा**

१. विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरि सबै बालबालिकाहरूलाई शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्ने।
२. लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरि गुणस्तर सुधार हुने।
३. विद्यालयमा भेदभाव रहित बालमैत्री वातावरण सिर्जना हुने।
४. विद्यालयहरूमा अपाङ्गतामैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुने।
५. किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गरिने।
६. मातृभाषामा सिकाइको अवसर प्रदान गरिने।
७. महिला शिक्षकको संख्यामा बृदि हुने छ।

| आर्थिक बर्ष | ८१/८२आर्थिक वर्ष | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
|---|---|---|---|---|---|---|
| ECEDमा सहजै देखिने भर्ना दरमा लैङ्गिक समता सूचांक(GPI in ECED GER) | १.२२ | १.१९ | १.१६ | १.१२ | १.०८ | १.०४ |
| ECEDको खुद भर्ना दरमा लैङ्गिक समता सूचांक(GPI in ECED NER) | १.३५ | १.३ | १.२५ | १.२ | १.१५ | १.१ |
| कक्षा १ को सहजै देखिने भर्ना दरमा लैङ्गिक समतासूचांक(GPI in GIR) | १.२ | १.१५ | १.१ | १.०५ | १. | १. |
| कक्षा १ को खुद भर्ना दरमा लैङ्गिक समता सूचांक(GPI in NIR) | १.२२ | १.१८ | १.१४ | १.११ | १.०८ | १.०४ |
| आधारभूततह (कक्षा १-८) को सहजै देखिने भर्ना दरमालैङ्गिक समता सूचांक(GPI in GER) | १.१५ | १.१२ | १.१ | १.०८ | १.०५ | १.०३ |
| आधारभूततह (कक्षा १-८) को खुद भर्ना दरमा लैङ्गिकसमता सूचांक(GPI in NER) | १.१२ | १.१ | १.०८ | १.०६ | १.०४ | १.०२ |
| माध्यमिकतह (कक्षा ९-१२) को सहजै देखिने भर्नादरमा लैङ्गिक समता सूचांक(GPI in GER) | ०.८७ | ०.८९ | ०.९१ | ०.९३ | ०.९५ | ०.९७ |
| माध्यमिकतह (कक्षा ९-१२) को खुद भर्ना दरमालैङ्गिक समता सूचांक(GPI in NER) | ०.८७ | ०.८९ | ०.९१ | ०.९३ | ०.९५ | ०.९७ |

स्रोतः शिक्षा शाखा, EMIS, टुलकिट २०८१

### ४.२.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अवस्था र आवश्यकता पहिचान | पटक | | १ | | | | १ | २ | |
| २ | विद्यालयबाहिररहेकाबालबालिकाहरुकोअवस्था र आवश्यकता पहिचान गरीसहभागिता | निरन्तर | | १ | १ | | | २ | ३ | |
| ३ | वर्गीय आधारमा छात्रवृत्ति वितरण | निरन्तर | | | | | | | | |
| ४ | आवासीय विद्यालय मार्फत छात्रवृत्ति | निरन्तर | | | | | | | | |
| ५ | विद्यालयहरूमा बालमैत्री ,अपाङ्गतामैत्री र लैङ्गिकमैत्री भौतिक संरचना निर्माण | संख्या | | | ५ | | ५ | १० | २५ | |
| ६ | मातृभाषामा सिकाइको अवसर प्रदानगरिने। | निरन्तर | | | | | | | | |
| ७ | मनोसामाजिकपरामर्श | निरन्तर | | | | | | | | |
| ८ | महिला शिक्षकको संख्यामा वृद्धि | जना | | ५ | ५ | ५ | ५ | २० | २० | |
| ९ | लैङ्गिक सम्पर्क व्यक्तिको क्षमता विकास | आवश्यकता अनुसार | | १ | | १ | १ | ३ | ५ | |

## ४.३ दिवाखाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.३.१ परिचय

नेपालमा सन् १९७४ देखि छनौटमा परेका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७२०७८ मा सामुदायिक विद्यालयमा / पूर्वप्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाई दिवाखाजाको व्यवस्था गरीएको छानेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आई आर्थिक वर्ष २०७७/७८ मा यो लगानी करिब ८ अरब पुगेको छानेपालको हाल कार्यान्वयनमा रहेको सत्रौ योजनालगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय क्षेत्र विकास योजनाले बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याई उनीहरूलाई विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ।

**विद्यालय स्वास्थ्य र पोषण**

विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु पर्दछ। वार्षिक स्वास्थ्य परीक्षण, अर्धवार्षिक रूपमा जुकाको औषधिकिशोरीका लागि फोलिक एसिड तथा आइरन , चक्की वितरण कार्यक्रम स्वास्थ्य क्षेत्रबाट सञ्चालन हुने गर्दछन्॥

**सरसफाइ तथा स्वच्छता**

विद्यालयमा हुने सरसफाइ तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने स्पष्ट छ। यसले बालबालिकाको भावी जीवनका लागि सरसफाइ तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा

समुदायमा पनि यसले सकारात्मक घरकोठाको प्रबन्ध नै छैन भने भएकाहरू/मध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। विपद तथा जोखिम व्यवस्थापनको तयारीका केही कार्य भए पनि यसमा विपद,जोखिम तथा महामारी समावेश गरि थप सुधार गर्नु आवश्यक छ।

### ४.३.२ वर्तमान अवस्था

यस पालिकाका अन्तर्गतका नेपाल सरकारबाट संचालित दिवा खाजा कार्यक्रमबाट २६वटा विद्यालय मार्फत आ.वा. २०८१/०८२ मा कक्षा १-५ सम्मका ९७६० बालबालिका लाभान्वित भएका छन्, साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्वन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरि व्यवस्थापन गर्ने प्रयास गरिएकोछ।

यस नगरपालिका अन्तर्गत रहेका २६सामुदायिक विद्यालयमा आधारभूत तहमा शौचालय संख्या २४ ओटा र माध्यमिक तहमा ३४ गरि जम्मा ४८ वटा रहेको छन भने २४ ओटा विद्यालयमा खानेपानीको आफ्नै श्रोत रहेको छ भने अझै पनि २ ओटा विद्यालयमा खानेपानीको सुविधाबाट वन्चित रहेको छन्|

### ४.३.३ चुनौतीहरू

१. दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका प्रभावकारितालाई व्यवस्थित गर्ने।
२. सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्ने।
३. विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने।
४. सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्नु।
५. विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्ने।
६. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

### ४.३.४ उद्देश्य

१. प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु।
२. विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु।
३. सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण,स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.३.५ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरीनेछ :

१. शिक्षा स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेटी ,गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनीति तयार गरिने।
२. बालबालिकाको लागि विद्यालयमा नै सफा ताजा र पोषिलो खाजा तयार गरी समूहमा हात धुने बानी विस्तार गरिने।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरिएको हुने।
४. अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने।
५. सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरि कार्यान्वयन गर्ने।

### ४.३.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भएको साथै स्वच्छ पिउने पानी तथा सरसफाइप्रति सचेत भएको हुने।

**ख) नतिजा**

१. विद्यालय दिवा खाजा कार्यविधि २०७७,अद्यावधिक तथा थप प्रभावकारिताका साथ कार्यान्वयन भएको हुने।
२. सबै माध्यमिक विद्यालयमा एक विद्यालय एक स्वास्थयकर्मी परिचालन हुने।
३. सवै विद्यालयमा User Manual समेतको प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्राथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गरीएको हुने।
४. स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा सम्बन्धी विषय समावेश हुने।
५. सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास भएको हुने।
६. स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने।

| क्रसं | सूचक | आधारवर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका (%) | ६७ | ७५ | ८० | ८५ | ९० | १०० |
| २ | कक्षा१मा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्तगरेका बालबालिका (%) | ६७ | ७५ | ८० | ८५ | ९० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-८ | १-८ | १-८ | १-८ | १-८ |
| ४ | वार्षिक रूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सँख्या | ० | १० | २० | २६ | २६ | २६ |
| ५ | खानेपानी,शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँचपुगेका विद्यालय सँख्या | २४ | २६ | २६ | २६ | २६ | २६ |
| ६ | नर्सिङ्सेवा तथा सुविधा पुगेका विद्यालय सँख्या | ० | १० | १५ | २० | २४ | २६ |

**४.३.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय दिवा खाजा कार्यविधि २०७७ अद्यावधिक र परिमार्जन | पटक | | १ | | | | १ | २ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | एक विद्यालय एक स्वास्थ्यकर्मी | विद्यालय | | | १ | १ | १ | ३ | ७ | संघ/ प्रदेश/ नगरपालिका |
| ३ | User Manual समेतको प्राथमिक उपचार बाकस | संख्या | | | ७ | ५ | ५ | १७ | ९ | नगरपालिका |
| ४ | स्थानीय पाठ्यक्रममा किशोरी शिक्षा | कक्षा | | ६-८ | | | | ६-८ | | विद्यालय |
| ५ | सरसफाइ सम्बन्धी आवश्यक पूर्ण पूर्वाधार विकास | संख्या | | ५ | ५ | ५ | ५ | २० | २६ | विद्यालय |
| ६ | स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवाखाजा | निरन्तर | | | | | | | | विद्यालय |
| ७ | विद्यालयमा पोषण कर्नर निर्माण | निरन्तर | | ७ | ३ | ३ | ३ | १६ | १० | विद्यालय |
| ८ | विद्यार्थीहरुको स्वास्थ्य परिक्षण | पटक | २ | २ | २ | २ | २ | १० | | विद्यालय |
| ९ | महिनावारी स्वच्छता सम्वन्धी तालिम संचालन | पटक | १ | १ | १ | १ | १ | १० | | |
| १० | २४ वटा विद्यालयमा सेनिटरी प्याडको डिपोजलको लागि मेसिन | पटक | ० | ५ | ५ | ५ | ५ | २० | | |

## ४.५ आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा

### ४.५.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न संकटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित संकटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरीएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम्‌ क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आआफ्नो नीति-, कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा आपतकालीन तथा संकटपूर्ण ) लाई समावेश (अवस्थामा शिक्षा गर्ने गरेका छन्‌। विशेषतलामो द्वन्दको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव :, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड१९ लगायतका - महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा परेको अवरोधबाट पाठ सिकी यस शिक्षा

क्षेत्रको योजनामा यस पालिकाले आगामी १० वर्षका लागि नीति तथा कार्यक्रमिक प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ।

यस खण्डमा मूलत: तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :

क) प्राकृतिक प्रकोपभूकम्प :, बाढीपहिरो, हावाहुरी, हिमपहिरो, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।

ख) महामारीझाडापखाला :, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गुटाइफाइड ,, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू कोभिड ,-१९आदि सरूवा रोगहरू।

ग) युद्ध, द्वन्द्व, विस्थापनआन्तरिक तथा : बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरीकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई शुरक्षित राख्ने।

### ४.५.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२ले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ,, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्च शिक्षाको सुनिश्चितताका साथै बालबालिका माथि हुने विभेद, सजाय र दुराचारलाई निषेध गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन ले छात्रवृत्ति (२०७७) र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली (२०७५), दिवाखाजा, सुविधा विहीनहरूका लागि विशेष सहयोग, मातृभाषामा शिक्षासहित कुनै पनि अवस्थामा बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिर्श्चित गरेको छ।

यस पालिकामा पनि विभिन्न समयमा विपद तथा संकट आइपर्दछन् यस्तो अवस्थामा शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता दिन तथा विपद तथा संकटको घडिमा पनि विचलित नभइ सो को व्यवस्थापन र न्यूनीकरण गर्न योजनाबद्ध रुपमा शिक्षा प्रदान गरीदै आएको छ जस्तै कोभिडका कारणबाट अस्त व्यस्त भएको शैक्षिक सत्र २०७७ लाई विद्यालय ब्यवस्थापन समितिको संयुक्त सहयोगमा भर्चुअल कक्षा ,फोन तथाटोल सिकाइ योजना बनाएर बालबालिकाको सिक्ने अधिकारलाई सुनिश्चित गरी सिकाइलाई निरन्तरता दिएको सर्वविविदै छ । यसै सन्दर्भमा कक्षागत रोल नंलाई जोर विजोर प्रणालीमार्फत . विद्यालयमा समाजिक दूरी कायम गर्दै शिक्षणसिकाइ समेत भएको थियो। विपद्का लागि सहयोगार्थ यस पालिकामा द्रुत प्रतिकार्य समितिनेपाल रेडक्रस सोसाइटी उपशाखा तथा वारुण यन्त्र रहेको छ ,। विद्यालयमा रहेको जुले पनि .स.रे.तथा यु .स.रे. विपदप्रति सचेतना जगाउदै आएका छन्। स्थानीय पाठ्यक्रमको तल्लो कक्षा देखिनै विपद जोखिम न्युनीकरणका विषयवस्तु समावेश गरिएको छ।

### ४.५.३ चुनौतीहरू :

१. आपतकालीन अवस्थाको शिक्षालाई छुट्टै विधाको रूपमा सम्बोधन गर्ने।
२. प्रकोप र सोको जोखिमको विषयमा सावधानी अपनाउनु।
३. संकटको क्षेत्र पहिचान गर्नु।
४. क्षेत्र पहिचान गरी योजना निर्माण गर्नु।
५. योजना निर्माणको प्रक्रिया र सहभागिता।

### ४.५.४ उद्देश्यहरू

१. सङ्कटको सम्भावित जोखिम पहिचान गरी शिक्षाको माध्यमबाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्ने।

२. सूचना तथा संञ्चार प्रविधिको विकास गर्ने।

### ४.५.५ रणनीतिहरू

१. स्थानीय सरकारले संकटको पहिचान र मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत योजना र विद्यालयहरूले आआफ्ना विद्यालयको योजना तयार गर्ने छन्।

२. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गरिने छ।

३. विद्यार्थी, शिक्षक ,अभिभावकलाई प्रकोप रोकथामर पुनर्स्थापनाका लागि क्षमता विकास गरिनेछ।

४. विपद्‌मा सेवा प्रवाहको संयन्त्र विकास गरिनेछ।

५. विद्यालय शान्ति क्षेत्र कायम गरी यसप्रति सरोकारवालालाई जिम्मेवार बनाइनेछ।

६. विद्यालय बन्दका समय भर्चुअल कक्षा, टोल शिक्षा संचालन गरि सिकाई क्षति न्यूनीकरण गरिनेछ ।

### ४.५.६ प्रमुख उपलब्धि तथा नतिजा

**(क) उपलब्धी**

जुनसुकै परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भएको हुने।

**(ख) नतिजा**

| क्रसं | सूचक | आधारवर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | विद्यालयमा प्रकोप व्यवस्थापनका लागि पूर्वतयारीको योजना तथा क्षमता विकास हुने। | 0 | १५ | २० | २६ | ० | ० |
| २ | स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली सक्रिय हुने। | ० | २६ | २६ | २६ | २६ | २६ |
| ३ | महामारीको समयमा स्वास्थ्य मापदण्ड तथा उपचारसहित सिकाइ निरन्तरता हुने। | ० | १-५ | १-५ | १-५ | १-५ | १-५ |

### ४.५.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | सुरक्षित शिक्षण सिकाइ सहजीकरण योजना | योजना | | १ | | | | १ | २ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | क्षमता विकास | संख्या | १५ | २० | २६ | ० | ० | २६ | २६ | नगरपालिका |
| ३ | मापदण्ड अनुसारको भौतिक पूर्वाधार | निरन्तर | | | ५ | ५ | ५ | १५ | २६ | संघ/ प्रदेश/ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नगरपालिका |
| ४ | समुदायमा सूचना तथा सञ्चार प्रविधिको विस्तार | प्रतिशत | | ५ | १० | १५ | २० | ५० | ५० | नगरपालिका |
| ५ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास | संख्या | ५ | २ | २ | २ | २ | १३ | २६ | नगरपालिका |
| ६ | User manual सहितको प्राथमिक उपचार बाकस | संख्या | | ५ | २ | ३ | ३ | १३ | २६ | नगरपालिका |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

शिक्षा नियमावली २०५९ अनुसार एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ० ७५ वर्ग मिटर र.आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १०० वर्गमिटर बराबरको क्षेत्रफल तोकिएको छ.। बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन्। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरेको छ।

यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी दश वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.२ वर्तमान अवस्था

यस पालिकामा कूल विद्यालय२६मध्ये २०सामुदायिक,२ मदरसा र ४ संस्थागत विद्यालयहरु छन्। सामुदायिक विद्यालय तर्फ आधारभूत तहमा ११ पक्कि र १७ कच्ची माध्यमिक तहमा २० पक्कि ११ कच्ची भवन रहेको छ यसरी हेर्दा माध्यमिक तहमा भन्दा आधारभूत तहमा पक्की संरचना कम देखिन्छ।सामुदायिक विद्यालयमा छात्रा शौचालय भएका विद्यालयहरु ५ , छात्र शौचालय ४० तथा महिला शिक्षक शौचालय ३ वटा छन् तर पनि शौचालयहरुमा पानीको अभाव र कम व्यवस्थित रहेका छन् । खानेपानीको आफ्नै श्रोत भएका विद्यालय १७ विद्यालय छन् भने ३ विद्यालयमा खानेपानीको श्रोत नै छैन । विपद तथा जोखिम व्यवस्थापनको तयारीका लागि स्थानीय पाठ्यक्रम मार्फत प्रारम्भिक कक्षा देखि नै विषयवस्तु समावेश गरिएको छ। पालिका भरमा २ वटा विद्यालयमा पुस्तकालय ,२ वटा विद्यालयमा विज्ञान प्रयोगशाला ,५ विद्यालयमा कम्प्युटर प्रयोगशाला र ८ वटा विद्यालयमा इन्टरनेट पुगेको छ। विद्यालयको वातावरण तर्फ फर्केर हेर्दा माध्यमिक विद्यालयहरुमा विद्यालयमा स्टाफ कोठा ,विद्यालयमा स्टोर कोठा ,विद्यालयमा खेलकुद कोठा साथै विद्यालयमा पर्याप्त खेल मैदान रहेका छन्

भने आधारभूत तहमा प्रयाप्त भवन ,कक्षाकोठा, खेलमैदान, शौचालय, खानेपानी र घेराबार वा विद्यालय पर्खालको कमि रहेको छ ।

### ४.६.३ चुनौतीहरू

१७. भौतिक पूर्वाधारको विकास र विस्तारमा स्थानीय तहको भूमिका।

१८. पूर्वाधार विकासकालाई गुणस्तरीय पारदर्शी एवं जवाफदेही बनाउनु।

१९. सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरु योजना विकास गर्नु।

२०. आवश्यक स्रोतको व्यवस्थापन गर्नु।

२१. पूर्वाधारहरूलाई बालमैत्रीअपाङ्गता र लैङ्गिक मैत्री बनाउनु ,।

### ४.६.४ उद्देश्य

१. सुरक्षित विद्यालय पूर्वाधारको आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्नु।

२. पूर्वाधारहरूलाई पारदर्शी एवं जवाफदेहीताका आधारमा बालमैत्री अपङ्गता र लैङ्गिकमैत्री ,बनाउने।

### ४.६.५ रणनीतिहरू

१. पूर्वाधार विकासका लागि विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ।

२. विद्यालय पूर्वाधार विकासका लागि विभिन्न संघसंस्था एवं सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ।

३. विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय, भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजाइन गरिनेछ।

४. प्रकोपको सिकार भएका विद्यालय भवनलाई तुरून्त वैकल्पिक व्यवस्था गरी स्तरोन्नती गरिनेछ।

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय निर्माणका लागि संस्थागत क्षमता अभिवृद्धि गरीने छ।

६. पूर्वाधार विकासकालागि विद्यालयको भौतिक सूचक तयार गरिनेछ।

७. आंसिक रुपमा क्षति भएका विद्यालका संरचनाको मर्मत सम्भार गरिनेछ।

### ४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक वातावरणमा अध्ययन गर्ने अवसर हुने।

**ख) नतिजा**

| क्रसं | सूचक | आधारवर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माग र आवश्यकताका आधारमा विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको १० वर्षे गुरु योजना तयार हुने। | 0 | | १ | ० | ० | ० |
| २ | पूर्वाधार विकासका लागि विद्यालयको तह र | ० | १ | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्याको आधारमा मापदण्ड विकास गरिनेछ। | | | | | | |
| ३ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुने। | ० | २६ | २६ | २६ | २६ | २६ |
| ४ | पालिकाका सबै विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार विकास र विस्तार हुने। | २० | २२ | २४ | २६ | ० | ० |
| ५ | पूर्वाधार विकासका लागि विद्यालयको भौतिक सूचक तयार हुने। | ० | १ | ० | ० | ० | ० |
| ६ | विद्यालयमा अपाङ्गतामैत्रीबालमैत्री तथा , लैङ्गिक मैत्री भौतिक पूर्वाधार हुने। | ० | १ | २ | ५ | २ | २ |

### ४.६.६ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पूर्वाधार विकासका लागि मापदण्ड | पटक | | १ | | | | १ | २ | नगरपालिका |
| २ | पूर्वाधार विकास एवम् विस्तारका लागि १० वर्षे गुरु योजना तयार | पटक | | १ | १ | | | २ | ३ | नगरपालिका |
| ३ | अपाङ्गतामैत्रीबालमैत्री तथा लैङ्गिक मैत्री , भौतिकपूर्वाधार निर्माण | संख्या | | | ३ | ३ | २ | ८ | २६ | नगरपालिका |
| ४ | पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारी | निरन्तर | | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ५ | विद्यालयको मर्मत सम्भार | निरन्तर | | | | | | | | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | प्रकोपको सिकार भएका विद्यालय भवन मर्मत | आवश्यक | | | | | | | | नगरपालिका |

## ४.७ विद्यालय सूचना तथा संचार प्रबिधि

### ४.७.१ परिचय

सूचना तथा सञ्चार प्रबिधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक बनाउन, सिकाइप्रति विद्यार्थीहरुलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरी सुशासन कायम गर्न सहयोग गर्दछ ।शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधि आधारभूत पहुँच पुर्याई डिजिटल भिन्नता कम गर्ने सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण माध्यमका रुपमा प्रयोग गरी सिकाई सुधार गर्ने सबैका लागि शिक्षामा पहुँच पुर्याउने र शिक्षाको व्यवस्थापिकीय तथा शासकिय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग ल्याउनुपर्दछ (MoE ,२०१३) ।किभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधि प्रभावकारी प्रयोग र आवश्यकतालाई थप पुष्टी गरेको छ ।विभिन्न प्रकारका विपत तथा महामारीमा पनि शिक्षालाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधि महत्वपूर्ण सहयोग गर्न सक्दछ ।यस समयमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका virtual माध्यम प्रयोग गरि सिकाईलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता संरचनाको अभावले सबैलाई समेट्न सकिएको छैन (Poudel,K.२०२०) ।नेपालको सूचना तथा सञ्चार प्रविधि नीति,२०७२ ले सूचना तथा सञ्चारका संरचनामा पहुँच पुर्याउने विषयमा नीति निर्धारण गरेको छ भने शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना कानुन गर्ने लगायतका नीतिहरूले गरेको छ ।डिजिटल नेपालको कार्यढाचा,२०७६ ले विद्यालय तथा क्याम्पस हरुमा सूचना तथा सञ्चार प्रविधि शिक्षा र GIS शिक्षा प्रदान गर्ने र शिक्षाक्षेत्रको सूचना तथा सञ्चार प्रविधि शिक्षा सम्बन्धी क्षमता विकास गरी र सबैका लागि सुचना तथा संचार प्रबिधि शिक्षा सम्बन्धी साक्षरता प्रदान गर्ने उल्लेख गरिएको छ ।त्यसैगरी नेपाल सरकारले २०७६ सालमा स्वीकृत गरेको राष्ट्रिय नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन निजीमा पनि शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी नीति उल्लेख गरेको छ ।विद्यालय क्षेत्र विकास कार्यक्रममा पनि सूचना तथा सञ्चार प्रविधिका क्रियाकलाप समावेश गरिएको छ ।विद्यालय क्षेत्र विकास योजनामा समाबेश गरिएका मुख्य त्रियाकलाप सिकाइमा सूचना प्रविधिको प्रयोगको लागि आवश्यक सामाग्री विद्यालयलाई उपलब्ध गराउने , विज्ञान,गणित र अंग्रेजी विषयमा विद्युतीय बिधुतिय सामाग्री निर्माण गर्ने, पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान गर्ने, नमुना विद्यालयमा सूचना तथा सञ्चार प्रबिधि सिकाइ केन्द्र स्थापना गर्ने, एकीकृत लेखा software कार्यान्यवन गर्ने,एकीकृत शैक्षीक व्यवस्थापन सूचना प्रणाली IEMIS विकास गर्ने रहेको छ ।

### ४.७.२ वर्तमान अवस्था

यस पालिकाले ५ ओटा विद्यालयलाई विद्युत्तीय पुस्तकालय उपलब्ध गराएको छ३ ओटा माध्यमिक विद्यालयमा स्मार्ट कक्षा रहेको छ । हाल मल्टिमिडिया समेतको सुविधा भएको५स्मार्टवोर्ड , रहेकोछ|बृन्दावन नगरपालिकामा सबै माध्यमिक विद्यालयमा विद्युतको पहुँच छ भने विज्ञान प्रयोगशाला कम्प्युटर प्रयोगशाला तथा इन्टरनेट सुविधा भएका विद्यालयहरु , १७ वटा रहेका छन्। यस पालिकामा ५ वटा विद्यालयका १० जना शिक्षक कर्मचारीले शिक्षण सिकाइमा प्रविधिको प्रयोग गरेका छन् भने अधिकांस शिक्षकहरु प्रविधिको संग दौडने प्रयासरत् देखिन्छ।

### ४.७.३ चुनौतीहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गर्न।

२. विस्तार गरिएका ईपुस्तकालयलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न-।

३. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि एकीकृत प्रणालीको विकास गर्ने।
४. प्रविधिसम्बन्धी उपकरणको व्यवस्था त्यसको सञ्चालन र प्रयोगका लागि क्षमता विकास गर्ने।
५. सबै विद्यालयलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्ने।
६. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली मार्फत तथ्याङ्क अद्यावधिक गर्ने।
७. स्थानीय स्तरमा अडियो, भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालन गर्न सरोकारवालको सक्रियता बढाउने।

### ४.७.४ उद्देश्यहरू

१. विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने।
२. अपाङ्गता भएका व्यक्तिहरू लगायत सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच पुर्याउने।
३. विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।

### ४.७.५ रणनीतिहरू

१. सबै विद्यालयहरूमा प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार गरी उपकरणको प्रवन्ध गरिने।
२. शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ।
३. विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास गरीनेछ।
४. सबै विद्यालयहरूमा सि.सिक्यामरा तथा विद्युत्तीय हाजिरी जडान गरिनेछ .।
५. सूचना तथा सञ्चार प्रविधमा आधारित अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गरिनेछ।
६. अपाङ्गता भएका व्यक्तिहरूलगायत सबैमा सूचना तथा सञ्चार प्रविधमा आधारित शिक्षामा पहुँच पुर्याउने।
७. विद्यालयको समग्र व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई पेपर लेस बनाउने।
८. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई मासिक रुपमा अद्यावधिक गरिनेछ।
९. विद्युत्तीय पुस्तकालयलाई वार्षिक रुपमा अद्यावधिक गरिनेछ।
१०. सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको विकास गरिनेछ।

### ४.७.६ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

समुदाय तथा विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमैत्री बातावरण निर्माण भइ विद्यालय शिक्षाको व्यवस्थापनमा सुधारल्याइ सुशासन प्रवर्धन हुने।

**ख) नतिजा**

| क्रसं | सूचक | आधारवर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरि एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापनडिजिटल ल्याव स्थाप ना , | ० | ० | १ | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्ने। | ० | १० | १० | ६ | ० | ० |
| ३ | स्थानीय स्तरमा अडियो भिडियो सहितको अनलाइन तथा अफलाइन कक्षा सञ्चालनका लागि प्रत्येक विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोन का साथै पेनड्राइभ हुने। | ० | १० | १० | ६ | ० | ० |
| ४ | विद्यालयको तथ्याङ्क पद्धति पूर्ण पेपर लेस हुने। | ६ | १२ | ६ | २ | | |
| | प्रत्येक वडामा एक फ्रि वाईफई चौतारी निर्माण - गर्ने। | ० | ३ | ३ | ३ | ० | ० |
| | शिक्षकहरूको क्षमता विकास गरी स्वयंसेवक शिक्षक सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीप अनिवार्य गरिनेछ। | ० | २ | २ | २ | २ | २ |
| | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा विस्तार हुने। | ० | १ | १ | | | |
| | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुने। | ० | ० | २ | २ | २ | २ |

### ४.७.७ प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रविधिसम्बन्धी आधारभूत संरचना विस्तार | संख्या | | ४ | ४ | ४ | ४ | १६ | २६ | संघ/ प्रदेश/ नगरपालिका |
| २ | पूर्णकालिन ICT शिक्षक व्यवस्थापन ,डिजिटल ल्याव स्थापना | संख्या | | | १ | | १ | २ | ६ | प्र/. स्थानीय |
| ३ | कक्षाकोठामा प्रविधिको प्रयोग | संख्या | | ४ | ४ | ४ | ४ | १६ | २६ | विद्यालय |
| ४ | ईपुस्तकालय- आद्यावधिक र विस्तार | संख्या | ३ | २ | २ | ३ | ३ | १३ | २६ | नगरपालिका |
| ५ | विद्यार्थीको हातमा भिडियो प्लेयर वा Android फोनका साथै पेनड्राइभको पहुच | प्रतिशत | | १० | १० | १० | १० | ४० | ७० | संघ/ प्रदेश/ नगरपालिका |
| ६ | तथ्याङ्क पद्धति पूर्ण पेपर लेस | संख्या | | | ५ | ४ | ४ | ९ | २६ | नगरपालिका |
| ७ | फ्रि वाईफाई चौतारी- | संख्या | २ | २ | २ | १ | ३ | ९ | २५ | नगरपालिका |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | शिक्षकहरूको क्षमता विकास | निरन्तर | | | | | | | | नगरपालिका |
| ९ | सामुदायिक सिकाइ केन्द्रमा सूचनातथासञ्चारप्रविधिको प्रयोग | निरन्तर | | | | | | | | नगरपालिका |
| १० | सूचनाप्रविधिमाआधारितशिक्षकसहायताप्रणालीकोविकासत थाससंचालन | | | | | म<br>सै | | | | संघ/ प्रदेश/<br>नगरपालिका |

# परिच्छेद: पाच
# सुशासन तथा व्यवस्थापन

## ५.१ परिचय

शिक्षा पद्धतिमा निणर्य तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रबन्धलाई जनाउँदछ। शासकीय प्रवन्धमा संरचना तथा प्रक्रिया दुवै पर्दछन्! विद्यालय क्षेत्रको यो योजनाका सन्दर्भमा शासकीय प्रवन्ध अन्तर्गत योजनाको प्रभावकारी ढङ्गले तथा कुशलतापूर्वक कार्यान्वयन गरि बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरूले सहभागिता तथा सहमतिमा निणर्य गर्नु तथा निणर्य कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरि सुशासनको प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा स्थानीय सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले भूमिका अनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहेको छ।

शिक्षा क्षेत्रको योजना कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना सहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरूप, संवैधानिक प्रावधान अनुसारको संघीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्यमान्यता र दृष्टिकोणमा आएको परिवर्तनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरि तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। यस सन्दर्भमा संविधानमा संघीय एकाइहरूका लागि एकल र साझा अधिकार तथा दायित्वको रूपमा विषयहरू प्रस्तुत भएका सन्दर्भमा एकल अधिकार मूल रूपमा प्रभावी भई साझा अधिकार परिपूरक वा सम्पूरक भएर आउँछ भन्ने विषयलाई ध्यान दिनका साथै शिक्षामा विशिष्टीकृत प्रकृतिका कार्यको सञ्चालन तथा व्यवस्थापनका लागि विशेष प्रबन्धको आवश्यकतालाई पनि विचार गर्नु पर्दछ। त्यसैगरि योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्धन, नतिजाप्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरूलाई प्राथमिकता दिनु पर्दछ। यस परिच्छेदमा सुशासन प्रवर्धन गरी शिक्षा क्षेत्रमा यस १० वर्षे शिक्षा क्षेत्रको योजना कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरीएको छ। वर्तमान अवस्थाको समीक्षाका आधारमा यस योजनाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरूको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरूप प्रस्तुत गरिएको छ।

## ५.२ संस्थागत संरचना र क्षमता विकास

### ५.२.१ परिचय

बदलिदो परिवेश अनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमा शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले संघीय सरचनाअनुसार स्थानीय सरकारका अधिकार तथा दायित्व; शिक्षामा भएको सङ्ख्यात्मक विस्तार,ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास,सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत बिचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार,अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार;प्रकोप तथा महामारीको अवस्थामा सिकाइ र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्ने प्रयास गरिएको छ भने त्यसका लागि आवश्यक पर्ने जनशक्ति तथा क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरीएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको लागि तयार गरिएको छ।

परिवर्तित शासकीय संरचना अनुसार स्थानीय सरकार सन्चालन ऐन,२०७४ मा उल्लेखित अधिकार र संविधानमा माध्यमिक तर्फको अधिकार स्थानीय तह को एकल अधिकार सूचीमा रहेको वर्तमान अवस्थामा नीतिनिर्माण व्यवस्थापन अनुगमन मूल्यांकन को सम्पूर्ण जिम्मा स्थानीय तहको हुन आएको छ ।नगरकार्यपालिका र नगर शिक्षा समिति नीति निर्माणको तहमा रहनेछन शिक्षकको पेशागत विकासका लागि नगर स्तरमा कम्तिमा प्रति विषय एकजना पर्नेगरी प्रशिक्षक व्यवस्था गरिनेछ ।स्थानीय पाठ्यक्रम निर्माणका लागि छुट्टै समिति गठन गरी कार्य अगाडि बढाइनेछ ।

### ५.२.२ वर्तमान अवस्था

शिक्षा क्षेत्रको विकासका लागि हाल संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा विभागीय रुपमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन्। त्यसैगरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील रहेका छन्। यसैगरी प्रदेश तहमा सामाजिक विकास मन्त्रालय मार्फत शिक्षा, शिक्षा विकास निर्देशनालय र प्रत्येक प्रदेशमा शिक्षा तालिम केन्द्र रहेका छन् भने जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाइ, प्रत्येक पालिकामा शिक्षा शाखाको व्यवस्था रहेको छ। पालिका स्तरमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐनले तोकिए बमोजिमको २३ ओटा कार्यहरु कार्यान्वयनमा रहेका छन्।

### ५.१.३ समस्याहरु र चुनौतिहरु

१. विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठनमा राजनीतिकरणका कारण समस्याहरू उत्पन्न भएका छन्।
२. विद्यालय व्यवस्थापन समिति र अभिवावक सँघ लगायत अन्य सरोकारवलाहरुलाई जिम्मेवार र उतरदायी वनाउन।
३. शिक्षक पदपूर्ति, क्षमता विकास गर्न मा समस्या भएको
४. कक्षा १० तथा १२ को परीक्षा व्यवस्थापनमा संघ र प्रदेशसँग समन्वय गर्न चुनौतीहरू छन्।
५. शिक्षको पेशागतरुपमा सहयोग पुर्याउन।
६. तिनै तहका विभिन्न निकायहरु विच समन्वय सहकार्य कमजोर हुन।

### ५.२.४ उद्देश्य

यस योजनामा सुशासन तथा व्यवस्थापनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानिय तहमा गुणस्तर अभिवृद्धि गर्न संरचना र जनशक्तिको व्यवस्था गर्ने।

२. विद्यालयमा जनशक्ति, संरचना र संयन्त्रको क्षमता अभिवृद्धि गर्ने।

३. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरूको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि संयन्त्र र संस्थागत व्यवस्था गर्ने।

४. समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन व्यवस्था गर्ने।

### ५.२.४ रणनीतिहरू

१. विद्यार्थीको सिकाइ उपलब्धिको न्यून नतिजा सम्बोधनको लागि स्थानीय तहमा गुणस्तर अभिवृद्धि गर्न भौतिक तथा सांगठानिक संरचनाको सुधार गर्ने र पर्याप्त र तालिम प्राप्त जनशक्तिको व्यवस्थापनमा जोड दिने

२. विद्यालय शिक्षा क्षेत्रका शैक्षिक गतिविधिहरुको समन्वय, सहअस्तित्व र सहकार्यको प्रत्याभूतिका लागि नीतिगत र प्रणालीगत संयन्त्रको विकास र कार्यान्वयन गर्ने र संस्थागत व्यवस्थाका लागि आवश्यक भौतिक पूर्वाधार, जनशक्ति, वित्त व्यवस्थापन र नीति नियम निर्माण गरी कार्यान्वयन गर्ने

३. समता तथा समावेशितालाई प्रोत्साहन गर्नका लागि आवश्यक पर्ने नीतिगत तथा कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउने र शिक्षामा सुशासन व्यवस्था गर्नका लागि पारदर्शिता, जवाफदेहीता, नियमको पालना, कुशल नेतृत्व तथा सूचना सम्प्रेषणका लागि पद्धतिको विकास गरी कार्यान्वयन गर्न जोड दिने

४. विद्यालयमा दक्ष जनशक्ति व्यवस्थापनका लागि पेशागत योग्यता र तालिमको व्यवस्था गर्नुका साथै भौतिक तथा सांगठानिक संरचनाको निर्माण गर्ने र संयन्त्रको क्षमता अभिवृद्धि गर्नमा जोड दिने

### ५.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपब्धि**

शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीमा विकास भएको हुने।

**ख) नतिजा**

१ स्थानीय तहको शिक्षाको शासकीय तथा व्यवस्थापकीय कार्यका लागि संयन्त्र, संरचना र जनशक्ति तयार हुने

२ स्थानीय सरकार, शिक्षाको शासकीय स्वरुप र विद्यालयको जिम्मेवारी, भूमिका, कर्तव्य, दायित्व र अधिकार सुनिश्चित हुने

३ शैक्षिक निकाय र जनशक्तिको दक्षता प्रवर्धन गर्ने, संयन्त्र निर्माण हुने र उक्त संयन्त्रले क्षमता सुधार गर्ने

४ शिक्षा सेवा प्रवाह सहभागितामूलक, कार्यसम्पादनमुखी, शिक्षार्थीको सिकाइप्रति जवाफदेही, समतमूलक तथा समावेशिताको सिद्धान्तमा कार्यसम्पादन उद्देश्यमूलक र प्रभावकारी हुने

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | ६ | ६ | ६ | ६ | ६ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सँख्या | ० | १४ | १४ | १४ | १४ | १४ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सँख्या | २० | २० | २० | २० | २० | २० |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सँख्या | ५ | ५ | ५ | ५ | ० | ० |
| ५ | प्रचलित कानूनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सँख्या | २० | २० | २० | २० | २० | २० |

## ५.२.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | आवश्यक कानूनी प्रवन्ध र मापदण्ड विकास | संख्या | १ | १ | | | | २ | ३ | |
| २ | शिक्षा तालिम केन्द्रको स्थापना | संख्या | ० | १ | ० | ० | ० | १ | १ | |
| ३ | सूचना प्रणाली सुधार तथा सुदृढीकरण | पद्धति | १ | १ | | | | २ | ३ | |
| ४ | प्रलाई कार्यसम्पादन करार गरी जिमवेवार .अ. वनाउने | संख्या | ३ | २ | ३ | ९ | ९ | २६ | २६ | |
| ५ | शिक्षक तथा विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने | पद्धति | ३ | २ | ३ | ९ | ९ | २६ | २६ | |
| ६ | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास | संयन्त्रवडा/ | १ | २ | २ | २ | २ | ९ | ९ | |
| ७ | विद्यालय स्वास्थ्य, पोषण, सरसफाइ तथा स्वच्छता, विपत तथा महामारी सम्बन्धी सेवा तथा समन्वय संयन्त्रको विकास | संयन्त्र | १ | १ | | | | २ | ३ | |
| ८ | शिक्षासम्बन्धी कार्यको लागि स्थानीय तहको जनशक्ति तथा संरचनाको क्षमता विकास गर्ने | संरचना | १ | १ | | | | २ | ३ | |

## ५.३ शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रवन्ध

### ५.३.१ परिचय

कुनै पनि योजनाको प्रभावकारी कार्यान्वयनको निमित्त व्यवस्थित, नीतिगत, प्रणालीगत र वैज्ञानिक प्रबन्धको खाँचो पर्दछ। योजना निर्माण, संगठन, नियन्त्रण, निर्देशन, नेतृत्व प्रदान जस्ता तत्वहरुले योजना कार्यान्वयनको प्रबन्धमा महत्वपूर्ण भूमिका खेल्दछन्। यसैगरी शिक्षा क्षेत्रको योजना कार्यान्वयन गर्न पनि उल्लेखित तत्वहरुले प्रभाव पार्दछन्। शिक्षा क्षेत्रको योजना कार्यान्वयनको प्रबन्ध प्रभावकारी भएमा अपेक्षित उपलब्धि प्राप्त गर्न सकिन्छ।

अपेक्षित नतिजा तथा उपलब्धि हासिल गर्न कार्यान्वयनको उपयुक्त व्यवस्था हुनु आवश्यक छ। योजना कार्यान्वयन प्रबन्धमा सङ्गठन, निर्देशन, नियन्त्रण, संयन्त्र, जनशक्ति, नीति नियम,कानुन तथा मापदण्ड सहितको जिम्मेवारी र उत्तरदायित्व रहन्छन् । नेपालमा संघीय व्यवस्था अनुसार संघ, प्रदेश र स्थानीय तहको संरचना तयार भई स्थानीय तहमा केही कानुनी प्रबन्ध सहित मुख्य संरचना तथा जनशक्ति र जिम्मेवारी निर्धारण गरीएको छ। त्यसैले कार्यान्वयन प्रबन्ध र सम्पादनका लागि आवश्यक संयन्त्रको विकास हुनु आवश्यक । कार्यान्वयन प्रबन्ध तयार गर्दा दीगोपना, कार्यकुशलता, प्रभावकारितामा ध्यान दिनु पर्दछ। कार्यान्वयन प्रबन्धको समग्र पक्षलाई समावेश गरी स्थानीय तह र विद्यालय अन्तर्गत योजना कार्यान्वयनको प्रबन्धको प्रक्रिया इङ्गित गरिएको छ।

### ५.३.२ वर्तमान अवस्था

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नुपर्ने कानूनी व्यवस्था छ। शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। संघमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ। स्थानीय तहमा शिक्षा महाशाखाशाखा रहेका छन्/। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवशक देखिएको छ। हालको संरचनामा देखिएका केही समस्या तथा

### ५.३.३ चुनौतीहरू

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु
२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु।
३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु।
४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्य विवरण स्पष्ट गर्नु पर्ने
५. संघ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।

६. संघ, प्रदेश तथा स्थानीय तहहरूवीच समन्वय र सहकार्य सुदृढ गर्ने।

### ५.३.४ उद्देशयहरु

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.३.५ रणनीतिहरु

योजनाको कार्यान्वयनको मुख्य थलो विद्यालय भएकाले विद्यालयमा कार्यान्वयनको उपयुक्त प्रवन्धका साथै स्थानीय तहले विद्यालयको क्रियाकलापहरुमा नियमित अनुगमन तथा कार्यान्वयनमा आवश्यकता अनुसार सहयोग, समन्वय र सहकार्य गर्नु पर्दछ। स्थानीय तहमा शिक्षा क्षेत्रको समग्र योजना कार्यान्वयन प्रक्रियाका लागि निम्न लिखित प्रवन्ध गर्नु पर्दछ।

स्थानीय तह:

१. बृन्दावन नगरपालिकाले संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने।

२. बृन्दावन नगरपालिकाको शिक्षा शाखाको क्षमता विकास गरी कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार समितिहरू निर्माण गर्ने।

३. बृन्दावन नगरपालिकाले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने छन्।

४. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार बृन्दावन नगरपालिकाले कानुन, मापदण्ड र निर्देशिका विकास गर्ने।

५. बृन्दावन नगरपालिकाले एकीकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने, योजना निर्माणको आधारका रूपमा प्रयोग गर्ने र संघीय तथा प्रदेशमा समेत आवश्यक विवरण सहजै प्राप्त हुने सुनिश्चितता गर्ने।

६. बृन्दावन नगरपालिकाले शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदान प्रदानका लागि पालिकास्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चाल गर्ने।

**विद्यालय:**

१. विद्यालयले विद्यालय सुधार योजना तयार गरी सालवसाली अद्यावधिक गर्ने।

२. संघ, प्रदेश, स्थानीय तह र विद्यालयको आफ्नै आम्दानीबाट प्राप्त बजेट समावेश गरी निर्धारित वार्षिक कार्यक्रमलाई विद्यालय व्यवस्थापन समितिले कार्यान्वयन गर्ने।

३. व्यवस्थापन तथा निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाइने।

४. विद्यालयले वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, अभिलेखीकरण, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागू गर्ने।

५. विद्यालयले अभिभावक र सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने।

६. स्थानीय सरकारका सम्बन्धित इकाइहरू, समुदाय र गैरसरकारी संस्थाको सहकार्यमा बालबालिकाका लागि पौष्टिक आहार, सरसफाइ र विपत्तिको व्यवस्थापन सम्बन्धी सीप प्रदान गर्न क्रियाशील संरचना तयार गर्ने।

७. विद्यालयलेविद्यार्थीलाई विषयगत सिकाइ, अतिरिक्त क्रियाकलाप, सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने।

**सामुदायिक सिकाइ केन्द्र:**

१. सामुदायिक सिकाइ केन्द्र सर्ञ्चालन गर्न व्यवस्थापन समिति गठन गर्ने।

१. वित्तीय व्यवस्थापनका आधारमा व्यवस्थापन समितिले वार्षिक योजना निर्माण गरी कार्यान्वयनको व्यवस्था मिलाउने।

२. साले विषय .के.सि.गत स्थानीय तहका इकाइहरू, समुदाय, गैर सरकारी संस्था र सामुदायिक संस्थासँग आवश्यकता अनुसार सहकार्य गरी कार्यक्रमहरू सर्ञ्चालन गर्ने।

**५.२.४ प्रमुख उपलब्धि तथा नतिजा,**

**क) उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**ख)प्रमुख नतिजा**

सवै सरोकारवला निकाय तथा पक्षहरुको समन्वय सहकार्यमा विधालयमा शुसान प्रवद्धन भई शिक्षण सिकाई प्रति उत्तरदायी प्रणालिको विकास हुनेछ ।

**५.२.५ प्रमुखक्रियाकलाप र लक्ष्य**

| क्रसं | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | एकिकृत शैक्षिक सुचना प्रणाली सृदृढीकरण | संख्या | १ | १ | १ | १ | ५ | १० | | |
| ४ | नियमित लेखा, सामजिक परिक्षण | पटक | १ | १ | १ | १ | ५ | १० | | |

# परिच्छेदः छ

## लगानी र स्रोत व्यवस्थापन

### ६.१ परिचय

आर्थिक तथा सामाजिक परिवर्तनका लागि शिक्षाको भूमिका अहम हुन्छ। सभ्य समाज र समृद्ध राष्ट्र निर्माणका लागि व्यक्ति, समुदाय र सरकारले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ।दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्नु नै शिक्षामा लगानी गरिएको हो।शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ।राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै नेपाल सरकार र समुदायबाट विगत केही दशकदेखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरीएको छ।शिक्षामा गरीने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ। संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भएतापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ।

शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रबन्धका लागि ध्यान दिनुपर्ने महत्वपूर्ण पक्ष हुन्।शिक्षामा आवश्यक पर्ने वित्तीय स्रोत जुटाउने, स्रोतको विनियोजन गर्ने, विनियोजित स्रोतको प्रवाह गर्ने र उपलब्ध स्रोतको उपयोग गर्ने भन्ने विषयमा ध्यान पुग्दछ। यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लगानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरू उल्लेख गरीएको छ।पहिचान गरीएका चुनौतीहरूको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरू प्रस्तुत गरी स्रोतको आकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ।

स्थानीय तहको लगानी र सुरक्षा व्यवस्थापनको मुख्य आधार भनेको नै संघीय सरकारबाट प्राप्त हुने Education Sector Plan अन्तर्गतको सशर्त बजेट नै हो । यसका अलवा निजी साझेदारी कार्यक्रम, प्रदेश तथा स्थानीय ताका सरकारबाट प्राप्त हुने अनुदान र अशिक्षा सम्बन्ध राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्थाबाट प्राप्त सहयोगबाट यस योजनामा समावेश भएका कार्यक्रमहरु संचालन गरिनेछ ।अधिकारहरुलाई निश्चित नीति, निर्देशन, सिद्धान्तबमोजिम व्यवस्थित र यथार्थपरक, पारदर्शी रुपमा राख्ने व्यवस्था गरिनेछ ।

### ६.२ वर्तमान अवस्था

बृन्दावन नगरपालिकाको आ.व. २०७७/७८ को कूल बजेट मध्ये रु. ९७,९६,००० (८.८५ प्रतिशत) शिक्षा क्षेत्रमा कार्यक्रम तथा परियोजना अन्तरगतको बजेट विनियोजन गरेको छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ।सबैको धारणा लगानी बढाउने कुरामा एकै हुनुलाई लगानी वृद्धि गर्ने प्रयासको महत्वपूर्ण आधार मान्न सकिन्छ।नेपालका सबैजसो राजनीतिक दलको राष्ट्रिय तहको चुनावी घोषणापत्रमा कूल राष्ट्रिय बजेटको कम्तीमा २० प्रतिशत शिक्षामा लगानी गरीने कुरा उल्लेख गरिएको छ।

### ६.३ चुनौतीहरू

१. शिक्षासम्बन्धी अन्तर्राष्ट्रिय परिवेश, स्थापित मूल्य र मान्यता, संवैधानिक प्रत्याभूति, राज्यले अख्तियार गरेका नीतिलाई उचित रूपमा सम्बोधन गर्न विद्यालय शिक्षा क्षेत्रमा लगनी वृद्धि र दिगो स्रोत व्यवस्थापन गर्ने।

२. संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह बिचको शिक्षाको लगानी मापदण्ड रवित्तीय स्रोत हस्तान्तरणको उपयुक्त माध्यम निर्धारण गरी तीनै तहका सरकारलाई शिक्षामा लगानीको लागि जिम्मेवार बनाउने।
३. संवैधानिक मार्गदर्शन तथा नीति अनुरूप निजी क्षेत्रबाट शिक्षामा गरीने लगानीको व्यवस्थापन रस्वरूप निर्धारण गरी सार्वजनिक सेवा, सामाजिक दायित्व वा सेवामूलक व्यवसायको रूपमाविकास गर्ने।
४. प्राविधिक तथा व्यावसायिक शिक्षामा विद्यार्थी अनुपात बनाउने सरकारको प्रतिवद्धताकार्यान्वयन गर्न आवश्यक पर्ने वित्तीय स्रोत पहिचान र परिचालन पद्धति सुनिश्चित गर्ने।
५. वैदेशिक सहायता प्राप्ति, परिचालन, घट्दै गएको वैदेशिक सहायतालाई बढाउन र त्यसकोदिगोपना सुनिश्चित गर्ने।
६. आधुनिक प्रविधि विशेषगरी सूचना तथा सञ्चार प्रविधिमैत्री शिक्षण सिकाइ सञ्चालन गर्नआवश्यक स्रोतको व्यवस्था गर्ने।
७. शिक्षा क्षेत्रका विभिन्न उपक्षेत्रहरू: प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक तथा व्यवसायिक शिक्षा र अनौपचारिक तथानिरन्तर शिक्षामा सरकारी लगानीको संरचना (प्राथमिकता र प्रतिशत) निर्धारण गर्ने।
८. विद्यार्थीको सिकाइ तथा कुशलतामा केन्द्रित भई गुणस्तर अभिवृद्धि गर्न आवश्यक पर्ने गरीलगानी गर्न स्रोत व्यवस्थापन गर्ने।
९. शिक्षामा समता तथा समावेशिता सुधार गरी आर्थिक रूपले विपन्न, सुविधाविहीन, विभिन्नकठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूको पहुँच, सहभागिता रगुणस्तरीय सिकाइ सुनिश्चित गर्न पर्याप्त लगानी प्राप्त गर्ने।
१०. गैरसरकारी क्षेत्रको लगानी, सामुदायिक सहभागिता र अभिभावकको लगानीलाईअभिलेखीकरण र प्रोत्साहन गर्ने
११. वित्तीय व्यवस्थापन कार्यकुशल बनाउन व्यक्ति, संस्था र पद्धतिको क्षमता विकास गर्ने
१२. वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने।

### ६.४ उद्देश्य

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायअनुसार रहेका छन्:

१. योजना अवधिका लागि विद्यालय शिक्षामा आवश्यक स्रोतको प्रक्षेपण गर्नु।
२. विद्यालय शिक्षासम्बन्धी पहिचान गरिएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु।
३. उपलब्ध सम्भावित स्रोतका आधारमा पहिचान गरीएका कार्यक्रमको प्राथमिकता निर्धाण गरी कार्यक्रमगत बजेट निर्धारण गर्नु।
४. खर्चको प्रक्रिया, तीनै तहका सरकारको भूमिका र दायित्व स्पष्ट गर्नु।
५. लगानीको उपयोगको अवस्था जानकारी लिने विधि र प्रक्रियाउपयुक्त (प्रतिवेदन पद्धति) प्रस्तुत गर्नु र जवाफदेहिता स्पष्ट गर्नु।

### ६.५ रणनीतिहरू

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहाय बमोजिम हुनेछन्:

१. विद्यालय शिक्षाको लागि कानुनमा तोकिए अनुसारको आर्थिक दायित्व तीनै तहका सरकारहरू बिचको लागत साझेदारीमा हुनेछायसका लागि कम्तीमा संघीय सरकारको शिक्षा क्षेत्रको लगानीको अनुपातमा प्रदेश तथा स्थानीय सरकारले आ-आफ्नो स्रोतबाट थप लगानी हुने अपेक्षा गरिने।
१. शिक्षामा सरकारी अनुदान खर्चको जिम्मेवारी स्थानीय तहको भएकोले आफ्नो तह भित्रकोलक्षित शैक्षिक पहुँच र सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न स्थानीय तहलाई जवाफदेहीहुने पद्धति विकास गर्ने।

२. सरकारबाट प्रदान गरीने स्रोतको उपयोग गर्ने प्रमुख इकाइ विद्यालय भएकाले लक्षित गुणस्तर सुनिश्चित गर्ने जवाफदेहिता विद्यालयको हुनेछ।
३. शिक्षामा सार्वजनिक लगानी वृद्धि गरी कूल गार्हस्थ उत्पादनको ७ प्रतिशत र तिनै तहका सरकारबाट कूल बजेटको वार्षिक रूपमा २० प्रतिशत पुर्याइने छ।
२. नेपालको वैदेशिक सहायता नीतिअनुरुप शिक्षाको बजेटमा हुने न्यूनता पूरा गर्नका लागिनिश्चित लक्ष्य हासिल गर्न बाह्य स्रोतको परिचालन गरिनेछ।
३. उत्पादनको अवधारणा अनुसार कार्यक्रम खर्च तथा नतिजामा आधारित खर्च गरिनेछ।
४. सार्वजनिक सेवा,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा विकास गरिनेछ।
५. मापदण्डका आधारमा शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्धन गरीने छ भने निजी क्षेत्रले सार्वजनिक सेवा ,सामाजिक दायित्त्व वा सेवामूलक व्यवसायका रूपमा रहने गरी विद्यालय शिक्षा सर्ञ्चालन गर्न व्यवस्था गरिनेछ।
६. अवस्था र आवश्यकताका आधारमा समानीकरण, समपुरक, शसर्त र विशेष अनुदानको अवलम्वन र उपयोग गरिनेछ।
७. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्वन गरिनेछ।
८. वित्तीय व्यवस्थापन क्षमतामा सुधार गरी ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई थप सबल बनाइनेछ।

**६.६ प्रमुख उपलब्धि तथा नतिजा**

**क)उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ।

**ख)नतिजा**

१. विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि आवश्यक स्रोतको पहिचान रपरिचालन हुने।
२. विद्यालय शिक्षाका हरेक निकायमा कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व निर्वाह भएको हुने।
३. मापदण्डका आधारमा खर्च गर्ने पद्धतिको विकास हुने।
४. निजी शिक्षण संस्थाहरूले सार्वजनिक सेवा, सामाजिक दायित्त्व र सेवामूलक व्यवसायको रूपमा विद्यालय सञ्चालनगरेको हुने।
५. स्रोत व्यवस्थार परिचालनमा समुदाय र गैससहरूसँगको साझेदारी विकासभएको हुने।सबै शिक्षण संस्थाहररूको सामाजिक परीक्षण भएको हुने ।

### ६.६ प्रमुख क्रियाकलाप र लक्ष्य

| क) सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानितबजेट | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष२०८१/08२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यलय कर्मचारी व्यबस्थापन अनुदान | ७७९२ | ८१८२ | ८५९१ | ९०२० | ९४७१ | ४३०५६ | ८६१११ |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | प्रति विद्यार्थी लागत | ० | ० | ० | ० | ० | ० | ० |
| | जम्मा | ७७९२ | ८१८२ | ८५९१ | ९०२० | ९४७१ | ४३०५६ | ८६१११ |
| आधारभुत शिक्षा | | | | | | | | |
| १ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक,राहत अनुदान शिक्षककका लागि तलब भता अनुदान (विशेष शिक्षा परिषद अन्तरगतका शिक्षकह÷कर्मचारीहरु समेत ) | ५६५८१ | ५९४१० | ६२३८१ | ६५५०० | ६८७७५ | ३१२६४६ | ६२५२९१ |
| २ | आधारभूत तहका कक्षा ६ देखि ८ सम्ममा अंग्रेजी, गणित, बिज्ञान, क्षिशान सहयोग अनुदान | १३८४ | १४५३ | १५२६ | १६०२ | १६८२ | ७६४७ | १५२९५ |
| | जम्मा | ५७९६५ | ६०८६३ | ६३९०६ | ६७१०२ | ७०४५७ | ३२०२९३ | ६४०५८६ |
| माध्यमिक शिक्षा | | | | | | | | |
| १ | माध्यमिक तह स्वीकृति दरवन्दी राहात शिक्षक का लागि तलव भत्ता अनुदान विशेष शिक्षा परिषद अन्तर्गत का शिक्षक कर्मचारी प्राविधिक धारका शिक्षक कर्मचारी प्रशिक्षक समेत | १८७३३ | १९६७० | २०६५३ | २१६८६ | २२७७० | १०३५१२ | २०७०२३ |
| २ | माध्यमिक तह कक्षा (९ देखि १०) मा अगे्रजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | ४०४६ | ४२४८ | ४४६१ | ४६८४ | ४९१८ | २२३५७ | ४४७१३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | २२७७९ | २३९१८ | २५११४ | २६३७० | २७६८८ | १२५८६८ | २५१७३७ |
| **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| १ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | १६८५ | १७६९ | १८५८ | १९५१ | २०४८ | ९३११ | १८६२१ |
| २ | विद्यालय शौक्षिक गुणस्तर सुदृढिकरण एवंम कार्य सम्पादनमा आधारित अनुदान | ८८५७ | ९३०० | ९७६५ | १०२५३ | १०७६६ | ४८९४१ | ९७८८१ |
| ३ | शौक्षिक सुशासनको लागि सस्थागत क्षमता विकास, विद्यार्थी परिक्षण मूल्याकंन, शिक्षक मेन्टरिगं तथा विद्यालय सुपरिवेक्षण | ९८० | १०२९ | १०८० | ११३४ | ११९१ | ५४१५ | १०८३० |
| ४ | प्रति विद्यार्थी लगताका आधारमा सिकाई सामाग्री तथा डिजिटल सिकाई सामाग्री व्यवस्थापनका लागि अनुदान | ५०२७ | ५२७८ | ५५४२ | ५८१९ | ६११० | २७७७७ | ५५५५५ |
| | जम्मा | १६५४९ | १७३७६ | १८२४५ | १९१५८ | २०११५ | ९१४४४ | १८२८८७ |
| **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तथा तालिम** | | | | | | | | |
| १ | केन्द्र बाट छनौट भएका नमुना विद्यालय, बिशेष विद्यालयको स्वकृती गुरुयोजना अनुरुप भौतिक विकास पुर्वाधार विकास तथा प्राविधिक धार तर्फ शौक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाई ल्याव व्यवस्थापन अनुदान (कक्षा ११ देखि १२ मा विज्ञान विषय सञ्चालनका लागि समेत) | १०००० | १०५०० | ११०२५ | ११५७६ | १२१५५ | ५५२५६ | ११०५१३ |
| २ | स्थानीय साझेदारीमा विद्यालय भवन निर्माण अनुदान | ५५०० | ५७७५ | ६०६४ | ६३६७ | ६६८५ | ३०३९१ | ६०७८२ |
| **पाठ्यक्रम तथा मूल्याङ्कन** | | | | | | | | |
| १ | सार्वजनिक विद्यालयका विद्यार्थीका लागि निःशुल्क पाठयपुस्तक अनुदान (स्थानीय विषय, मातृभाषा समेत) | ११४१० | ११९८१ | १२५८० | १३२०९ | १३८६९ | ६३०४७ | १२६०९५ |
| | | | | | | | | |
| **दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रम** | | | | | | | | |
| १ | तोकिएको विद्यार्थीलाई दिवा खाजाको लागि विद्यालयलाई अनुदान | २७८१० | २९२०१ | ३०६६१ | ३२१९४ | ३३८०३ | १५३६६८ | ३०७३३६ |
| २ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड व्यवस्थापन | २७८९ | २९२८ | ३०७५ | ३२२९ | ३३९० | १५४११ | ३०८२२ |
| | जम्मा | ३०५९९ | ३२१२९ | ३३७३५ | ३५४२२ | ३७१९३ | १६९०७९ | ३३८१५८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| **छात्रवृत्ति** | | | | | | | | |
| १ | विपन्न लक्षित छात्रवृतिका लागि छनौट भएका (कक्षा ६ देखि १२ मा अध्ययनरत) विद्यार्थीका लागि छात्रवृति | ११४३ | १२०० | १२६० | १३२३ | १३८९ | ६३१६ | १२६३२ |
| २ | सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृति (अवासिय तथा गैर अवासिय) | २३१४ | २४३० | २५५१ | २६७९ | २८१३ | १२७८६ | २५५७३ |
| | जम्मा | ३४५७ | ३६३० | ३८११ | ४००२ | ४२०२ | १९१०२ | ३८२०४ |
| **अनौपचारिक शिक्षा** | | | | | | | | |
| १ | शैक्षिक पँहुच सुनिश्चिता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय, वैकल्पिक विद्यालय, साक्षरता निरन्तर शिक्षा कार्यक्रम समेत) | ७०० | ७३५ | ७७२ | ८१० | ८५१ | ३८६८ | ७७३६ |
| **आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा** | | | | | | | | |
| १ | विपदको समयमा सिकाई निरन्तरताका लागि सिकाई आपुरण तथा द्रुत सिकाई योजना कार्यन्वयन | ५०० | ५२५ | ५५१ | ५७९ | ६०८ | २७६३ | ५५२६ |

**ख) प्रदेशसरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| **आधारभुत शिक्षा** | | | | | | | | |
| १ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |
| २ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |
| ३ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १५० | १५८ | १६५ | १७४ | १८२ | ८२९ | १६५८ |
| ४ | सामुदायिक विद्यालयका छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड ब्यवस्थापन | १४५ | १५२ | १६० | १६८ | १७६ | ८०१ | १६०२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | सार्वजनिक विद्यालयमा विद्यर्थीहरुका लागि छात्रबृत्ति (आवसीय तथा गैरआवसीय ) | २४५ | २५७ | २७० | २८४ | २९८ | १३५४ | २७०८ |
| | जम्मा | १०४० | १०९२ | ११४७ | १२०४ | १२६४ | ५७४७ | ११४९३ |

ग) स्थानीयतहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापका लागि प्राप्त हुने अनुमानित बजेट

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| | बालविकास र शिक्षा | | | | | | | |
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यलय कर्मचारी व्यबस्थापन अनुदान | १२५ | १३१ | १३८ | १४५ | १५२ | ६९१ | १३८१ |
| २ | सहयोगी कार्यकर्ता पारिश्रमिक | ११० | ११६ | १२१ | १२७ | १३४ | ६०८ | १२१६ |
| | जम्मा | २३५ | २४६.७५ | २५९.०९ | २७२.०४२ | २८५.६४४ | १२९८.५२ | २५९७.०५ |
| आधारभुत शिक्षा | | | | | | | | |
| १ | स्थानीय पाठयक्रम बिधयालेलाई सहयोग | ५००० | ५२५० | ५५१३ | ५७८८ | ६०७८ | २७६२८ | ५५२५६ |
| २ | शक्षिक शुसानको लागी सस्थागत क्षमता विकाश विद्यार्थी परिक्षण मुल्याकन शिक्षक मोनेटरिग तथा अनुदान। | १७० | १७९ | १८७ | १९७ | २०७ | ९३९ | १८७९ |
| ३ | प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाई सामग्री तथा डिजिटल व्यवस्थापन अनुदान | १२० | १२६ | १३२ | १३९ | १४६ | ६६३ | १३२६ |
| ४ | आधारभुत तह कक्षा ६–८ मा अंग्रेजी,गणित र बिज्ञान विषयमा शिक्षण सहयोग अनुदान। | १३० | १३७ | १४३ | १५० | १५८ | ७१८ | १४३७ |
| ५ | विपद समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई | १२० | १२६ | १३२ | १३९ | १४६ | ६६३ | १३२६ |
| ६ | शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र शिक्षाका कार्यक्रम समेत ) | ३५० | ३६८ | ३८६ | ४०५ | ४२५ | १९३४ | ३८६८ |
| ७ | सार्वजनिक विद्यालयका विद्यर्थीहरुका लागि निशुल्क पाठयपुस्तक अनुदान | १२०० | १[illegible]६० | [illegible]३ | १३८९ | १४५९ | ६६३१ | १३२६२ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | विपन्न लक्षित छात्रबृत्तिको लागी छनौट भएका (६—१२ ) विद्यर्थीहरुका लागि छात्रबृत्ति | ८०० | ८४० | ८८२ | ९२६ | ९७२ | ४४२१ | ८८४१ |
| ९ | भौतिक पुर्बधर निर्माण | १००० | १००० | १००० | १००० | १००० | १००० | १००० |
| | जम्मा | २८९० | ३०३५ | ३१८६ | ३३४६ | ३५१३ | १५९६९ | ३१९३८ |

**घ) अन्य संघ संस्थाहरुबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्रसं | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | | |
| १ | शैक्षिक सामाग्री वितरण | ४५० | ४७३ | ४९६ | ५२१ | ५४७ | २४८७ | ४९७३ |
| २ | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | २३० | २४२ | २५४ | २६६ | २८० | १२७१ | २५४२ |
| ३ | विपद समयमा सिकाई निरन्तरताक लागि कार्यक्रम सिकाई | १२० | १२६ | १३२ | १३९ | १४६ | ६६३ | १३२६ |
| ४ | शैक्षिक पहुँच सुनिक्ष्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय,वैकल्पिक विद्यालय , साक्षरता र शिक्षाका कार्यक्रम समेत ) | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |
| | जम्मा | ११०० | ११५५ | १२१३ | १२७३ | १३३७ | ६०७८ | १२१५६ |

## ७. अनुगमन तथा मूल्याङ्कन

### ७.१ परिचय

शैक्षिक कार्यक्रमहरूमा स्रोतसाधनको विनियोजन,वितरण,लगानीको प्रवाह,कार्यक्रम कार्यान्वयन प्रक्रिया,शैक्षिक क्रियाकलापहरू कार्यतालिका अनुसार कार्यान्वयन,लक्षित प्रतिफल प्राप्ति जस्ता विषयका बारेमा नियमित वा आवधिक रूपमा निगरानी,निरीक्षण, पुनर्निरीक्षण,पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो। यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ। शैक्षिक कार्यक्रमहरूको औचित्यता,सान्दर्भिकता,उपयुक्तता,दक्षता र प्रभावकारिताको सन्दर्भमा व्यवस्थित र उद्देश्यपूर्ण ढङ्गले जाँचबुझ तथा लेखाजोखा गरी मूल्य प्रदान गर्नु मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतः कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात् पनि गरिन्छ। अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूमा भएको लगानीलाई पारदर्शी, नतिजामुखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन्।

योजना आफैंमा पूर्ण होइन । यसको सफलता र असफलता यसको कार्यान्वयन ले निर्धारण गर्दछ ।बनेका योजना योजनावद्धरुपमा कार्यन्वयन भए मात्र अपेक्षित उपलब्धि प्राप्त हुन्छ ।त्यसैले योजना निर्माणका क्रममा कार्यन्वयन संयन्त्र, अनुगमन प्रक्रिया र मूल्यांकनलाई स्पष्ट पार्नु पर्दछ ।यस नगरका शिक्षा योजनाको कार्यान्वयन संयन्त्र भन्नु नै नगरपालिका, विद्यालय र अन्य सरोकारवाला निकाय हुन् जसको सक्रिय सहभागीताले मात्र योजना सफल हुन्छ ।अनुगमन गर्ने प्रमुख आहार भनेको योजनाले राखेका सुचकहरु उक्त सूचक प्राप्त भए नभएको निरन्तर आन्तरिक र बाह्य अनुगमनको व्यवस्था मिलाइनेछ ।प्रारम्भिक मूल्याङ्कनको आधारमा तयार भएको योजनाको पाँच वर्षमा मध्यावधि मूल्याङ्कन र अन्तमा अन्तिम मूल्यांकन गरिनेछ ।मध्यावधि मूल्यांकनका क्रममा आएका सुझाव, पृष्ठपोषण आधारमा योजना हेरफेर समेत गरिनेछ ।शिक्षा विकास तथा समन्वय इकाई, गाउँ शिक्षा समिति, शिक्षक अभिभावक संघ र शिक्षा सम्बद्ध संघसंस्थाले समन्वय तथा सहजीकरणको कार्य गर्नेछन् ।

### ७.२ वर्तमान अवस्था

शैक्षिक अनुगमन तथा मूल्याङ्कन कार्य संघीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र शिक्षा तथा मानव स्रोत विकास केन्द्र लगायतका निकायहरूबाट, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र प्रदेश शिक्षा विकास निर्देशनालयबाट, जिल्ला स्तरमा शिक्षा विकास तथा समन्वय इकाईबाट र स्थानीय स्तरमा स्थानीय शिक्षा शाखाबाट हुँदै आएको छ। दीगो विकासको शिक्षासम्बन्धी लक्ष्य नं ४ कार्यान्वयनका लागि तयार गरीएको कार्यढाँचा, विद्यालय क्षेत्र विकास योजना, चालु आवधिक योजना, नेपाल सरकारको नीति, कार्यक्रम तथा बजेटका लक्ष्य मापनका लागि विकास गरीएका सूचक, बृन्दावन नगरपालिकाका शिक्षा सम्बन्धि नीति, योजना तथा कार्यक्रमका आधारमा अनुगमन तथा मूल्याङ्कन गरीने गरिएको छ।वार्षिक कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयद्वारा तयार गरिएको कार्यक्रम कार्यान्वयन पुस्तिकामा वार्षिक कार्यक्रमको अनुगमनसम्बन्धी प्रबन्ध गरिएको छ। विद्यालय, विद्यार्थी, शिक्षक, कक्षाकोठा तथा पूर्वाधार सम्बन्धी मुख्य सूचना प्राप्तिको आधारको रूपमा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई लिइएको छ। विद्यार्थीको शैक्षिक उपलब्धि, शिक्षक तथा विद्यार्थीको सामाजिक तथा भाषिक पृष्ठभूमि लगायतको विषयमा पनि तथ्याङ्क सङ्कलनको कार्य शुरू गरिएको छ।

विद्यालय र पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा शैक्षिक योजना निर्माण, कार्यान्वयन तथा समीक्षाको लागि शैक्षिक व्यवस्थापन सूचना प्रणालीको उपयोग गरिएको छ। यसका लागि हाल प्रयोगमा रहेको शैक्षिक सूचना प्रणालीमा सुधार गरी एकीकृत सूचना प्रणालीका माध्यमबाट स्थानीय सरकारले आवश्यक सूचना प्राप्त गर्न सक्ने बनाउनु आवश्यक छ। अनुगमन

तथा मूल्याङ्कनका नतिजाका आधारमा कार्यक्रममा सुधार गर्ने परिपाटीलाई व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ। उल्लिखित विश्लेषणका आधारमा यस योजनामा अनुगमन तथा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ।

### ७.३ चुनौतिहरू

१. शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि स्थानीय मापदण्डको विकास गरि मापनयोग्य सूचकहरूको निर्धारण र निर्माण गर्ने दक्ष जनशक्ति तथा अनुगमनकर्ताको विकास गर्नु।

२. अनुगमनलाई योजनाबद्ध, नियमित र एकरूपता कायम गरी पर्याप्त साधनस्रोतको प्रबन्ध गर्नु।

३. अनुगमन र मूल्याङ्कनबाट प्राप्त पृष्ठपोषणको उपयोग गर्ने पद्धति विकास र अनुगमनको प्रतिवेदन व्यवस्थित गर्नु।

४. शासकीय संरचना फेरिएसँगै विद्यालय निरीक्षण र सुपरीवेक्षणको काम संगठित गर्नु।

५. तीनै तहका सरकारबिच अनुगमन र मूल्याङ्कनमा सहकार्य र समन्वय गरी एकीकृत प्रतिवेदन प्रणालीको विकास गर्नु।

६. सामूहिक अनुगमन तथा मूल्याङ्कन प्रणालीको सुनश्चितता गर्दै यसमा सूचना तथा प्रविधिको उपयोगमा व्यापकता दिनु।

७. अनुगमन तथा मूल्याङ्कन कार्यलाई निष्पक्ष, भरपर्दो र विश्वसनीय बनाउनु।

### ७.४ उद्देश्य

१. प्रभावकारी अनुगमन प्रणाली विकास गर्नु।

२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामुखी बनाउनु।

३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु।

४. योजनाको प्रारम्भदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गर्न सहयोग गर्नु।

### ७.५ रणनीतिहरू

१. अनुगमन तथा मूल्याङ्कनको संयन्त्र निर्माण गरी उपयोग गर्ने

२. अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रविधिको प्रयोग र सञ्जालीकरण गर्ने।

३. शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित स्वचालित बनाउने ।

४. स्थानीय सूचकहरूलाई राष्ट्रिय सूचना प्रणालीमा आवद्ध गर्ने प्रणालीको विकास गर्ने।

५. शिक्षाका सबै कार्यक्रम, योजना, परियोजनाहरुको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन वेभसाइटमा आधारित एकीकृत शैक्षिक सूचना प्रणाली सञ्चालनमा ल्याउने।

६. विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्य सम्पादन परीक्षणलाई व्यवस्थित र नियमित गरीने।

७. सहभागितामूलक र नतिजामुखी अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन गरीने।

८. शैक्षिक योजना तथा कार्यान्वयनहरुको नियमित, आवधिक, मध्यावाधिक र अन्तिम मूल्याङ्कन प्रणाली कायम गर्ने।

९. सिकाइको अनुगमन, सुपरीवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण र प्रतिवेदन प्रणालीको विकास गर्ने .

### ५.४.५ प्रमुख उपलब्धि तथा नतिजा

### क) प्रमुख उपलब्धि

प्रभावकारी अनुगमनको माध्यमबाट योजना कार्यान्वयनका समस्या तथा चुनौतीहरु सम्बोधन गरि अपेक्षित उपलब्धि हासिल हुने र आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त भएको हुने।

### ख) नतिजा

१. अनुगमन तथा मूल्याङ्कनका आधारमा नतिजा सुधार, संस्थागत संरचना र क्षमता विकास, कार्य सम्पादन परीक्षण व्यवस्थित एवम् प्रभावकारी र कार्यक्रमहरुको उपलब्धि तथा प्रभावको आवधिक मूल्याङ्कन हुने ।

### ७.६ अनुगमन तथा मूल्याङ्कनका मुख्य क्रियाकलापहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य १०) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | २ | |
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु अध्यावधिक गर्ने | पटक | १ | ० | ० | ० | ० | १ | २ | |
| ३ | कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने | पटक | ३ | ३ | ४ | ५ | ५ | २० | ५० | |
| ४ | कार्यक्रम कार्यान्वयनको चौमासिक समिक्षा र प्रतिवेदन (बार्षिक/चौमासिक) | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ५/ | |
| ५ | एकीकृत शैक्षिक सूचना व्यवस्थापन पद्धतिमा सूचना अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | विभिन्न कार्यक्रमको आवधिक मूल्याङ्कन गर्ने | पटक | ० | २ | २ | २ | २ | ८ | १८ | |
| ७ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गर्ने | पटक | ० | २ | २ | २ | २ | ८ | १८ | |
| ८ | विद्यालयको लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# सन्दर्भ सामग्रीहरु


- विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०६३), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका लागि स्थानीय पाठ्यक्रम प्रारुप, (२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- विद्यालय शिक्षाका राष्ट्रिय पाठ्यक्रम प्रारुप, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत शिक्षा पाठ्यक्रम, (२०६९), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- आधारभूत तह कक्षा १ देखि ३ सम्मको पाठ्यक्रम, (२०७६), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७५), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७६), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- शैक्षिक स्मारिका (२०७७), शिक्षा तथा मानव स्रोत विकास केन्द्र भक्तपुर
- नेपालको संविधान (२०७२), कानून किताव खाना काठमाडौँ
- शिक्षा सम्बन्धी ऐन नियम तथा राष्ट्रिय शिक्षा नीति (२०७६), कानून कितावखाना काठमाडौँ
- आर्थिक सर्वेक्षण (२०७७), अर्थ मन्त्रालय
- पन्ध्रौँ योजनाको आधारपत्र, सोपान मासिक डिल्लीबजार
- स्थानीय सरकार सञ्चालन ऐन (२०७४), कानून कितावखाना काठमाडौँ
- प्रधानाध्यापक नेतृत्व क्षमता विकास तालिम (२०७४), शैक्षिक जनशक्ति विकास केन्द्र भक्तपुर
- माध्यमिक शिक्षा पाठ्यक्रम(२०७१), पाठ्यक्रम विकास केन्द्र भक्तपुर
- शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय आबद्ध विभिन्न वेभसाइटहरु
- विभिन्न बुलेटिन, पत्रपत्रिका, नीति, निर्देशिका तथा पछिल्ला शैक्षिक तथ्याङ्क
- शिक्षा क्षेत्रको योजना ,(२०७७)**DRAFT,** शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय